# साप्ताहिक

● वर्ष १३ ● अंक ३९ ● काठमाडौं, शुक्रबार, फागुन ३, २०६४ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Feb. 15, 2008 ● पृष्ठ २४ ● मूल्य रु. ८/-





## फेरि अर्को सम्बन्धविच्छेद

चलचित्र क्षेत्रमा सक्रिय नायिकाहरूको वैवाहिक सम्बन्धविच्छेदको लहर चलिरहेका बेला अर्की एउटी नायिका पनि त्यसमा सामेल भएकी छिन् । विशेष गरी सानो पर्दामा स्थापित भैसकेकी र ठूलो पर्दामा जम्ने तर्खरमा रहेकी नायिका सौजन्य सुब्बाको कानुनी रूपमै वैवाहिक सम्बन्धविच्छेद भएको छ । करिब एक दर्जन टेलिश्रृङ्खलामा सफल अभिनेत्रीका रूपमा अभिनय गरिसकेकी सौजन्यले दुई वर्ष अघि सिरोज घिमिरेसँग वैवाहिक सम्बन्ध गाँसेकी थिइन् । 'अब साथै अघि बढ्न नसक्ने भएपछि हामी दुवैले वैवाहिक सम्बन्धविच्छेद गर्ने निर्णय गऱ्यौं,' सौजन्यले साप्ताहिकसँग भनिन्- 'दुई दिनको कानुनी प्रक्रियाबाट हाम्रो दुई वर्षको वैवाहिक सम्बन्ध समाप्त भयो ।' सम्बन्धविच्छेद लगत्तै सौजन्यका श्रीमान सिरोज भने सम्पर्कबाहिर रहेको परिवारस्रोतले बताएको छ ।

झापा लखनपुरमा जन्मिएकी २४ वर्षीया सौजन्यले सिरोजसँग प्रेम-विवाह गरेकी थिइन् । एकै स्थानका भएकाले पहिलेदेखि नै यी दुईबीच राम्रो चिनजान थियो । 'चिनजान पहिलेदेखि भए पनि हाम्रो लभ अफेयर भने एक वर्ष मात्र चल्यो,' सौजन्य भन्छिन्- 'उनले मलाई विद्यालयदेखि नै मन पराएका थिए, मिडियामा नलाग्ने हो भने म सौजन्यसँग विवाह गर्ने थिएँ भनेर परिवारमा कुरा त्यसै बेला कुरा चलाएका पनि थिएँ ।' तर लगत्तै उनी अध्ययनका लागि बिदेसिए । यता सौजन्य एसएलसी दिएलगत्तै अभिनयको क्षेत्रमा सक्रिय भइन् । 'तिमी पुरुष' टेलिश्रृङ्खलाबाट क्यारियर प्रारम्भ गरेकी सौजन्यले 'कसलाई आफ्नो भनूँ' श्रृङ्खलामा काम गर्ने क्रममै सिरोजले विदेशबाट फर्किएर सौजन्यसँग सम्पर्क गरेका थिए । त्यही बेला अर्थात् ०६१ सालमा उनले मसँग प्रेमप्रस्ताव राखे, सौजन्यका अनुसार त्यसबेला भर्खरै क्यारियर विकास भैरहेकाले परिवारले सिरोजको प्रस्ताव अस्वीकार गर्न दबाब दियो, तर सौजन्य उनीसँग लुकेर प्रेम गर्न थालिन् । पछि

बाँकी पृष्ठ ५मा





# बिन्दास पोखरा

● त्रिभुवन पौडेल

आठवटा त ताल नै छन् । मौसम खुलेको बेला, हिउँ नै खेल्न पुगिन्छ झैं देखिन्छ, हिमाल । सफा अनि फराकिलो बाटो । एसियाकै उत्कृष्ट दसमा पर्ने पाँचतारे फूलबारी रिसोर्टदेखि सय रुपैयाँसम्ममा पाइने कोठाका होटल । भट्टीदेखि डिस्को र डान्स रेस्टुराँसम्म अनि क्यासिनो पनि ।

पर्यटकका लागि पोखरामा यति मात्रै ? यो पनि 'इनफ' भएन भने पख्नुस्– गजल जानुस्, दोहोरी पनि टन्नै । बिहान तीन-चार बजेसम्म खुल्ने लेकसाइडको बीजीबीको बारमा बसेर 'ह्याङ्ग' हुनुहोस् । पैसा र पहुँच भए यौनको मजा पनि । सबै ठाउँमा पुग्न गाडीको सुविधा । पालिखेचोकको ह्वाइट हाउस तथा बगरकी सुनीताको सुकुटी 'फेमस' छन् सुकुटी र लोकलका लागि । युवाहरू आलमोन्डस, क्याफे अरोमा, एन्डिज र लेकतिरै रमाउँछन् ।

रात छिप्पिएपछि, क्याफेहरूबाट सुरु हुने यात्रा डान्स रेस्टुराँदेखि डिस्कोथेकसम्म । त्यसपछि कोही बीजीबी क्याफेमा गएर लाइभ रक संगीतको मज्जा लिन्छन् । त्यसो त भीमसेनचोकमै रहेको ओपन हाउसमा पुराना हिन्दी र नेपाली गीत सुनेर नाच्नेहरू पनि कम छैनन् । सरकारी कर्मचारी र उमेर अलि छिप्पिएकाहरू दीपशिखा, दौंतरी, मान्द्रो र भेटघाट दोहोरीमा मच्चिएर नाच्छन् । केही दिनअघि व्यापार मेला र सडक महोत्सवले नचिसिँदै फेरि तातियो पोखरा लेखनाथमा हुने लेखनाथ महोत्सवबाट । नेपालकै सबैभन्दा बढी क्षेत्रफलमा हुने लेकसाइडको सडक महोत्सव ३ लाख दर्शकले हेरे । कमिलाको ताँतीजस्तै थियो दर्शकको भीड न्यू इयर इभको बिहानैसम्म । विशेष गरी युवाहरूले जाडोको फाइदा लिए यसमा । कसरी त ? -गलबन्दी र टोपीले मुहार छोप्यो । रातको अँध्यारोमा चिन्ने कुरा भएन । अनि अँगालो हालेर सडकमै निर्धक्क घुमे ठिटाठिटी । काठमाडौं र विदेशकालाई सामान्य कुरा होला, तर पोखरा त्यति धेरै हट भैसकेको छैन कि प्रेमी-प्रेमीका खुल्लमखुला अँगालो हालेर हिंडून् ।

पोखराबाटै जान सकिन्छ पदयात्रामा । धम्पुस, घान्द्रुक, सिक्लेस आदि गाउँका बासिन्दाहरू पनि हुन्छन् पर्यटकको पर्खाइमा । लोकल कुखुरा र प्योर कोदाको रक्सीदेखि आजकाल त बियरसमेत । तपाईंलाई लाग्ला, जाँड खाने मात्रै कुरा भयो । अहिले नै यति धेरै सोच्नुभयो भने हतार हुन्छ । कुनै बेला विद्यार्थी राजनीतिमा चर्चित रहेका एमाले कास्कीको सचिव रवीन्द्र अधिकारी भन्छन्- 'पोखरामा पाइला पाइलामा पर्यटनको सम्भावना छ ।'

'पोखरा रमाइलोका लागि मात्रै होइन,' पोखराका युवा कवि सुरेश रानाभाट भन्छन्- 'सांस्कृतिक पर्यटनका हिसाबले पनि एउटा गतिलो गन्तव्य हो ।' रानाभाटका अनुसार 'संस्कृतिका बारेमा अध्ययन गर्नु छ ? आउनुहोस्, यही हो लेखनाथको जन्म थलो । धर्मराज थापाको हो.. हो... माले हो....... हो......गुञ्जिएको पोखराबाटै हो । सेती गल्छी हेरेर जोकसैलाई कविता फुर्न सक्छ ।' पर्यटकका लागि चाहिने यति धेरै कुरा । द्वन्द्वकालमा सुस्ताएको पोखराको पर्यटन व्यवसाय अहिले पुनः सक्रिय हुन थालेको छ ।

अफ सिजन भए पनि, पोखराको लेकसाइडमा पर्यटनको राम्रै जमघट छ । क्षेत्रीय होटल संघ (हान) पोखराका प्रथम उपाध्यक्ष विप्लव पौडेल भन्छन्- 'देशको अवस्था सुध्रिए पर्यटक बढ्छन्, त्यसैको संकेत हो यो ।'

पछिल्लो क्रममा द्वन्द्व कालमा करिब चार वर्ष बन्द रहेको बेगनास रिसोर्ट पनि खुल्यो लोकतन्त्र आएपछि । व्यवस्थापनअनुसार गएको सिजनमा रिसोर्टको 'अकुपेन्सी' फूल थियो । अहिले पनि राम्रै छ । बन्द भएको ब्लु बर्ड केही महिनाअघि ग्र्यान्ड होटलको नाममा चलेपछि त्यसले राम्रै व्यापार गरिरहेको छ । पर्यटनमा आशा पलाएको छ, तर बन्द र हड्ताल हुन छाडेको छैन, हानका उपाध्यक्ष पौडेलले गम्भिर हुँदै भने- 'लोकतन्त्रका लागि हामी पनि कर्फ्यु तोडेर आन्दोलनमा लाग्यौं । कमसेकम अब संविधानसभाको चुनावसम्म बन्द-हड्ताल नभइदिए हुन्थ्यो ।'

बर्सेनि प्याराग्लाइडिङ प्रतियोगिता, सडक तथा नयाँ वर्ष महोत्सवलगायतका कार्यक्रम । ती पनि सहयोगी छन् आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन । गोरो छालालाई मात्र होइन, नेपालीलाई पनि पर्यटक मान्न थालेका छन् व्यवसायीहरू । फूलबारी, साँग्रिला, फिस्टेल, बाराहीजस्ता तारे होटलहरू अब आशामा छन् राम्रो राजनैतिक वातावरणको । पर्यटन कार्यालय पोखराका अनुसार सन्

पृष्ठ ३ मा जारी




श्रमिका

पृष्ठ ४ मा



प्रेमका कुरा

पृष्ठ २१ मा




मध्यपृष्ठमा निखिल र अरुणिमा

## क्यासेट

### मह २५ वर्ष एमपीथ्री




हास्यकलाकारद्वय मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यका अहिलेसम्मका हास्यप्रहसनहरू समावेश भएको एमपीथ्री संग्रह 'मह २५ वर्ष एमपीथ्री' बजारमा उपलब्ध छ। म्युजिक नेपालले बजारमा ल्याएको यो संग्रहमा बैंकेश्वर, यमलोक, प्यारालाइसिस, गाउँखाने प्रतियोगिता, श्राद्ध, पिकनिक, विज्ञापन, नेपाल बन्द, महदोहोरी, लन्डन एयरपोर्ट लगायत ३४ वटा प्रहसन समावेश छन्।

### अन द वे




गायकद्वय पुरण र प्रदीप बाँस्तोलाको एकल गीति संग्रह 'अन द वे' श्रोतामाझ आएको छ। अन्य साथीहरूसमेत सम्मिलित ब्याकअप ब्याण्डको पनि संलग्नता रहेको यो संग्रहलाई युनाइटेड म्युजिक प्रा.लि.ले बजारमा ल्याएको हो। संग्रहमा शब्द तथा संगीत पुरण बाँस्तोला, प्रदीप बाँस्तोलाको नै छ।

### एभरग्रिन




गायक डेनी लामाको एकल गीतिसंग्रह 'एभरग्रीन' श्रोतामाझ आएको छ। राइट बेस्ट एप्रोच, फिल्म एण्ड रिसर्च सेन्टरले बजारमा ल्याएको यो संग्रहमा आठवटा गीत समावेश छन्। संग्रहमा शब्द तथा संगीत डेनी लामा र राजेश थापाको छ। संग्रहमा गायिका प्रीति कौरले फिचरिङ गरेकी छिन्।

## रंगमञ्च

प्राध्यापक संजीव उप्रेतीद्वारा लिखित उपन्यास 'घनचक्कर' लाई नाट्य समूह आरोहण गुरुकुलले मञ्चन गरिरहेको छ। गत माघ ९ गतेदेखि पुरानो बानेश्वरस्थित रिमाल थियटरमा मञ्चन भैरहेको उक्त नाटक देशको पागलपन र त्यसले असर गर्ने व्यक्तिको पागलपनमा आधारित छ। घनचक्कर नाटक संस्करणमा सलिल सुवेदी, निशा शर्मा, विजय विस्फोट, दिलभूषण पाठकका साथै गुरुकुलका अन्य कलाकारहरूले अभिनय गरेका छन्। निर्देशक सुनिल पोखरेलका अनुसार यो नाटकलाई चैत २ गतेसम्म मञ्चन गरिनेछ।

## ग्यालरी

-कलाकार तथा कला समीक्षक प्राध्यापक सुरेन्द्रराज भट्टराईको गत साता ५३ वर्षको उमेरमा निधन भयो। पेटसम्बन्धी रोगबाट ग्रसित भट्टराई भारतको बनारस विश्वविद्यालयबाट ललितकला विषयमा स्नातकोत्तर तहमा गोल्डमेडालिस्ट थिए। करिब डेढ दशकयता ललितकला क्षेत्रमा सक्रिय भट्टराईले २ वटा एकल चित्रकला र ५० वटा सामूहिक चित्रकलामा सहभागिता जनाएका थिए। भट्टराई ललितकला क्याम्पस चित्रकला विभागिय प्रमुख पनि थिए।

-बालबालिकाको सीप र कला प्रस्फुटन गराउने उद्देश्यले स्पाइनी ब्याबलरले गत शनिबार चित्रकला प्रदर्शनीको आयोजना गर्‍यो। कार्यक्रममा स्पाइनी ब्याबलरले आफ्नो प्रारम्भदेखि अहिलेसम्मका चित्रलाई प्रदर्शनीमा राखेको थियो। विन्टर क्याम्पको समयमा ४ देखि १४ वर्ष उमेरका बालबालिकाले कोरेका चित्र प्रदर्शनीमा राखिएको थियो।

-ललितपुर ज्यापु समाजले कला-संस्कृतिको प्रबर्द्धन गर्ने उद्देश्यले गत शनिबार चित्रकला प्रतियोगिताको आयोजना गर्‍यो। प्रतियोगितामा २० विद्यालयका ६५ विद्यार्थी सहभागी थिए। प्रतियोगितामा अन्नपूर्ण उच्च मा.वि.का ध्रुव सुनुवार, एभीएमका मन्दी अवाले र संरचना मा.वि.की नीलम श्रेष्ठ क्रमशः पहिलो, दोस्रो तथा तेस्रो भएका थिए।

## पुस्तक

### हाइकु र हाइजिन

छोटा जापानी मुक्तकलाई विश्वसाहित्यमा हाइकु तथा हाइकुका रचनाकारलाई हाइजिन भनिन्छ। अहिले नेपालमा पनि हाइकु रचनाले बिस्तारै लोकप्रियता पाउन थालेको छ। हाइकु के हो ? र हाइजिन कसलाई भन्ने ? भन्ने विषयमा जापानी साहित्यमा विशेष दखल राख्दै आएका कवि क्षेत्रप्रताप अधिकारीले एउटा पुस्तक नै सार्वजनिक गरेका छन्। प्रस्तुत पुस्तकमा जापानको हाइकु परम्परा, उक्त परम्परामा हुर्किएका हाइजिनहरूका बारेमा संक्षिप्त चर्चा गर्दै नेपाली हाइजिनहरूका हाइकु पनि समेटिएको छ। ७४+१२ पृष्ठमा फैलिएको यो पुस्तकलाई अक्षर प्रकाशनले प्रकाशमा ल्याएको हो। पुस्तकको मूल्य ५० रुपैयाँ छ।

### आर्थिक वर्ष पुस्तक

बजार डटकम प्रा.लि.ले सार्वजनिक गरेको 'आर्थिक वर्ष पुस्तक' नेपालका लागि आफ्नै किसिमको पहिलो पुस्तक हो। यो पुस्तकले मुलुकको आर्थिक गतिविधि नियाल्न चाहने आमपाठकलाई सजिलो बनाइदिएको छ। पुस्तकले सबै किसिमका आर्थिक गतिविधिलाई समेट्ने जमर्को गरेको छ। खासगरी मुलुकको अर्थतन्त्रले कस्तो बाटो रोजेको छ भन्ने कुरा यो पुस्तकमा समेटिएको छ। २ सय ९९ रुपैयाँमा उपलब्ध यो पुस्तक सबैका लागि उपयोगी देखिन्छ।

### नानीका कथाको किताब

सम्पादक ज्ञान उदासले स-साना नानीहरूका लागि आठवटा बालकथाको संग्रह 'नानीका कथाको किताब' सार्वजनिक गरेका छन्। रत्न पुस्तक भण्डारद्वारा प्रकाशित यो पुस्तकले बालमनोविज्ञानलाई केलाउँदै बालबालिकाहरूका लागि सहज र सरल भाषामा लेखिएका कथाहरूलाई समेटेको छ। पुस्तकको मूल्य ४५ रुपैयाँ छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

अरूको मन जित्न सकिनेछ। काममा सफलता मिल्नेछ। भेटघाटमा प्रसन्नता बढ्नेछ। मनोरञ्जनमा रमाउने अवसर जुट्नेछ। व्यवसायमा सफलता हात लाग्नेछ। अध्ययनमा सोचेजस्तै सफलता पाइनेछ। धन आर्जन हुनसक्छ। मित्र तथा परिवारजनबाट चाहिएको सहयोग हासिल होला। पहिलो भेटमै प्रभावित हुनेहरूले सहयोगका लागि तत्परता देखाउनेछन्।

### सिंह

मानसम्मान बढ्नेछ। नोकरीमा सफलता मिल्नेछ। राजनीतिमा गुमेको स्थान फर्काउन सकिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। शत्रु बढ्ने भएकाले संयम अपनाउनुपर्ने बेला छ। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा विचार पुर्‍याउनुहोला। ठूला व्यक्तिले तपाईंको प्रशंसा गर्नेछन्।

### धनु

शत्रुसित कडा प्रतिस्पर्धा गर्नुपर्ला। काममा उतारचढाव आउनेछ। स्वास्थ्य गडबड रहने तथा चिन्ता बढ्ने योग छ। अध्ययनमा अवरोध आउने एवं बुद्धिले विपरीत बाटो लिने सम्भावना छ। शनिबार, आइतबार, सोमबार तथा बिहीबार काममा सफलता मिल्ने, लाभदायी यात्रा हुने एवं प्रसन्नता बढ्ने योग छ।

### वृष

मानसम्मान पाइने योग छ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। अरूको विश्वास सजिलै जित्न सकिनेछ। व्यवसायमा सुधार आउनेछ। जोस एवं जाँगर बढ्नेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता मिल्नेछ। बोलीको प्रभाव बढ्नेछ। आफन्तहरूको सहयोगमा सुधार आउला। नयाँ काम पाइने सम्भावना छ।

### कन्या

धर्मकर्ममा मन जानेछ। काममा सफलता मिल्नेछ। नोकरीमा सोचेजस्तै सफलता हासिल हुनेछ। राजनीतिमा तपाईंको वर्चस्व बढ्नेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता प्राप्त होला। धन आर्जन गर्ने अवसर पनि जुट्नेछ। पराक्रम बढ्ने तथा यात्रा हुने योग छ। बिहीबार खर्च एवं विवादले सताउन सक्छ।

### मकर

सोच्ने शक्ति एवं धार्मिक कार्यमा रुचि बढ्नेछ। अध्ययनमा सफलता पाइनेछ। यात्रा हुने योग छ। अरूबाट सहयोग पनि पाउनुहोला। भाग्यले साथ दिनेछ। ठूला व्यक्तिले तपाईंको प्रशंसा गर्नेछन्। आइतबार तथा बिहीबार शत्रु बढ्ने, स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ। खर्च अलि बढी नै होला।

### मिथुन

सुरुमा खर्च एवं विवाद बढ्नेछ। मन चिन्तित रहन सक्छ। स्वास्थ्य गडबड हुने देखिन्छ। आफन्तहरूको असहयोगले मन दुःखी रहनेछ। झूटा आरोप अनि शरीरमा चोटपटक लाग्न सक्छ। व्यवसाय तथा यात्रामा पाइने सफलता कायमै रहला। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। काम गर्दा संयम अपनाउनुहोला।

### तुला

स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। शरीरमा चोटपटक लाग्न सक्ने देखिन्छ। आइतबारदेखि भाग्यले साथ दिन थाल्नेछ। धर्ममा रुचि बढ्नेछ। अध्ययनमा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्।

### कुम्भ

आफन्तहरूले ढिलै भए पनि कुरा बुझ्नेछन्। प्रसन्नता एवं बोलीको प्रभाव बढ्नेछ। अध्ययनमा सुधार आउनेछ। यात्रा हुने बलियो सम्भावना छ। आम्दानी पनि भैरहला। शत्रुबाट सजग रहनुहोला। स्वास्थ्यको ख्याल गनुपर्ने बेला छ। सफलताका लागि गोपनियता अपनाउनु आवश्यक देखिन्छ।

### कर्कट

समय अनुकूल भए पनि काममा सफलता पाउन प्रतिस्पर्धा गर्नुपर्नेछ। खर्च बढे पनि प्रशस्तै आम्दानी हुने देखिन्छ। अध्ययनमा हासिल हुने सफलता कायमै रहनेछ। यात्रा गर्ने अवसर जुट्नेछ। मानसम्मान पनि पाइएला। आइतबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

### वृश्चिक

व्यवसायमा सफलता हासिल हुनेछ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। पहिलो भेटमै अरूको विश्वास जित्नुहोला। पराक्रमका साथै आम्दानी पनि बढ्नेछ। धेरै काममा सफलता पाइनेछ। आइतबार तथा सोमबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्।

### मीन

पराक्रम बढ्नेछ। अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने सम्भावना छ। आफन्तहरूको सहयोग जुट्नेछ। अरूलाई विश्वास दिलाउन सकिनेछ। शत्रुसित प्रतिस्पर्धा गर्नुर्ने देखिन्छ। मानसम्मान पाइने योग छ। तपाईंको लगनशीलता एवं इमानदारीको प्रशंसा हुनेछ।

### यो साताको पञ्चाङ्ग

फागुन ५ गते : एकादशी, ७ गते : राष्ट्रिय प्रजातन्त्र दिवस, ९ गते पूर्णिमा, स्वस्थानी व्रत समाप्ति

## साता संक्षेप

**माघ २५ गते शुक्रबार**

• भारतमा मिर्गौला अवैध व्यापार गरेको अभियोग लागेका डा. अमितकुमार नेपाल प्रहरीद्वारा चितवनमा पक्राउ।

• पूर्वी तराईमा संविधानसभा निर्वाचन सम्भव भएको अनमिनको ठहर।

• नर्वेका प्रधानमन्त्री जेम्स स्टोल्टेन्वर्ग दुई दिने नेपाल भ्रमणमा।

**माघ २६ गते शनिबार**

• एसियाली विकास बैंकद्वारा मेलम्ची आयोजनालाई नौ अर्ब रुपैयाँ स्वीकृत।

**माघ २७ गते आइतबार**

• मृगौलाको व्यापार गरेको अभियोगमा पक्राउ परेका डा. अमितकुमार भारतलाई सुपुर्दगी।

• निर्वाचन आयोगद्वारा राजनैतिक दलहरूलाई भित्तेलेखन र तुल-ब्यानर रोक्न आग्रह।

• तराईमा संघर्षरत तराई मधेस लोकतान्त्रिक पार्टी, मधेसी जन अधिकार फोरम र राजेन्द्र महतो पक्षीय नेपाल सद्भावना पार्टीको संयुक्त मोर्चा गठन। मोर्चाद्वारा ६ बुँदे माग प्रस्तुत गर्दै फागुन १ गतेदेखि मधेस आन्दोलनको घोषणा।

• माओवादीको संयुक्त क्रान्तिकारी जनपरिषद् ब्युँताउने निर्णय शान्ति सम्झौता विपरीत रहेको अनमिनको ठहर।

**माघ २८ गते सोमबार**

• सरकारद्वारा नेपाली सेना र राज्यका सबै सार्वजनिक संस्थानहरूमा मधेसीलगायत सबै अल्पसंख्यक समुदायलाई आरक्षण दिने निर्णय।

• प्रसिद्ध हास्य कलाकार गोपालराज मैनालीको ६५ वर्षको उमेरमा निधन।

• राष्ट्रिय जनशक्ति पार्टीकी सांसद तथा केन्द्रीय सदस्य रेणु यादवद्वारा अन्तरिम व्यवस्थापिका तथा पार्टी दुवैबाट राजीनामा। मधेसी जन अधिकार फोरममा प्रवेश।

• सरकारद्वारा संविधानसभा निर्वाचनसम्बन्धी उजुरीहरूको सुनुवाइ गर्न संविधानसभा अदालत गठन।

• नेपाल विद्युत् प्राधिकरणद्वारा डेढ अर्ब रुपैयाँ बराबरको ऊर्जा ऋणपत्र जारी।

**माघ २९ गते मंगलबार**

• नेपाल विद्युत् प्राधिकरणद्वारा वि.सं. २०७० सालसम्मको विद्युत् लोडसेडिङ तालिका सार्वजनिक।

• कर्मचारी सञ्चय कोषको २ अर्ब ४३ करोड रुपैयाँ बराबरको ऋण लगानी डुब्ने अवस्थामा रहेको प्रतिवेदन सार्वजनिक।

• सरकारद्वारा पूर्व-राज्यमन्त्री दिलेन्द्रप्रसाद बडुमाथि भएको आक्रमण र राजधानीका वाईसीएल कार्यालयहरूमा गरिएको प्रहरी छापा सम्बन्धमा छानविन गर्न समिति गठन।

• टेलिकमको सेयर ग्राहकलाई दिन नसकिने अर्थ मन्त्रालयको स्पष्टोक्ति।

• निर्वाचन आयोगद्वारा संविधानसभाको प्रयोजनका लागि समानुपातिक निर्वाचन प्रणालीअन्तर्गतको कार्यतालिका सार्वजनिक।

• गणित शिक्षक केशवदेव भट्टराईको ९६ वर्षको उमेरमा निधन।

**फागुन १ गते बुधबार**

• काठमाडौं उपत्यकाको खानेपानी व्यवस्थापनको जिम्मा काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई हस्तान्तरण।

• नेपालको वस्तुस्थिति बुझ्न भारतको सत्तारुढ राष्ट्रिय कांग्रेसको विशेष प्रतिनिधिमण्डल राजधानीमा।

• नेपाल टेलिकमद्वारा मोबाइल टेलिफोन सेवाको महसुल दर कटौती।

• सरकारद्वारा तराईमा आन्दोलनरत विभिन्न समूहहरूलाई वार्तामा आउन औपचारिक आह्वान।

# बिन्दास पोखरा

**पृष्ठ १ बाट जारी**

२००५ मा पोखरामा ७३ हजार पर्यटक भित्रिए। सन् ०७ मा त्यो संख्या पुग्यो १ लाखको हाराहारीमा।

शिक्षा र स्वास्थ्य नि ? त्यसमा पनि उत्तिकै अगाडि। डाक्टर बन्ने हो भने मणिपाल कलेज। पोखरा विश्वविद्यालय त भैहाल्यो। देशमै धेरै विद्यार्थी पढ्ने पृथ्वीनारायण क्याम्पस र ए लेभल, नर्सिङ, होटल म्यानेजमेन्टजस्ता विषयमा अध्यापनसमेत यहाँ हुन्छ। मणिपाल शिक्षण अस्पतालले पनि यहाँको पर्यटनमा सघाउ पुऱ्याएको छ।

पोखरा आउने धेरै पर्यटक भारतका हुन्छन्। त्यसपछि अमेरिकी, कोरियन, जापानी चाइनिज, बेलायती, इटलियन र इजरायली लगभग उस्तै।

'इजरायलीहरू धेरै खर्च गर्दैनन्,' -एक पर्यटन व्यवसायी भन्छन्- 'वेटर त इजरायली रेस्टुराँमा आए भने मेनु पनि ढिलो लैजान्छन्।' कारण नि,' उनले थपे– 'कसै-कसैले त होटलमा आएर दुईवटा कोक खाए भने उस्तै परे, बोतल झोलामा लुकाएर एउटा मात्रै खाएको हो भन्छन्।'

पर्यटन व्यवसायीहरूका अनुसार यहाँ हरेक स्तरका पर्यटक आउँछन्। एउटा भक्कु पाउरोटीमा छाक टार्नेदेखि लिएर पाँचतारे होटलमा बस्नेसम्म हैसियत भएका। यसले के देखाउँछ भने नेपाल थाहा पाएका पर्यटकका लागि पोखरा सपनाको सहर हो। किन नहोस्, आँखा खोलेर आँखा नचिम्लियुन्जेल हिमालैहिमाल। 'आफूले सोचेजस्तो खाना नभए पनि सुतेको होटलको बेडबाटै हिमाल देखिने ठाउँ।' अमेरिकी पर्यटक एन्ड्र्यु हक भन्छन्।

२१ दिने अन्नपूर्ण चक्रिय पदयात्रामार्गमा जान अल्छी मान्ने पर्यटकहरूलाई पनि यहाँ एकदिने हाईकिङ प्याकेज दिन सकिन्छ। जस्तो कि छोरेपाटनबाट अनदुडाँडामा रहेको विश्वशान्ति स्तूप हुँदै लेकसाइड निस्कने। वेगनासबाट कोटवारी, सुन्दरीडाँडा कालिकाचोकबाट ठूलाकोट, खोलाको छेउबाट रूपकोट आदि स्थान एक दिने हाईकिङ् स्पट हुन्।

सायद यिनै कुराले होला धेरै नेपालीको बिदा मनाउने थलो पोखरा भएको छ। मन्त्रीहरूसमेत पोखराका कार्यक्रममा आउँदा बढी खुसी हुन्छन्। खुसुक्क पोखरा आएर रमाइलो गरी जाने देशका उच्च तहका व्यक्तिहरू पनि थुप्रै छन्। यद्यपि प्रहरीका उच्च अधिकारी, गृहमन्त्रालय वा पहुँचवाला व्यक्ति आए भने त्यसको दुःख वडाप्रहरी कार्यालयका प्रहरीले पाउनुपर्छ। किनभने आदेशअनुसार जोहो गर्ने काम उनीहरूकै हो।

खेल पर्यटनमा पनि कम छैन पोखरा। दुईवटा त गल्फ कोर्स नै छ। हालै सम्पन्न आहा गोल्डकपले फुटबलका फ्यानहरूलाई आनन्द दिलायो। पोखराकै अनिल अधिकारी, वसन्त गौचन, बिसन गौचन, चन्द्र गुरुङहरूले काठमाडौंका क्लबमार्फत फुटबलमा तहल्का मच्चाइरहेका छन्। कुनै नै कुनै प्रतियोगिताले गर्दा पोखरा रंगशालाले कमै विश्राम पाउँछ। बिहान पुग्नोस् रंगशाला। हुस..... हुस .....गर्दै कराँते, तेक्वान्दो र उसु सिक्नेहरूको पनि त्यस्तै भीड।

## संविधानसभा व्यक्ति-अभिव्यक्ति

संविधानसभा निर्वाचन नजिकिएको समयमा स्थानीय निकायमा संयन्त्र बनाउने कुरामा अलमलिनु हुँदैन । किनभने यहाँ दुई-चारवटा युनिट होइन, स्थानीय निकाय भन्नेबित्तिकै ७५ जिल्ला, ५८ नगरपालिका, ३ हजार ९ सय १५ गाविसमा प्रतिनिधि नियुक्त गर्ने कुरा छ । हरेक स्थानका बारेमा सोचेर निर्णय गर्नुपर्ने भएकाले यसका लागि समय लाग्छ । ती हरेक निर्णय स्थानीय विकास मन्त्रालयमा आइपुग्नुपर्छ । मन्त्रालयले ती हरेकको नियुक्तिपत्र मन्त्रालयबाट पठाउनुपर्छ । यी सबै काम गर्दा संविधानसभाको निर्वाचन नै सकिन्छ । यदि संविधानसभा निर्वाचनमा स्थानीय बुथ बनाउन जनप्रतिनिधि आवश्यक पर्छ भन्ने तर्क हो भने यो निर्वाचन प्रभावित पार्ने उद्देश्य हो ।

**राजेन्द्रप्रसाद पाण्डे, नेता, नेकपा (एमाले)**

म यसपालि निर्वाचनको सन्दर्भमा गाउँ-गाउँ पुगेर फर्किएँ । मेरा अघि कसैले पनि हामी निर्वाचनका लागि इच्छुक छैन भनेनन् । जनता भोट दिन आतुर छन् । जनताको यो उत्साहविपरीत सरकार जान्छ भन्ने मलाई लाग्दैन । यदि यसपालि पनि संविधानसभाको निर्वाचन सर्‍यो भने जनताको प्रेसर थामिनसक्नु हुन्छ । यदि तराईलाई हेरेर संविधानसभा हुन सक्दैन भन्यो भने तराई मात्र देश होइन । अर्को कुरा, तराईका संघर्षरत शक्तिसँग सरकारले पत्राचार गरिसकेको छ, वार्ता पनि हुँदैछ । त्यसैले पनि संविधानसभा सार्ने कुरा गर्नु हुँदैन ।

**डीना उपाध्याय, जलश्रोत राज्यमन्त्री**

अहिले संविधानसभाका लागि मधेसलाई प्रयोग गर्न भारतीय पक्षले ठूलो लगानी गरेको छ । केवल मधेस शब्दको प्रयोगका लागि यति ठूलो खर्च गर्नुको उद्देश्य बुझ्निनसक्नु छ । सुगौली सन्धिमा स्पष्ट रूपमा मधेसलाई तराई भनिएको छ । तराईमा अनियमित रूपमा नागरिकता बाँडिनु, आप्रावासीहरूले धमाधम नागरिकता लिनुले यसमा शंका उब्जिएको हो । नागरिकता पाएपछि उनीहरूले जनसङ्ख्याका आधारमा निर्वाचनक्षेत्रको घोषणा गर्न दबाब दिए । यसबाट उनीहरू आप्रवासीहरूको सङ्ख्या बढाएर नयाँ चालबाजी गर्दैछन् । पार्टीहरूले बुद्धिमतापूर्वक उम्मेदवार उठाएको अवस्थामा संविधानसभाले सही परिणाम दिन सक्छ । होइन भने राष्ट्रियता खतरामा पर्ने सम्भावना छ ।

**माधवकुमार नेपाल, महासचिव, नेकपा (एमाले)**

संविधानसभा निर्वाचनमा कसैले स्वायत्तताको नारा दिए भन्दैमा आत्तिनुपर्ने कारण छैन । त्यही नाराका कारण राष्ट्र विखण्डनको अवस्थामा पुग्छ भन्ने पनि छैन, तर अहिले तराईमा मधेसी भावनाका नाममा समग्र मधेस एक प्रदेशको अवधारणा अगाडि सारिएको छ । त्योचाहिँ गलत मात्र होइन, षड्यन्त्र मिसिएको नारा हो । यो अवधारणा भारतीय डिजाइनबाट आएको सबैले बुझ्न सक्छ । रणनीतिक रूपमा तराई महत्त्वपूर्ण क्षेत्र भएकाले यसमा सबैले खेल्न खोजेका छन् । सरकार यसतर्फ सचेत हुनुपर्छ ।

**सरस्वती चौधरी, सांसद, नेकपा (माओवादी)**

अहिले स्वार्थ मिलेका कारण तराईका सशस्त्र तथा निःसस्त्र समूहहरूमा कार्यगत एकता भएको छ, तर यिनीहरू दीर्घकालीन सम्बन्ध राख्ने स्वभावका होइनन् । सशस्त्र समूहसँग कुनै दर्शन, विचार वा योजना छैन । उनीहरू अरूका भरिया बनिरहेका कारण महन्त ठाकुरजस्ता सैद्धान्तिक मानिस त्यस्ता समूहसँग दीर्घकालसम्म मिलेर जान सम्भव छैन । अहिले दुवै समूह संविधानसभा टार्न एक-अर्काका पूरक बनिरहेका छन् । जुन दिन त्यो स्वार्थमा धक्का लाग्छ, दुवै थरी छुट्टिन्छन् ।

**रामप्रीत पासवान, पूर्व राष्ट्रिय उपाध्यक्ष**

मेधसका समस्याहरू संविधानसभाले मात्र समाधान गर्न सक्छ भन्ने कुरामा मधेसका धेरैजसो नेता सहमत छन्, तर सात दललाई जुन कुरा महत्त्व लाग्छ, त्यो संविधानसभाअघि नै पूरा हुने अनि सात दलबाहिरका शक्तिहरूको माग भने संविधानसभापछि हुन्छ भन्ने आश्वासन देखाउने प्रवृत्ति नै मधेस आन्दोलनको चुरो हो । अहिले मधेसले उठाएका सबै कुरा संविधानसभापछि समाधान गर्न सकिन्छ, तर त्यसका लागि किन संविधानसभा कुरिरहने ? संविधानसभापछि मधेसका माग पूरा गरिन्छन् भन्ने के ग्यारेन्टी भन्ने आधारमा अहिले मधेस आन्दोलित भएको हो । सात दलले खोजेको कुरा संविधानसभाअघि नै पूरा हुने, अनि सात दलबाहिरका शक्तिहरूले चाहिँ संविधानसभा कुर्नुपर्ने ? यही नै मधेस आन्दोलनको कारण हो ।

**शरद्सिंह भण्डारी, सांसद, नेपाली कांग्रेस**

## फेरि अर्को सम्बन्धविच्छेद



**पृष्ठ १ बाट जारी**

घरमा यो कुरा थाहा पाएपछि सौजन्य र सिरोजले विवाह गर्ने निर्णय गरे । ०६२ सालको दसैंको फूलपातीको दिन उनीहरूको विवाह भयो ।

'विवाहको पहिलो एक वर्ष अत्यन्तै रमाइलोसँग बित्यो,' उनी सम्झन्छिन्- 'त्यसपछि विभिन्न किसिमका मानसिक तनाव बढ्दै गए, परिवारका अन्य सदस्यले मेरो अभिनययात्रामा सहयोगी भावना देखाए पनि श्रीमान्को संकुचित धारणाका कारण मलाई काम गर्न गाह्रो भैरहेको थियो ।' एकाएक व्यस्त हुन थालेकी नायिकाले घरपरिवारका कार्यक्रममा समेत जान भ्याउन छोडेपछि श्रीमान् उनीसँग रुष्ट बनेका थिए । सिरोज सौजन्यलाई कलाकारिताको क्षेत्रमा सक्रिय भएको देख्न नचाहने र सौजन्य बोली फुटेदेखि नै रहर लागेको यो क्षेत्रलाई छोड्न नसक्ने भएपछि यो जोडीको दाम्पत्य जीवन खतरामा परेको बताइन्छ ।

सम्बन्धविच्छेद हुनुअघि सिरोजले सम्बन्ध निरन्तरताका लागि सौजन्यसमक्ष दुईवटा विकल्प चलचित्र क्षेत्र छोड्ने वा विदेश जाने प्रस्ताव गरेका थिए । त्यसो नभए उनले तेस्रो प्रस्ताव सम्बन्ध विच्छेदको राखेका थिए । सौजन्यले भनिन्- 'मैले अगाडिका दुवै विकल्पलाई अस्वीकार गरेपछि हामीबीच सम्बन्धविच्छेदबाहेकको बाटो थिएन ।'

गत भदौदेखि यो जोडीबीचको खटपटले तीव्रता पाएको थियो । त्यसबेला पनि हामीबीच नराम्रो व्यवहार हुँदैनथ्यो, मानसिक रूपमा दुवै तनावमा हुन्थ्यौं, सौजन्यले भनिन्- 'एक दिन अलग बसौं भन्ने निर्णय गरेर दुवैले एक-अर्काका लागि कोठा खोज्यौं र पछि फेरि कानुनी रूपमै सम्बन्धविच्छेदको प्रक्रिया अघि बढाउने निर्णय गर्‍यौं ।' विवाह भएको दुई वर्ष बिते पनि यी जोडीले कुनै सन्तान जन्माएका थिएनन् । आपसी सहमति भएकाले नै सन्तान नजन्माएको सौजन्य बताउँछिन् । विगतको दाम्पत्य जीवनप्रति कुनै पश्चात्ताप नभएको बताउने सौजन्य सम्बन्धविच्छेदपछि मानसिक रूपमा मुक्ति पाएको उल्लेख गर्छिन् । सौजन्य अहिले सिरोज र उनको परिवारप्रति कुनै गुनासो नरहेको बताउँछिन् । आफ्नो चरित्रमाथि श्रीमान्ले पनि कुनै आरोप नलाएको सौजन्य बताउँछिन् । यद्यपि सिरोजले उनीमाथि सामान्य शंका भने गर्ने गरेका थिए । गत भदौदेखि मात्र सरकारी सेवामा प्रवेश गरेका सिरोज त्यसअघि बेरोजगार भएकाले पनि यी दुईबीच इगो बढ्दै गएको थियो । ठूलो पर्दाका चलचित्र 'तस्बिर', 'जंगे' र 'छायाँ'मा अभिनय गरिरहेकी सौजन्य अभिनीत चलचित्र 'माझीमामा' अहिले प्रदर्शनका क्रममा छ ।

अबको बाटो के त ? सौजन्यले भनिन्- अब अभिनययात्रामै जम्ने योजनामा छु, सानो र ठूलो पर्दाका दुवै क्षेत्रमा सक्रिय हुन्छु । जीवनयात्राका क्रममा भविष्यमा विवाह गर्न सक्ने बताउने सुब्बा अहिले भने कसैसँग अफेयर नभएको जिकिर गर्छिन् ।

## खुला चौरमा ल्होसारको डान्सपार्टी

धनकुटा– शुक्रबारको चिसो-चिसो मौसम, कुहिरोले ढपक्कै आकाश ढाकेको, बिस्तारै-बिस्तारै युवायुवतीको जमात धनकुटाको स्कुलडाँडामा जमघट हुँदै थियो । खुला चौरमा शीतका लागि पालले ओत लगाएको खाली चौरमा पनि पहिलो पटक आयोजना भएको डान्सपार्टीमा लजाउँदै भए पनि कम्मर मर्काई-मर्काई नाच्ने धनकुटेली युवायुवतीको जमघट निकै रमाइलो देखिन्थ्यो ।

पहिलो पटक खुला आकाशमुनि डान्सपार्टीमा संलग्न भएका युवायुवतीहरू सुरु-सुरुमा लजाई-लजाई डान्स गरे पनि संगीतको रन्को तातिँदै जाँदा भने धक फुकाएरै डान्समा रमाउँदै गरेका देखिन्थे । लोसार डान्स पार्टीको रन्को नेपथ्यबाट आएको सुमधुर संगीतसँगसँगै युवायुवतीहरू ताली घन्काउँदै सुरु गरेका थिए । त्यत्तिकैमा साउन्ड अपरेटरले पप गीत घन्कन थालेपछि ताली पड्काउनेहरू हात हल्लाई-हल्लाई नाच्न थालेका देखिन्थे भने रिमिक्ससम्म आइपुग्दा उफ्रँदै नाच्न थालेका थिए । बिस्तारै पपबाट रिमिक्समा आएपछि भने लोसार डान्सपार्टी जमेको थियो । बिहान ११ बजे सुरु भएको सो डान्सपार्टी बेलुका तीनबजे सम्म ननस्टप चलेको थियो ।

त्यसो त युवायुवतीहरूको डान्स देखेर पार्टीमा उपस्थित अधबैंसेहरूले पनि मन थाम्न सकेका थिएनन् । डान्सपार्टीको अन्त्यतिर उनीहरू पनि जानी-नजानी कम्मर मर्काउँदै युवाजमातमा मिसिन आइपुगेका थिए । करिब चार घण्टा नाच्दा पनि धनकुटेली युवायुवती थाकेका देखिँदैनथे । लोसार पर्वको अवसरमा तामाङ घेदुङ संघ जिल्ला समिति धनकुटाले आयोजना गरेको यो कार्यक्रममा हिले तथा धनकुटेली युवायुवतीहरू पहिलो पटक डान्सपार्टीमा समावेश हुन पाएका थिए ।

**–भिषा काफ्ले**

# विवाहितलाई 'ग्रीन सिग्नल'



'मलाई कसैकी दोस्री श्रीमती बन्नमा कुनै आपत्ति छैन, मात्र उसले मलाई असाध्यै माया र हेरविचार गरोस् ।'- अनौपचारिक कुराकानीका क्रममा एउटी युवतीले यो पंक्तिकारसँग भनेकी थिइन् । 'अफ द रेकर्ड' भनेर उक्त कुरा गरेकी युवती मोडलिङमा राम्रो अवसरको खोजीमा थिइन् । उनीसँग रूपरंग त छँदैछ, त्योभन्दा पनि उनी फेसनेबल मोडल हुन् । त्यसैले उनले विवाहित युवककी दोस्री श्रीमती बन्ने भनेर गरेको कुरा अलि पचेन र सोध्न कर लाग्यो-'किन अविवाहित युवकको पहिलो श्रीमती बन्नमा कुनै अप्ठेरो छ र ?' जवाफमा उनले रमाइलो लाग्ने तर्क दिइन्- 'कतिपय विवाहित पुरुष वर्षौंदेखि एउटै श्रीमतीसँग बस्दा र सुत्दा वाक्क भएका हुन्छन् । ऊ जीवनमा नयाँ केही होस् भन्ने खोजीमा हुन्छ । यस्तोमा उसलाई कुनै युवतीले लिफ्ट दिने हो भने ऊ तुरुन्तै तन, मन र धनले उसको पछि लाग्छ । यसमा फाइदा सोच्ने हो भने युवतीकै बढी हुन्छ ।'

'म एक अविवाहित २४ वर्षीया युवती हुँ । म विगत डेढ वर्षदेखि ३४ वर्षका एक विवाहित पुरुषसँग प्रेम गरिरहेकी छु । उहाँ काठमाडौंमा घरजग्गाको व्यापार गर्नुहुन्छ । उहाँका दुई छोरी पनि छन् । एउटै अफिसमा काम गर्दा उहाँ त्यहाँ आइरहनुहुन्थ्यो । सामान्य परिचय भएको केही समयपछि हामी एक-अर्काको नजिक भयौं । मेरो घर दुर्गम जिल्लामा छ । उहाँलाई भेट्नुअघिसम्म म एक जना आफन्तकहाँ बस्थें । अहिले उहाँकै करले गर्दा म अलग्गै डेरामा बस्छु । मेरा सबै आवश्यकता उहाँले पूरा गरिदिनुभएको छ । हाम्रो भेट अचेल डेरामै हुन्छ । धेरै पटक हामीले रात पनि बिताइसक्यौं । उहाँलाई मैले विवाहका लागि धेरै पटक भनिसकें । उहाँ आफ्नी श्रीमती छाड्न नसक्ने कुरा गर्नुहुन्छ । कान्छी पत्नीका रूपमा विवाह गर्नुस् भन्दा उहाँ केही समय पर्ख भन्नुहुन्छ । अहिले मलाई लाग्दैछ– कतै भौतिक सुविधाका लागि म उहाँको खेलौना भैरहेकी त छैन ?'- साप्ताहिकको स्तम्भ 'लभगुरु रेखा'का लागि प्राप्त एक प्रश्न ।

त्यस्तै प्रकृतिको अर्को प्रश्न- 'म २८ वर्षीय विवाहित पुरुष हुँ । हाल म कामको सिलसिलामा काठमाडौंस्थित एक आफन्तको घरमा बस्दै आएको छु । मेरो घर नेपालको पश्चिम भागमा पर्छ । म एउटी छ वर्षया छोरीको बाबु पनि हुँ । कुनै कारणवश यहाँ म एक सुन्दरीसँग प्रेम गरिरहेकी छु । म उनलाई निकै मन पराउँछु । उनी पनि मलाई माया गर्छिन् । म विवाहित हो भन्ने कुरा उनलाई जानकारी गराइसकेको छु, तर पनि उनी मलाई माया गर्छिन् । मेरी श्रीमती अहिले घरमै छिन् । महिना-दुई महिनामा म घर गैरहन्छु । उनलाई भेट्दा लाग्छ– म उनलाई धोका दिइरहेको छु । सबै कुरा खुलस्त बताउँदा घरबारै बिग्रने हो कि भन्ने डर पनि लाग्छ । यता ती सुन्दरी विवाहका लागि दबाब दिइरहेकी छिन् । यो अवस्थामा म के गरूँ ?'

यी दुई प्रश्नमा समस्या फरक भए पनि प्रकृति एउटै छ । अर्को एउटा समस्या पनि पढिहालौं न– 'म एक २१ वर्षीय युवक हुँ । म एउटा प्राइभेट कार्यालयमा कार्यरत छु । मेरो अफिसकी म्यामले मलाई प्रेमप्रस्ताव राखिन् । उनी २४ वर्षकी विवाहित महिला हुन् । उनका श्रीमान् अति व्यस्त छन् । श्रीमान्ले उनलाई समय दिन सकेका छैनन् । यसैकारण म्याम मप्रति आकर्षत भएकी हुन् । मैले पनि उनको प्रेमप्रस्ताव स्वीकार गरिसकें । उनले मलाई बाइक पनि किनिदिएकी छिन् र मेरो एकाउन्टमा महिनावारी पैसा पनि जम्मा गरिदिन्छिन् । मलाई म्याम असाध्यै मन पर्छिन् । उनी मलाई नपाए आत्महत्या गर्ने कुरा गर्छिन् । उनले धेरै पटक शारीरिक सम्पर्कका लागि भनिसकिन् । म भने समाज र परिवारले के भन्लान् भन्ने डरले गर्दा उनको त्यो प्रस्ताव स्वीकार गर्न हिचकिचाइरहेको छु । मैले के गर्दा राम्रो होला, जागिर छाड्दा वा उनलाई नै छाड्दा ?'

यी विवाहितहरूका केही समस्या हुन्, जुन लभगुरु स्तम्भका लागि प्राप्त भएका थिए । फरक ठेगानाबाट आएका यी तीन समस्या मात्र नमुना हुन् । यीबाहेक कतिपय यस्तै प्रकृतिका समस्याहरू उक्त स्तम्भका लागि प्राप्त हुने गरेको छ । यी पत्रमा उल्लेखित समस्या एउटै छ, विवाहित पुरुष वा महिलासँग अविवाहितले सम्बन्ध विस्तार गर्नु हुन्छ कि हुँदैन ? यद्यपि विवाहितहरूप्रतिको आकर्षण वा विवाहितको अविवाहितलाई दिइने 'ग्रीन सिग्नल' आधुनिक समाजले निम्त्याएको विषय भने होइन ।

'मर्दकी दुईवटी' भन्ने उखान हाम्रो समाजमा प्रचलित छ अर्थात् पुरुषले जति पनि विवाह गर्न पाउँछ । राजा-रजौटाहरूका त दर्जनौं श्रीमती भएका कुरा हामीलाई थाहै छ । बढ्दो आधुनिकतासँग यस प्रकारको विषयलाई पनि आधुनिक ढंगबाटै लिन थालिएको छ । भर्खरै २० पुगेकी सुषमा (नाम परिवर्तन) भन्छिन्- 'मलाई ३५ कटेका पुरुषसँग प्रेमसम्बन्ध गाँस्न मन लाग्छ, किनभने उनीहरू अनुभवी हुन्छन् र उनीहरूको प्रेम गर्ने तरिका टिनएजरहरूको जस्तो उत्ताउलो र अपरिपक्व हुँदैन ।' उनकी बहिनी रुश्मा (नाम परिवर्तन)को विचार पनि त्यस्तै छ । उनले अनौपचारिक तबरमा भनिन्- 'विवाह भैसकेका र तीस कटेका पुरुषहरूलाई पट्याउन सजिलो हुन्छ ।' उनको भनाइको आशय यो पनि थियो कि त्यस्ता पुरुषहरूमध्ये धेरैजसो कमाउन थालिसकेका हुन्छन् र उनीहरू आवश्यकता पूरा गर्न सक्षम पनि हुन्छन् ।

३८ वर्षीया ममता (नाम परिवर्तन)का श्रीमान् कामका सिलसिलामा विगत आठ वर्षदेखि विदेशमा छन् । उनको एक छोरा पनि हाल पढाइको सिलसिलामा विदेशमै बाबुसँगै छ । घरको रेखदेख गर्नुपर्ने भएकाले ममता वर्षमा एक-दुई पटक श्रीमान्कहाँ पुगेर आए पनि उनी यतै बस्छिन् । राजधानीमा एउटा रेस्टुराँमा लगानी गरेकी ममताको भेट रेस्टुराँमै आइरहने एक २४ वर्षीय जागिरे युवकसँग भयो । उनी ती युवकका कुरा र व्यक्तित्वबाट प्रभावित हुन थालिन् । सुरुवातमा उनले युवकसँग रेस्टुराँको 'बिल' लिन बन्द गरिन् । बिस्तारै उनीहरू बाहिर भेट्न थाले । उनले युवककी बहिनीको विवाहका लागि झन्डै एक लाख रुपैयाँको सहयोग पनि गरिन् र युवकलाई महँगा उपहार र लत्ताकपडा खरिद गरिदिन थालिन् । युवक ममताको ऋणी भएका छन्, साथै ममता युवकका लागि 'सुनको अण्डा दिने कुखुरी' पनि हुन् । उनी गोप्य तवरबाट उनीसँग सम्बन्ध बढाइरहेका छन्, तर उनलाई थाहा छैन– यसले भविष्यमा कस्तो समस्या उब्जाउँछ ?

यो कुनै कथा होइन्– नाम परिवर्तन भए पनि यसका पात्रहरू वास्तविक हुन् । यस्ता घटना विशेष गरी हाम्रो सहरिया समाजमा बढेको छ । क्षणिक शारीरिक सुखका लागि राखिने यस्ता सम्बन्धका कारण कतिपय विवाहितको पारपाचुकेसमेत भएको छ भने कतिपय पुरुषले आफूसँग यस्तो सम्बन्ध बढाउने युवतीलाई 'कान्छी'का रूपमा घरमा भित्र्याएका छन् । एउटा भनाई यहाँ सान्दर्भिक हुनसक्छ- 'विवाह एक जनासँग हुन्छ, सम्बन्ध जति जनासँग भए पनि हुन्छ ।' गोप्य रूपमा हुने यस्ता सम्बन्धको जालो हाम्रो समाजमा फैलिसकेको छ । जसलाई हामी कदापि 'प्रेम सम्बन्ध' भन्न सक्दैनौं ।



# भर्जिनिटीमा गर्व गर्ने दिन गइसक्यो

धरान- 'युवकले युवती र युवतीले युवक पार्टनर खोज्ने मौका यही हो,' -धेरैले भ्यालेन्टाइन डेका सम्बन्धमा टिप्पणी गर्छन् । 'यसपालि नयाँ लेडिज पार्टनर खोज्ने मुडमा छु,' -दन्तचिकित्सा विज्ञानका विद्यार्थी विमल मगरले बताए ।

उनी अघिल्ला वर्षका भ्यालेन्टाइन डेमा साथीहरूसँग पार्टी जाने गरेका थिए । मोडल सेलिना राईले भ्यालेन्टाइन डेको स्वाद लिन थालेको सात वर्ष भैसकेको छ । विवाहअघि भर्जिनिटी तोडिनु हुँदैन भन्ने धारणाकी सेलिना भन्छिन्- 'तर २१ औं शताब्दीमा भर्जिनिटीको वास्ता हुँदैन, विवाहअघि नै तोडिनु यहाँ पनि विकसित देशमा जस्तै सामान्य भैसकेको छ ।' उनी यसपालि मन मिल्ने पुरुष र महिला साथीहरूसँग ग्रुपमा भ्यालेन्टाइन-डे मनाउने मुडमा छिन् ।

युवतीले ब्वाइफ्रेन्ड र युवकले गर्लफ्रेन्ड खोज्ने, रोज्ने अनि भ्यालेन्टाइन डे मनाउने चलन सुरु भएको एक दशक नाघेको छैन । संगीतको ताल, डिजेको मिक्सिङ, मोबाइल-म्यासेज र इन्टरनेटको संसारमा मस्त पुस्ता हिजोआज ब्वाइफ्रेन्ड वा गर्लफ्रेन्ड छैन भन्दा गिल्ला उडाउँछन् । अहिले त कसले धेरै जना गर्लफ्रेन्ड र ब्वाइफ्रेन्ड बनाउने भन्ने होडबाजी नै चल्छ भन्दै बाँझगराका विशालले भन्छन्– ब्रिट्नी स्पेयर्सले जस्तो 'भर्जिन छु' भनेर गर्व गर्ने जमाना बितिसक्यो । विवाह त बिस्तारै भैहाल्छ नि, तर सबै कुरा पहिल्यै अनुभव गर्न पाइयोस् ।' टिन-एजर्सहरू हिजोआज भर्जिनिटीको सम्बन्धमा खुलेर कुरा गर्न सक्ने भैसकेका छन् ।

भ्यालेन्टाइन डेमा देखिएका कुनै जोडी दम्पतीमा परिणत हुन्छन् त कतिले माया-प्रीतिको अनुभव मात्र साट्छन् । भ्यालेन्टाइन डेमा प्रेमी-प्रेमिकालाई गुलाफ र ग्रिटिङ्ससहित उपहार दिनु सामान्य मानिन्छ । 'वन-साइडेड लभ गर्नेले प्रपोज गर्ने मौका पनि यही हो,' -नर्सिङकी विद्यार्थी सुजाताले बताइन् । एकोहोरो प्रेम फलदायी नहुने तर्क गर्दै उनी भन्छिन्- 'प्रपोज गर्ने, मान्यो भने भ्यालेन्टाइन डे मनाउने होइन भने अर्कै खोज्नुपर्छ ।' दोस्रो गर्लफ्रेन्डसँग चौथोपल्ट भ्यालेन्टाइन डे मनाइरहेका मदन भन्छन्- 'पहिले अर्कै अहिले अर्कैसँग, रुटिन भने उही हो, मन्दिर दर्शन गर्ने, कफी खाने अनि भेडेटार गएर रमाइलो गर्ने ।'

नेपाली सहरमा भित्रिएको छोटो समयमै लोकप्रिय बनेको भ्यालेन्टाइन डेले रौनक मात्र थपेको छैन । गिफ्ट हाउस, रेस्टुराँ, होटल र पार्कको व्यापार पनि बढाएको छ । प्रेमकथामा आधारित चलचित्र र संगीतको माग बढेको छ । युनिक म्युजिक सपका प्रोपाइटर सुयोग पाख्रिन गत वर्षको भ्यालेन्टाइन डेमा कोरियाली प्रेमकथात्मक चलचित्र निकै चलेको बताउँछन् । 'युगल जोडी डेटिङमा जान्छन्, म साथीहरूसँग समूहमा मनाउँछु,' -मिस फेयरी सरिना राईले बताइन् । एघार वर्षअघि विवाहित गायक सपन श्रेष्ठ भन्छन्- 'कन्सर्टमा गाउने अफर आइरहेको छ तर जाने-नजाने निश्चित गरेको छैन ।' परिवार लिएर तथा साथीहरूसँग निर्वाणा कन्ट्री क्लबको गल्फ कोर्समा हुने डिजेयुक्त डान्सपार्टीमा नाच्दै भ्यालेन्टाइन डे मनाउने उनको योजना थियो ।

विशेगरी भ्यालेन्टाइन डे कलेजका विद्यार्थी तथा टिन एजर्सहरूले मनाउँनछन्, तर प्रेम साटासाट गर्ने दिन भएकाले युगल जोडी मात्र होइनन्, पाका व्यक्तिहरू पनि भ्यालेन्टाइन डेमा मस्त देखिन्छन् । मुख्यतः टिनएजर्सको त उत्सव नै हो भन्दै ३२ वर्षीय राज्य छेत्री भन्छिन्- 'लभ परे पनि हाम्रा पालामा भ्यालेन्टाइन डे मनाउने चलन थिएन ।' गत वर्ष डिजे राजुको पार्टीमा डान्स गरेर भ्यालेन्टाइन डेको मनोरञ्जन लिएकी छेत्री यसपालि साथीभाइसँग घरमै मनाएकी छिन् । भ्यालेन्टाइन डे जसले जोसँग र जहाँ पनि मनाउँदा हुने धेरैको तर्क छ । मिस फेयरी सरिना भन्छिन्- 'भ्यालेन्टाइन डे माया साट्ने दिन हो, साथीहरू, दिदी-बहिनी, परिवार, दाजुभाइ, जोसँग मनाउँदा पनि हुन्छ । आखिर यो माया गर्ने दिन न हो ।'

● राजु घिसिङ

# प्रेमदिवसका प्रतीक

प्रेमदिवससँग जोडिएका विभिन्न मान्यतामध्ये केही पन्छीसँग पनि जोडिएको पाइन्छ । यदि प्रेमदिवसमा कुनै युवतीले उडिरहेको रबिन पन्छी देखिन् भने उनको विवाह हुन्छ भन्ने मान्यता छ । यदि स्पाइरो देखे अत्यन्त गरिब व्यक्तिसित ती युवतीको विवाह हुन्छ भन्ने विश्वास गरिन्छ । त्यस्तै यदि कुनै युवतीले त्यस दिन गोल्डेन फिन्च नामक पन्छी देखे उसको भाग्य उदय हुने र वैभवशाली व्यक्तिसित विवाह हुन्छ भन्ने कथन छ ।



**क्युपिड**

भनिन्छ, क्युपिड रोमकी देवी विनसकी पुत्र हुन् । विनसलाई 'प्रेमकी देवी मानिन्छ । क्युपिडलाई प्रेम गर्नेहरूको मित्रका रूपका लिइन्छ । क्युपिडलाई स-साना पखेटा भएको सानो बालकका रूपमा दर्साइएको पाइन्छ, जसको हातमा धनुष-वाण हुन्छ । भनिन्छ, क्युपिडको निशाना अचुक हुन्छ र उसको वाण पर्ने व्यक्ति प्रेमको वशमा परेर आफ्नो मनको भावना आफ्नो प्रेमीसमक्ष व्यक्त गर्न पुग्छ । क्युपिडलाई कामदेवसित पनि तुलना गरिएको छ ।

**प्रेमदिवस प्रसंग**

प्रेमदिवसका दिन बेलायतमा काठको लव-स्पुन बनाउने परम्परा छ । उक्त चम्चालाई थप आकर्षक बनाएर प्रेमी-प्रेमिकाले एक-अर्कालाई उपहार दिन्छन् । ती चम्चामा मुटु तथा साँचोको आकृति बनाएर त्यसमा 'तिमी मेरो मनको साँचो हौ' भनेर लेखिन्छ । बेलायतमै मध्यकालमा प्रचलित परम्पराअनुसार युवायुवतीले कुनै भाँडोबाट आ-आफ्नो प्रेमीको नाम निकाल्थे । यदि त्यो नाम मनमुताविक भए एक साताभरि त्यो नामलाई आफ्नो हातमा लेखेर घुम्ने चलन थियो । डेनमार्कमा भने सुकेको सेतो फूललाई उपहारस्वरुप आफ्ना प्रेमी-प्रेमिकालाई भेट गरिन्छ, जसलाई सनड्रप भनिन्छ । डेनिस युवाहरू आफ्नी प्रेमिकालाई प्रेमदिवसमा एउटा त्यस्तो पत्र लेख्छन्, जसमा प्रेमसम्बन्धी कुनै कविता वा सायरी हुन्छ । पत्रको अन्तमा पठाउने व्यक्तिको नाम भने उल्लेख गरिंदैन । मात्र विन्दु (.) लेखिन्छ । हरेक अक्षरको बदलामा एक विन्दु । यदि प्रेमिकाले सही नाम पत्ता लगाए ती युवतीलाई आफ्नो प्रेमिका बनाएर उनलाई इस्टरमा इस्टर-एग उपहार प्रदान गरिन्छ ।

प्रेमदिवससँगै जोडिएको अर्को कथन इङ्ल्यान्ड र इटालीमा प्रचलित छ । जसअनुसार प्रेमदिवसमा अविवाहित युवती सूर्योदयभन्दा पहिले नै उठेर आफ्नो कोठाको झ्यालमा उभिएर बाटोमा हिंड्ने व्यक्तिहरू झ्यालअगाडिबाट सबैभन्दा पहिले हिंड्ने युवक वा ऊजस्तै अरु कोहीसित वर्षदिनभित्र ती युवतीको विवाह सम्पन्न हुने मान्यता छ । अधिकांश देशमा प्रेमदिवसलाई एक विशेष पर्वका रूपमा मनाइन्छ । विभिन्न उत्सवजस्तै यस पर्वलाई पनि केही दिनपूर्वदेखि नै मनाउने प्रचलन पाइन्छ । जस्तै– रोज डे (जुन दिनमा गुलाफको फूल उपहार दिइन्छ), चकलेट डे (जुन दिनमा चकलेट उपहार दिइन्छ), स्ल्याप डे (जुन दिन प्रेमीले प्रेमिकाको प्रेमपूर्ण थप्पड खानुपर्छ), किस डे (जुन दिन प्रमी-प्रेमिकाले एक-अर्कालाई चुम्बन गर्छन्) र अन्तमा ग्रान्ड फिनाले अर्थात् प्रेमदिवस ।

**गुलाफको फूल एवं रंग**

गुलाफको फूल, चकलेट र कार्डले प्रेमदिवससित प्रगाढ सम्बन्ध राख्छन् । भनिन्छ, रोमका देवता बेकसले रोमकी देवी विनससित प्रेम गर्दा गुलाफको फूल उपहार दिएका थिए । त्यसैले गुलाफको फूललाई प्रेमको पर्यायका रूपमा लिइन्छ । मिश्रकी महारानी क्लियोपेट्राले पनि आफ्नी प्रेमी एन्थनीको स्वागतका लागि सम्पूर्ण महल गुलाफको फूलले सजाउन लगाएकी थिइन् । एक अर्को कथनअनुसार प्रेमका देवता क्युपिड जब एउटा भाँडोमा प्रेमको अमृत लिएर जाँदै थिए, तब बाटोमा उक्त भाँडोबाट प्रेमरूपी केही अमृत पृथ्वीमा झर्न पुग्यो । जहाँ-जहाँ उक्त अमृतको थोपा परेको थियो ती स्थानमा पछि गएर गुलाफको बिरुवा उम्रियो ।

त्यसैले गुलाफको फूल र प्रेमलाई एक-अर्काको पर्यायका रूपमा लिइन्छ । प्रेमदिवसमा रातो, सेतो र गुलाबी रंगलाई बढी प्राथमिकता दिइन्छ । रातो रंगले प्रेमको गहिराइ, संवेदना र मुटुको रंगलाई प्रतिविम्बित गर्छ । सेतो रंगले प्रेमको पवित्रता र प्रेमी-प्रेमिकाबीचको विश्वासलाई दर्साउँछ । गुलाबी रंगले भने प्रेमी-प्रेमिकाबीच समर्पण, स्वर्णिम आकांक्षा तथा सपनालाई दर्साउँछ ।

**–रोजिन शाक्य**

# प्रेम : अन्तरंगता र दाम्पत्य जीवन



प्रेम, तनमनको सामीप्यता एवं तृप्त यौन जीवनबाट नै यो विशाल सृष्टिको रचना सम्भव भएको छ । यौन सुख सृष्टिका प्राणीहरूको मूलभूत आवश्यकता त हो नै साथै यही सामीप्यता सिर्जना एवं सृष्टिको पर्याय पनि । नवदम्पतीले के बुझ्नु आवश्यक छ भने यौनसम्पर्क शारीरिकक्रिया मात्र होइन, यो शरीरको मधुर मौन भाषा हो जसले स्पष्ट शब्दमा यो भन्छ- 'म तिमीप्रति समर्पित छु । म समग्रमा तिम्रै एक अंग हुँ ।' प्रेमविवाह होस् वा परम्परागत, यो बन्धनमा बाँधिएपछि एक-अर्काको सामीप्यमा आउने चाहना तीव्र हुन थाल्छ । यो सम्बन्धप्रति धर्म, समाज, परिजन एवं रीतिरिवाजको स्वीकृति प्राप्त हुने भएकाले निश्चिन्त भएर पति-पत्नी आफ्ना शारीरिक एवं मानसिक आवश्यकता तथा भावनाका तृप्तिको उत्सव मनाउन व्याकुल रहन्छन्, तयार हुन्छन् ।

समीप आउने, यौनसुख प्राप्त गर्ने व्यक्तिका लागि यो सम्पूर्णता हो । यौनसुख एक सत्य एवं शाश्वत माग हो । जीवनको खालीपन, बेचैनी, अधुरोपन आदिलाई यौन सम्बन्धले मेटाउने, पूरा गर्ने काम गर्छ । यौन सम्बन्धले पुरुषलाई आफ्नो पुरुषत्व अर्थात् आफ्नो सक्षमतामाथि विश्वास जगाउन मद्दत गर्छ भने नारीलाई उसको नारीत्वप्रति ।

यौनलाई लिएर चाहे जतिसुकै आलोचना किन नहोस् अनभिज्ञ पुरुष तथा महिलाले यस विषयमा ज्ञान प्राप्त गर्नु आवश्यक छ । विवाहपूर्व युवायुवतीले यौनसम्बन्धी पुस्तक, लेखरचना पढ्नु, सहज एवं विशेष उपायहरू थाहा पाउनु र भ्रमको स्थितिबाट बाहिर निस्कनु आवश्यक छ । विवाहपश्चात् प्रेमपूर्ण वार्तालाप, कोमल स्पर्श, एक-अर्काको रुचि-अरुचि आदिका बारेमा चर्चा गरे एक-अर्कालाई बुझ्न र नजिक ल्याउन सहयोग पुग्छ । जब आपसी दूरी घट्दै जान्छ तब समर्पणको आनन्द अझ बढ्छ । यसका अतिरिक्त प्रेम एवं संवेदनशीलतामाथि आधारित यौन सम्बन्ध नै स्थायी र मधुर हुने भएकाले यस विषयमा सजग रहनु आवश्यक छ । किनकि यसैको मिठास जीवनको अन्तिम क्षणसम्म पनि अनुभव भैरहन्छ ।

यौनका बारेमा सुमधुरता, स्थायित्व, सहजता, सुगमताको चाहनाका साथै सन्तुष्टिको आवश्यकता सदैव रहन्छ । यसका लागि एकसाथ सुत्नु मात्र सबथोक होइन एक समान सोच राख्नु सबैभन्दा महत्त्वपूर्ण हुन्छ । म भन्ने भावना त्यागेर हामी भन्ने भावमा समाहित हुनु आवश्यक हुन्छ । जीवनमा प्रेम भएन भने त्यसको सन्तुलन बिग्रन पुग्छ र यदि प्रेममा घनिष्ठ यौन सम्बन्ध वा रोमाञ्चक सहवास भएन भने त्यो प्रेम काँडाले भरिएको बिरुवासरह हुन पुग्छ । यसलाई बेवास्ता गर्नु भनेको आफ्नो अस्तित्वलाई नकार्नु सरह हो ।

# झिलो ल्होसारमा सांगीतिक कार्यक्रम



संखुवासभा- भोटेहरूले मनाउने झिलो ल्होसारको अवसरमा खाँदबारीमा सांगीतिक कार्यक्रम सम्पन्न भएको छ। घाङरी सांगीतिक समूहको प्रस्तुतिमा आयोजित कार्यक्रमको मुख्य आकर्षण परम्परागत बाजा थिए। कार्यक्रममा नेपाली भाषा प्रयोग गरिएन भने भाषा, संस्कृतिको जर्गेनामा लागिपरिरहने प्रतिबद्धता प्रकट गरियो।

भोटेहरूको भाषामा याङ्जी भनिने किबोर्डजस्तो बाजामा छुआङ भोटे र डम्नने भनिने गिटारजस्तो बाजामा जुमिकले साथ दिएका थिए। दुई दर्जनभन्दा बढी गीत र केही नृत्य प्रस्तुत गरिएको उक्त कार्यक्रम हेर्न हलमा मानिस खचाखच थिए। संखुवासभा जिविस हलमा गरिएको सांगीतिक कार्यक्रममा भोटिया युथ क्लब, कासाङ, पेमा भोटे आदिले गीत गाए। उक्त अवसरमा खाँदबारीका उमाङ लामाले एक मात्र नेपाली गीत प्रस्तुत गरेका थिए।

**–सुरेन्द्र सुवेदी**

# ल्होसारको रौनक



**साप्ताहिक समाचार**

धरान- परम्परागत वेशभूषामा चिटिक्क परेका युवा-युवती, बालबालिका र पाकाहरू। नाचगान पनि उस्तै। अनि शान्त तर आकर्षक र्‍यालीको रौनक। यो दृश्य शुक्रबार धरानमा तामाङ र शेर्पा समुदायको महान् चाड ल्होसारको हो।

एउटै समयमा परेको यसपालिको ल्होसारले शेर्पा र तामाङ समुदाय चिसो मौसममा भए पनि निकै तातिएको थियो। महायान रिन्छेन छ्योलिङ र देछेन ल्योलिङ गुम्बामा दर्जनौं लामाको ढ्याङ्ग्रो, झ्याम्टा, साङदुङ, ग्यालिङ र शंखको ध्वनिमा साताभरि नै पाठपूजा भैरह्यो। हिमाली शेर्पामा बाक्लो बस्ती भएका शेर्पाहरूले आफ्ना दुर्लभ नृत्य 'म्हानी रिम्दू' धरानेहरूलाई देखाउन पनि भ्याए। गाउँ-बस्तीको प्रगतिका निम्ति भूत-प्रेत नष्ट गर्न मानी रिम्दू नाचिन्छ। शेर्पाको स्याब्रु नृत्य महिला र विद्यार्थीद्वारा आइतबार आयोजित सांस्कृतिक कार्यक्रममा हेर्न सकिन्थ्यो।

तामाङहरू पनि के कम ? उनीहरूले पनि सेलो र डम्फूको स्वाद प्रस्तुत गरे। ल्होसार भने बेल्लाबेग्लै थियो। तामाङ जनजातिले २८४४औं सोनाम ल्होसार मनाएका हुन् भने शेर्पाहरूले २१३५औं ज्यिवा ल्होसार। तिब्बती क्यालेन्डरअनुसार प्रत्येक दुई वर्षको अन्तरमा १३ महिनाको एक वर्ष हुने हुँदा यसपालि शेर्पाहरूको ल्होसार एक महिनाअघि सरेको हो। हिन्दूहरूले दसैंमा सरह नै यी दुई जातिले ल्होसारमा घरमा दीपावाली गर्ने, मीठा परिकार खाने, नयाँ पहिरन लगाउने तथा नातेदानर भेला भै मनोरञ्जन गर्ने चलन छ।



## तामाङ सेलो प्रतियोगिता

संखुवासभा- नेपाल तामाङ घेदुङको आयोजनामा जिल्लास्तरीय तामाङ सेलो प्रतियोगिता सम्पन्न भएको छ। प्रतियोगितामा २५ तामाङ समूहको सहभागिता थियो।

प्रतियोगितामा सिद्धकाली प्रथम, बाह्रबीसे दोस्रो र मादी गाविस समूह तेस्रो भए। विजयी समूहलाई घेदुङका क्षेत्रीय सदस्य रणकुमार तामाङले १ हजार ५ सय, १ हजार र ७ सय रुपैयाँ र प्रमाणपत्र वितरण गरे।

लोप हुन लागेको तामाङ जातिको जातीय नाच सेलोलाई संरक्षण गर्न यो प्रतियोगिता आयोजना गरिएको नेपाल तामाङ घेदुङका सचिव कृष्ण तामाङले बताए। यो प्रतियोगिता प्रत्येक वर्ष ल्होसारको अवसरमा आयोजना गरिने घेदुङले जनाएको छ।

## विद्यार्थीको लोकनृत्यमा रमाए गाउँले

बुटवल– त्यहाँ राष्ट्रिय स्तरमा चर्चित कुनै कलाकारको प्रस्तुति थिएन, न त थियो मेला-महोत्सव नै तर दर्शकको उपस्थिति र रौनक कत्ति पनि कम थिएन। मैदानभरि खचाखच दर्शकहरू स-साना विद्यार्थी र स्थानीय कलाकारको प्रस्तुतिमा रमाइरहेका थिए, उनीहरूलाई साथ दिँदै। कोही नाचिरहेका थिए, कोही गाउँदै त कोही ताली पिट्दै आनन्द मानिरहेका थिए।

शनिबार रूपन्देहीको सौफर्साटिकरमा ग्रामीण अंग्रेजी निजी विद्यालय संगठन (रेप्सा) ले आयोजना गरेको लोकनृत्य प्रतियोगितामा गाउँलेहरू यसरी रमाएका हुन्। विभिन्न जातजातिको वेशभूषा र पहिरनमा सजिएका १५ विद्यालयका छात्रछात्राहरूले नेपाली मौलिक संस्कृति एवं परम्परा झल्कने मारुनी, कौरा र मयूर नृत्य प्रस्तुत गर्नुका साथै नेपाली चलचित्रका गीतमा नाचेर उपस्थित अभिभावक, शिक्षक-विद्यार्थीहरूलाई दिनभर मनोरञ्जन प्रदान गरे। साथमा नवोदित गायक पुष्कल शर्मा र वैकुण्ठ महतको लोकगीत प्रस्तुतिले पनि गाउँले दर्शकको मन जितेको थियो। लोकनृत्य प्रतियोगितामा तिलोत्तमा बोर्डिङ स्कुल फर्साटिकर प्रथम, सिद्धार्थ बोर्डिङ स्कुल द्वितीय, शुद्धोधन बोर्डिङ स्कुल हीरापुर तृतीय भए भने लिटिल फ्लावर उच्च माविले सान्त्वना स्थान हात पार्‍यो।

# एक्काइस जातिको मौलिक नृत्य



विराटनगर- गएको शनिबार विराटनगर कलामय भयो। सहिद मैदान कलाकारहरूले भरिभराउ थियो भने मैदानसँगै रहेको वीरेन्द्र सभागृहमा पनि कम कलाकार थिएनन्। तराईमा बसोबास गर्ने प्रायः सबैजसो जातजातिका मौलिक पहिचान बोकेर कलाकारहरू मैदानमा भेला भएका थिए। सभागृहमा भने थारूभाषी कलाकारहरूको जमघट थियो। उक्त दिन एकसाथ नजिक नजिकै दुई ठाउँमा सांस्कृतिक कार्यक्रम गरिएकाले विराटनगर संगीतमय भएको हो।

नेपाल आदिवासी जनजाति महासंघले सहिद मैदानमा आयोजना गरेको 'बृहत् आदिवासी जनजाति सांस्कृतिक कार्यक्रम' मा तराईका २१ जातजातिका २३ वटा सांस्कृतिक नृत्य प्रस्तुत भए। मौलिक तथा बंगालीमिश्रित भाषा बोल्ने राजवंशीहरूले अलग-अलग नृत्य प्रस्तुत गरे। राजवंशी समाज उत्थान समितिको प्रस्तुतिको मौलिक नृत्यले आफ्नो जातिको सम्पूर्ण पक्ष समेटेको थियो। मगर जातिको हुर्रा नाचले किशानको प्रतिनिधित्व गरेको थियो। बोराको पहिरनमा आएका थामी जातिका कलाकारले प्रस्तुत गरेको उधौली उभौलीमा नाचिने भुमे नाच प्रस्तुत गरे। माझी जातिले घरमा शोक परेका बेला सान्त्वना दिन गाइने गीतमा नृत्य प्रस्तुत गरे। मुडियारी जातिका कलाकारहरूले आदिवासी जनजाति महासंघमा आफ्नो जाति दर्ता नभएकोमा दुःखसमेत व्यक्त गरेका थिए।

कृष्ण भगवान्को चर्तीकला समावेश गरिएको 'रासलीला नृत्य' लिएर दनुवार जाति आएका थिए। लिम्बुको च्याब्रुङ, तामाङको सेलो नाचसँगै राई, थारु, धिमाल, झागड, सतार, धानुक, भुजेल, ताजपुरीया आदि जातजातिले आफ्ना मौलिक गीत एवं नृत्य प्रस्तुत गरे। उक्त अवसरका कहिल्यै गीत नगाएका तथा नृत्य नगरेका जातजातिका प्रतिनिधि पनि मञ्चमा उत्रिएका थिए।

त्यस्तै सभागृहमा थारू सांस्कृतिक कला उत्थान परिषद् सुनसरीले आयोजना गरेको 'सप्तरंगी सांस्कृतिक कार्यक्रम तथा सम्मान समारोह' मा थारू जातिका कलाकारहरूले विभिन्न गीत तथा नृत्य प्रस्तुत गरे। 'संस्कृति मानुस जातिके छेकी एक पहिचान, सबकोई एकठ्ठा हाबिके करम संस्कृतिके सम्मान' भन्ने नाराका साथ सम्पन्न कार्यक्रममा थारू संस्कृति जगेर्नामा लागिपरेका व्यक्तिहरूलाई सम्मान गरिएको थियो।

**–कमल रिमाल**

# सोनाम ल्होसार



तामाङ समाज युएईको आयोजनामा दुबईको अस्टोरिया होटलमा २८४४ औं सोनाम ल्होसार मुसा वर्ष सम्पन्न भयो। कार्यक्रममा ज्ञान लामा तथा साथीहरूको समूहले तामाङ भाषाको गीतले सबैलाई स्वागत गरेको थियो। दुई चरणमा विभाजित उक्त कार्यक्रमको प्रथम चरणको शुभकामना मन्तव्य व्यक्त गरिएको थियो।

कार्यक्रमको दोस्रो चरणमा विभिन्न गीत, नृत्य, प्रहसन, राफल चिठ्ठा आदि प्रस्तुत गरियो। विभिन्न गायक तथा कलाकारहरूको बेजोड प्रस्तुति उक्त कार्यक्रममा बले तामाङको आकर्षक कमेडी नृत्यलाई सबैले रुचाए तर अतिथि कलाकारका रूपमा ल्याइएकी अनामिकाको कला तथा नृत्य आकर्षक हुँदा हुँदै पनि केही दर्शकले भने हिन्दी गीत नराखेको भए हुन्थ्यो भन्ने गुनासोसमेत गरे। त्यसैगरी केपी किरण शर्माको देशभक्तिपूर्ण गजलले पनि श्रोताहरूको ध्यान एकोहोर्‍याएको थियो। अर्का कवि लीला खरेलको व्यंग्यात्मक शैलीको कविताले सबैलाई हँसाएको थियो। बेलुकी पाँच बजे सुरु भएको कार्यक्रम करिब दस बजेसम्म चलेको थियो।

# सकियो लेखनाथ महोत्सव




पोखरा- सात तालको बगैंचा सहर लेखनाथमा स्थित भण्ढारढिक एक सातासम्म महोत्सवमय भयो। महोत्सवमा आगन्तुकहरूको भीडले खुट्टा टेक्ने ठाउँसमेत थिएन। लेखनाथ औद्योगिक पर्यटन कृषि तथा व्यापार मेलाका रूपमा नामकरण गरिएको महोत्सवमा सुन्तला, माछा, कुखुरा, ताजा तरकारी, मह, कफीको प्रदर्शनीसँगै फुड फेस्टिबल, पर्यटन मेला बालउद्यानले मेलामा आकर्षण थपेको थियो। ३ सयभन्दा बढी स्टल रहेको महोत्सवमा लोकदोहोरी, पप गीत तथा राष्ट्रिय चर्चित हास्यकलाकारहरूका प्रहसनले आकर्षण थपेका थिए। जिरेखुर्सानी युनिटको प्रहसनले सबैलाई खित्का छाडेर हँसाउन कुनै कसर बाँकी राखेन।

महोत्सवमा आयोजित राष्ट्रिय दोहोरी प्रतियोगितामा राष्ट्रिय दोहोरी गीत प्रतिष्ठान रूपन्देही पहिलो, मान्दी दोहोरी पोखरा द्वितीय, दीपशिखा दोहोरी साँझ तृतीय तथा स्याङ्जा दोहोरी गीत प्रतिष्ठानले सान्त्वना स्थान हासिल गरेका थिए। महोत्सव अवधिभर विवाहमा नाचिने रत्यौली स्टेजमै प्रत्यक्ष देखाइएको थियो। महिला नै पुरुष बनेर देखाइएको रत्यौलीले कार्यक्रममा रौनक थपेको थियो। प्रतियोगितात्मक रत्यौलीमा प्रगतिशील महिला समूहले पहिलो स्थान हासिल गर्‍यो भने स्याङ्जाली तमु समाज द्वितीय तथा उज्ज्वल आमा समूह तृतीय भए। प्रतियोगितामा आदर्श आमा समूहले सान्त्वना स्थान प्राप्त गर्‍यो।

यस्तै विविध प्रदर्शनीमा सुन्तलातर्फ हसंपुर सुन्तला उत्पादक सहकारी संस्था, माछामा फेवा मत्स्य व्यवसाय समिति पोखरा, महमा अमृत बी किपिङ एन्ड हनी प्रोजेक्ट, जैविक विविधतातर्फ रूपाताल पुनर्स्थापना तथा मत्स्य सहकारी संस्था लिमिटेड, ताजा तरकारीमा चण्डेश्वरी कुमाल आमा समूह, कफीमा गुल्मी आर्गानिक कफी, डेरी प्रर्दशनीमा जगत कल्याण दुग्ध उत्पादक सहकारी, कुखुरामा स्थानीय आर्थिक विकास कार्यक्रम, फुडफेस्टिबलमा सृजनशील अपाङ्ग समाज तथा अटो मोबाइलमा मोरङ अटो वर्क्स उत्कृष्ट ठहरिए।

# बाग्लुङमा सडक परिकार महोत्सव

**लालप्रसाद शर्मा**



बाग्लुङ–बाग्लुङ् सदर मुकामको जेसिजचोकदेखि वीरेन्द्र चोकसम्मको सडक ध्वजापताकाले झकिझकाउ थियो। बीचको लोकतन्त्र चोकको सांगीतिक कार्यक्रमबाट सबैले मनोरञ्जन लिइरहेका थिए। सडकमा विभिन्न परिकारका स्टलले सबैको मन लोभ्याइरहेको थियो।

'परम्परादेखि आधुनिकसम्म, सिस्नो र ढिंडोदेखि पिंजा र बर्गरसम्म' भन्ने नाराका साथ बाग्लुङ जेसिजले सदरमुकाममा आयोजना गरेको दुईदिने सडक खाना महोत्सवले बाग्लुङबजार आकर्षक देखिएको थियो। विभिन्न जनजातिका परिकार एकै स्थानमा नयाँ पिँढीलाई चखाउने उद्देश्यले जेसिजले पहिलो पटक यो महोत्सवको आयोजना गरेको थियो। सडकमै बसेर विभिन्न जातजातिका खानाको स्वादमा बालकदेखि वृद्धसम्म रमाइरहेको देखिन्थ्यो।

माघ २५ र २६ गते आयोजित महोत्सवमा करिब ५० हजार सहभागी भएको आयोजकहरूले बताए। नेपाल बार एसोसियसनको कार्यकारिणी परिषद् तथा साधारणसभामा सहभागी हुन आएका देशभरका करिब ५ सय कानुन व्यवसायीलाई पनि महोत्सवले राम्रै मनोरञ्जन प्रदान गर्‍यो।

महोत्सवमा मगर, थकाली, नेवारी र बाहुन-छेत्रीका परिकारहरूको २० वटा स्टल थिए। दुई दिनमा झन्डै २० लाख रुपैयाँको कारोबार भएको महोत्सव मूल संयोजक मनोजकुमार श्रेष्ठले बताए। महोत्सवमा बाग्लुङ, पर्वत, म्याग्दी, पोखरा, स्याङ्जा, चितवन आदि स्थानबाट उल्लेख्य सहभागिता रह्यो। उक्त अवसरमा स्थानीय कलाकारहरूले सांगीतिक कार्यक्रम प्रस्तुत गरेका थिए। महोत्सवले आन्तरिक पर्यटनमा सहयोग मिलेको तथा आगामी वर्षहरूमा यो कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरिएको जेसिजका प्रकटकुमार शिशिरले साप्ताहिकलाई बताए।

## चौतर्फी व्यस्त



पोखरामा चलचित्र, म्युजिक भिडियो तथा अभिनयका लागि कलाकार चाहियो भने सबैले उनलाई सम्झन्छन् । चौतर्फी विधामा हात हालेर चर्चामा आएका ती तन्नेरी हुन् श्रीकान्त सिग्देल । म्युजिक भिडियो निर्देशन मात्र होइन, छायांकनको सबै काम पनि उनी आफैं गर्छन् । संख्यात्मक रूपमा गन्ने हो भने अहिलेसम्म उनले लोकगीततर्फ तीन सय, आधुनिक गीततर्फ डेढ सय तथा पपगीततर्फ दुई सयभन्दा बढी म्युजिक भिडियोको निर्देशन एवं निर्माण गरिसकेका छन् । चलचित्रका रूपमा उनले आर्तनाद र पानीमान्छे बनाएका मात्र छैनन् मुख्य भूमिकामा अभिनयसमेत गरेका छन् । उनले कुनै समय चर्चित रहेको सन्तोष पन्तको टेलिसिरियल हिजोआजको कुराको ३६ वटा एपिसोडमा अभिनय गरेका थिए । वीर गणेशमान, तिम्रो कसम, वाचाबन्धन, मार्केट आदि चलचित्रमा उनको अभिनय देख्न सकिन्छ । दिलको धड्कन, मायाको संसार र मार्केट चलचित्रको छायांकन पनि उनैले गरेका हुन् ।

नामसँगै दाम पनि कमाएका सिग्देलले साप्ताहिकसँग भने- 'केही गर्नलाई राजधानी नै पुग्नुपर्छ भन्ने रहेनछ ।' गन्धर्व र यात्रा दूधपोखरीको शीर्षकका दुई डकुमेन्ट्री बनाउने तयारीमा जुटेका सिग्देलको व्यस्तता अझ बढेर गएको छ ।

## ऋण तिर्दै श्रीकृष्ण



चलचित्र नायक श्रीकृष्ण श्रेष्ठले चलचित्रकर्ममा आफ्नो जीवनको झन्डै बीस वर्ष बिताइसकेका छन् । नृत्य कलाकारबाट नाट्य कलाकार त्यसपछि चलचित्रमा सहनायक हुँदै नायक बनेका श्रीकृष्णलाई सफलताको बाटोमा सहयोग गर्ने धेरै छन् । व्यवहारमा मिलनसार यी नायकले सफलताको सिंढी उक्लने क्रममा धेरैसँग ऋण लिएका रहेछन् । उनले लिएको यो ऋण कुनै आर्थिक ऋण भने होइन । उनलाई प्रायः चलचित्रमा नायकका लागि सिफारिस गर्ने नृत्य निर्देशक वसन्त श्रेष्ठ हुन् वा नजिकका मित्र द्वन्द्वनिर्देशक राजेन्द्र खड्गी तथा उनको नृत्यकला उजागर गर्न सजिलो पर्ने संगीत दिने संगीतकार शम्भुजित बासकोटा । उनलाई एकल नायक लिएर चर्चा दिलाउने लेखक तथा निर्देशक शिव रेग्मीको ऋण त उनी यो जन्मभर चुकाउन सक्दैनन् होला, तर श्रीकृष्णलाई थाहा रहेछ– आर्थिक होस् वा सहयोगी, ऋण भनेको ऋण हो र लिएको ऋण सकेसम्म समयमै चुकाउनुपर्छ । चलचित्र वृत्तमा हल्ला छ, त्यसैका लागि उनी अहिले चलचित्र निर्माता भएका हुन् । उनले निर्माण थालेको चलचित्र 'कहाँ भेटिएला'मा उनले आफूलाई नायकका रूपमा स्थापित हुन सहयोग पुऱ्याउने माथि उल्लेखित सबैलाई लिएका छन् । त्यति मात्र हो र ? आफ्ना प्रायः हिट चलचित्रका जोडी नायिकाहरू निरुता सिंह र झरना थापालाई पनि उनले बिर्सिएका छैनन् । गुणको बदला गुण, नुनको बदला नुनको नीति अपनाउने श्रीकृष्णको अनुसरण अरूले पनि गरिदिए कति जाती हुने थियो ?

## आफ्नै काम गर्ने मेलिना

अभिनयमा जम्न नसकेपछि निर्माणतर्फ लागेकी अभिनेत्री मेलिना मानन्धर अब आफ्नै काममा केन्द्रित रहने भएकी छिन् । अन्य ब्यानरका चलचित्रमा कामअनुसार दाम पाइँदैन भन्ने मेलिना आफ्नै काम गर्दा हाईसन्चो हुने बताउँछिन् । छिटफुट चलचित्रमा अभिनय गर्दागर्दै टेलिचलचित्र करुणा बनाउन पुगेकी मेलिनाले उक्त सिरियलबाट राम्रै सफलता हात पारेकी छिन् । उनलाई त सिरियलले नामका साथै दाम पनि कमाउन सघाएजस्तो लागेको छ । निर्मात्री हुनुअघि नायिकाका रूपमा परिचय बनाए पनि जम्न नसकेकी मेलिना निर्माणमा लागेपछि वास्तवमै व्यस्त हुन पुगिन् । अब केही राम्रा म्युजिक भिडियोमा काम गरे पनि अरूका चलचित्रमा समय दिएर काम गर्ने उत्साह उनमा देखिँदैन ।



तस्बिर : नेटनशा डटकम

## देशको खबर बताउँदै

नेपाली चलचित्रमा सबैभन्दा बढी राष्ट्रियताको कुरा उठाउने निर्देशक को होला ? जो-सुकैले सजिलै भन्न सक्छ तुलसी घिमिरे । हो, तुलसीका प्रायः चलचित्रमा नेपाललाई माया गरौं, नेपालीको सम्मान गरौं भन्ने सन्देश हुन्छ ।

लाहुरेदेखि दुई किनारासम्म आइपुग्दा निर्देशक घिमिरेले हरेक चलचित्रमा राष्ट्र र राष्ट्रियताका प्रसंग उठाउँदै आएका छन् । निर्देशक घिमिरेले आफ्नो पछिल्लो चलचित्रको नाम राखेका छन्– देश । जुन चलचित्र आमनेपाली चलचित्रभन्दा भिन्न त हुने नै छ, आफ्नो मुलुक बनाउन आफैं अघि सरौ भन्ने सन्देश पनि समेटिनेछ । अन्य मुलुकको तुलनामा नेपाल र नेपालीको संस्कार राम्रो छ भन्ने घिमिरे आफ्नो चलचित्रमार्फत यही कुरा प्रस्टचाउन चाहन्छन् । त्यसो त यसको व्यावसायिक पक्ष पनि उत्तिकै सबल भएको दाबी गर्छन् निर्देशक घिमिरे ।

दुई वर्ष अघिदेखि देशको खाका कोर्न थाले पनि भर्खरै मात्र घिमिरेले यसको सुटिङ सकेका छन् । त्यति मात्र होइन, प्रायः नयाँ कलाकारलाई स्थान दिँदै आएका घिमिरेले देशमा राजेश हमाल र निखिल उप्रेतीलाई मुख्य भूमिका निर्वाह गराएका छन् भने यो चलचित्रमा संगीत शम्भुजित बास्कोटाको रहेको छ ।






## दुई आरडीको कथा

चार वर्षअघि प्रदर्शनमा आएको चलचित्र माया नमारका नायक रमित ढुंगानालाई सजिलोका लागि आरडी भन्न थालियो । राधेश्यामबाट रमित बनेका उनलाई आरडी नाम अझ आधुनिक लाग्यो । त्यसताका उनी आफ्नो पुरानो नामभन्दा पनि छोटकरी नाम आरडी नै बढी प्रयोग गर्थे ।

चलचित्र बजारमा एउटा आरडी नामको नायक हुँदाहुँदै एक वर्षअघि चलचित्र जीवनदाताबाट अर्को आरडीको जन्म भयो । जीवनदाताका नायक आरडीको पुरानो नाम राजेश ढुंगाना हो । केही समयअघि एक एवार्ड वितरणमा राजेशले उत्कृष्ट नवनायकको उपाधि पाएपछि उनको पनि चर्चा हुन थाल्यो र उनी पनि आरडीका नामले चिनिन थाले ।

आफूभन्दा पछि आएको कलाकारले आफ्नो नामसँग नाम जुधाएपछि पुराना आरडी अर्थात् रमितले छोटकरी नाम त्याग्ने बिचार गरे । हिंजोआज कसैले फोन गरेर के छ आरडी भन्यो भने उनी अलमलिन थालेका छन् । रमितले मनबाटै आरडी नाम हटाइसकेका छन् तर किन ? आफूभन्दा पछि आएका कलाकारले आफ्नो नामसँग मिलाउँदैमा हार्नु हुन्छ त ? रमित भन्छन्- जे भैरहेको छ राम्रै भैरहेको छ । चल्तीका नायक रमित कुनै पनि खालका विवादमा आउन रुचाउँदैनन्, सम्भवतः उनले आरडी नाम छोड्ने कारण पनि यही नै हो ।

## वेलकम ब्याक विष्णु



वर्षौंअघि चलचित्र 'सजाय' मा देखा परेका नायक विष्णु रिजाललाई दर्शकले लगभग बिर्सिसकेका छन् । यद्यपि उनले 'मोहनी लाग्ला है', 'चाँदनी', 'नातेदार' जस्ता केही चलचित्रमा नायक हुने अवसर पाएका थिए । उनी चर्चित नायक भने बन्न सकेनन् । चलचित्रमा नभए म्युजिक भिडियो तथा 'उद्घाटन', 'थौरै भए पुगेसरि', 'पहल', 'कसुर' जस्ता दर्जनौं टेलिश्रृंखलाहरूमा भने उनले आफ्नो प्रभाव देखाए । सेल्युलोइड चलचित्रमा अभिनय गर्दाको मज्जाबाट विष्णु पनि अछुतो रहन सकेनन् । हालै उनले चलचित्र 'माझीमामा'मा नायक हुने अवसर पाए । उक्त चलचित्रमा टेलिश्रृंखलाकी व्यस्त नायिका सौजन्य सुब्बाको जोडी भएर अभिनय गरेपछि चलचित्रमा उनको सक्रियता बढेको छ । योगेन्द्र श्रेष्ठको चलचित्र 'सैनिक'मा पनि उनले अभिनय गर्ने पक्का भैसकेको छ । अब भने कतै उनले खोजेको चर्चा पाउने त होइनन् । जे-जसो भए पनि हामी भन्छौं– 'वेलकम ब्याक विष्णु ।'

## पहरोमा झुन्डिँदै चलचित्रको छायांकन



सन्तोष पोखरेल

तनहुँ– समाउने र टेक्ने ठाउँ केही छैन, हेर्दा तुरुन्तै खस्लाजस्तो देखिने डरलाग्दो अग्लो पहरोमा झुन्डिएको दृश्य देख्दा छायांकन हेर्न उपस्थित दर्शकले जिब्रो टोक्न थाले र एक-आपसमा भन्न थाले-'त्यहाँबाट लडियो भने के होला ?'

बन्दीपुरको, विमलनगरमा रहेको अग्लो पहरोमा चलचित्र छायांकन गरेको देख्दा दर्शकले यसरी नै जिब्रो टोक्दै कानेखुसी गरे । पहरोमा झुन्डिएर नेपाली चलचित्र 'शासन' छायांकन गरिएको थियो । रक क्लाइम्बिङ गर्न मिल्ने पहरोको ६० मिटर खण्डमध्ये करिब २० मिटर अग्लो पहरोमा डोरीको सहयोगमा झुन्डिएर दृश्य लिइँदै थियो ।

'हेर्दै डरलाग्लो पहरोमा सानो डोरीको भरमा चढ्नु त जोखिमपूर्ण पो हुन्छ,' विमलनगर रक क्लाइम्बिङ सञ्चालन समिति अध्यक्ष लालकाजी श्रेष्ठले बताए ।

पहरोमा झुन्डिएर साहस प्रदर्शन गरेका नायक लोकेन्द्र कार्कीले पहिलो पटक यसरी झुन्डिएर नयाँ दृश्य दिन पाएकोमा खुसी व्यक्त गरे । कार्की भन्छन्- 'नयाँ र अनौठो दृश्य समेट्न सके मात्र नेपाली चलचित्र चल्छ ।' इन्टरनेशनल मुभिज मेकिङ प्रा.लि.को ब्यानरमा निर्माणाधीन चलचित्र 'शासन' मा नायक लोकेन्द्र कार्की तथा नायिका रेखा थापा, राजेन्द्र खड्गी, रमेश अधिकारी आदि कलाकारले अभिनय गरिरहेका छन् । आकाश अधिकारीले निर्देशन गरिरहेको यो चलचित्रको कथा नायक कार्कीले लेखेका हुन् । राष्ट्रनायकले राष्ट्रमाथि शासन गर्ने मात्र नभै सबै जनताको राष्ट्रप्रति शासन हुनुपर्छ भन्ने मान्यता चलचित्रमा समेटिएको निर्देशक अधिकारीले बताए ।

करिब ७५ लाख रुपैयाँ लागत भएको उक्त चलचित्रमा काठमाडौं, पोखरा, तनहुँलगायतका स्थानको दृश्य समेटिएको अधिकारीले बताए । अधिकारीका अनुसार चलचित्रमा चारवटा गीत छन् । नायिका रेखा थापा रक क्लाइम्बिङको दृश्य नौलो र कठिन भएको बताउँदै थिइन् । 'म त रक क्लाईम्बिङकी सौखिन हुँ, त्यसैले रमाइलो लागेको छ,' उनले थपिन् ।



भूषण दाहालद्वारा निर्देशित चलचित्र 'कागवेनी' को प्रदर्शनका अवसरमा नायक सौगात मल्ल, नायिका दीया मास्के तथा चलचित्रका कलाकार गायक निमा रुम्बा । तस्बिर : इनशा डटकम

## चलचित्र

### द ब्यान्ड्स भिजिट




पर्फमिङ आर्ट बेसमा तयार भएको चलचित्र द ब्यान्ड भिजिटमा इजिप्टको सानो पुलिस ब्यान्ड इजरायल आइपुग्छ । उनीहरूले त्यहाँ आएर एउटा भव्य कार्यक्रममा सहभागिता जनाउँछन् । मरुभूमि क्षेत्र वरपरको बस्तीमा उनीहरू आफ्ना सृजना प्रस्तुत गर्छन् । यात्राका क्रममा द ब्यान्डले भोगेका विभिन्न रोमाञ्चक तथा नीरस अनुभूतिलाई चलचित्रमा प्रस्तुत गरिएको छ । १ घण्टा २६ मिनेट लामो यो चलचित्रमा हराएको बस्तीलाई ब्यान्डले पुनर्जीवन दिएको कुरा देखाइएको छ । चलचित्रमा पुलिस ब्यान्ड र स्थानिय बस्तीको कथा जोडिएको हुन्छ । इरान कोलिरिनले निर्देशन गरेको यो चलचित्रमा सलेह बाक्री, खालिफा नाटोर, रोनित एल्कावेज, रूबी मोस्कोभिच, इमाद जाबारिन आदि कलाकारले अभिनय गरेका छन् । चलचित्रमा कमेडीको प्रयोग पनि त्यतिकै रुचिकर छ ।

### जोधा अकबर



प्रदर्शनमा आउनुपूर्व नै धेरै चर्चा पाइसकेको चलचित्र 'जोधा अकबर' आज सार्वजनिक हुँदैछ । लामो समयदेखि पर्दामा नदेखिएका अभिनेता ऋतिक रोशनको यो महत्त्वाकांक्षी चलचित्रले राम्रै व्यापार गर्न सक्ने अनुमान विश्लेषकहरूको छ । जोधा अकबर १६ औं शताब्दीको प्रेमकथामा तयार भएको छ, जसमा बादशाह अकबर (ऋतिक रोशन) र राजकुमारी जोधा (ऐश्वर्या राय) को प्रेमकथालाई प्रस्तुत गरिएको छ । चलचित्रमा अकबर महत्त्वाकांक्षी राजा हुन्छन् । राज्य विस्तार गर्ने क्रममा राजा भारमलकी छोरी जोधासँग उनको विवाहको प्रस्ताव अघि सारिन्छ । यो वास्तवमा सन्धिका रूपमा आएको प्रस्ताव हुन्छ । उनीहरूबीच विवाह भए पनि विवाहका पछाडि धेरै राजनैतिक कारण जोडिएका हुन्छन् । विवाहपश्चात् राजकुमारीले राजा अकबरको खेलमा मोहरा नबन्ने अडान लिन्छिन् । त्यसपछि राजा अकबर आफ्नी श्रीमतीको मन जित्न कसरी सफल हुन्छन् भन्ने कथामा चलचित्र अगाडि बढ्छ । युटिभी मोसन पिक्चर्सको ब्यानरमा तयार भएको यो चलचित्रमा सोनु सुद, कुलभूषण खरवन्दा, सुहासिनी मुले, राजा मुराद, पुनम सिन्हा, राजेश विवेक, इला अरुण, सुरेन्द्र पाल आदिले पनि अभियन गरेका छन् । चलचित्रको निर्माता तथा निर्देशक आशुतोष गोवारीकर हुन् ।

## बेलायतमा पहिलो लाइभ ब्यान्ड प्रतियोगिता



लन्डन– आयाम साउन्ड एन्ड भिजनले यहाँ पहिलो पटक आयोजना गरेको खुला 'लाइभ ब्यान्ड कम्पिटिसन' मा ब्यान्ड ब्रिगेड अफ गोर्खाज सम्बद्ध 'यू एन्ड अस' ले 'ब्यान्ड अफ दि इयर' को टाइटलसहित अन्य थुप्रै एवार्ड जितेको छ । कोपल्यान्ड कम्युनिटी हल, वेम्लीमा सम्पन्न प्रतियोगितामा 'ब्यान्ड अफ दि इयर' भएपछि सो ब्यान्डले नगद १ लाख नेपाली रुपैयाँ, सर्टिफिकेट तथा ट्रफीसहित आफ्ना गीतको भिज्युलाइज एवं गीत रेकर्डिङ गर्ने अवसर प्राप्त गरेको छ ।

कुल ११ ब्यान्ड सहभागी प्रतियोगितामा लिड गितारिस्ट, बेस्ट ड्रमर, बेस्ट युनिक इन्स्ट्रुमेन्ट प्लेयर, बेस्ट किबोर्ड प्लेयर र बेस्ट भोकलिस्टको उपाधि पनि 'यू एन्ड अस' कै पोल्टामा परेको छ । लिड गितारिस्ट र बेस्ट ड्रमरको उपाधि जितेका हुन् क्रमशः मान लिम्बू र कुमार थापाले । 'यो जितले हामी खुसी र उत्साहित छौं,' सन् २००३ मा स्थापित 'यू एन्ड अस' का ब्यान्ड म्यानेजर इन्द्र गुरुङले भने- 'हामी आर्मीमै पनि संगीततिर भएकाले राम्रो अभ्यास थियो, त्यसैले सफल भयौं ।'

प्रतियोगितामा यू एन्ड अस, एचथ्रीजी, आशा, प्रतिविम्ब, नेपलिज गर्ल्स ब्यान्ड (एनजीबी), पेपरेज, स्टोनब्रिज, लयसूत्र, क्रल, कासासाङ तथा लयसूत्र ब्यान्ड सहभागी थिए ।


कार्यक्रमस्थल 'योङ क्राउड' ले खचाखच थियो । करिब ८ सय दर्शकले हल भरिएपछि आयोजकले टिकट बिक्री नै बन्द गरिदिएका थिए । प्रतियोगिता बेलायतमा प्रतिभावान् नेपालीले कलाकारको खोजी र उनीहरूको मनोबल उच्च बनाउन आयोजित गरिएको आयाम साउन्ड एन्ड भिजनका इभेन्ट्स डाइरेक्टर रमेशसिंह सराङकोटीले बताए ।

पहिलो विश्व



## महोत्सवमा लाखौं कन्डम

ब्राजिलमा आयोजना हुने रियो कार्निभल सम्भवतः विश्वकै ठूलो ग्ल्यामरस महोत्सव हो । उक्त महोत्सवमा केवल ब्राजिलियनको मात्र नभएर अन्य राष्ट्रका नागरिकको पनि उल्लेख्य उपस्थिति हुन्छ । उक्त महोत्सव हालै रियोलगायत साल्भाडोर र रेसिफीमा एक साता सञ्चालन भएर सम्पन्न भयो । ग्ल्यामरस कार्निभल भएका कारण आपसी समझदारीमा सजिलै यौनसम्पर्क हुने हुनाले आयोजकले त्यहाँ कन्डमको राम्रै व्यवस्था गरे । यौनमार्फत विभिन्न रोग सर्ने र त्यसमा पनि विभिन्न देशबाट आएका ग्ल्यामरस छवि भएका मानिसहरूको जमघट हुने हुँदा आयोजकले यसपटक विशेष सर्तकता अपनाए । उनीहरूले एक साता लामो महोत्सवमा लाखौं कन्डम निःशुल्क वितरण गरे । यौनसम्पर्कमा कन्डमको प्रयोग बढाउन 'ओछ्यानमा सचेत नागरिक हुँ भनेर देखाउन कन्डमको प्रयोग गरौं' भन्ने नारा बनाए । सडकमा देखिएको ग्ल्यामरको जोस कुनै होटल वा मोटलको कोठामा गएर दुर्घटनामा परिणत नहोस् भन्नका लागि आफूहरूले निःशुल्क कन्डम वितरण गरेको तथा त्यसको प्रयोग अत्यधिक होस् भन्ने चाहेको ब्राजिलका राष्ट्रपति लुइज इन्काले बताए ।






## शरीरमा रंगको कला

परम्परागत टाटु हत्तपत्त हटाउन नसकिने जटिल किसिमको भएका कारण अहिले नाङ्गो शरीरमा आकर्षक रंग प्रयोग गरेर कृत्रिम टाटु सिर्जना गर्ने चलन पश्चिमी मुलुकमा बढ्दै गएको छ । यस्तो टाटुको रंग अस्थायी हुने भएकाले टाटु पारखीहरू नाङ्गो शरीरमा आकर्षक टाटु बनाउन लगाउँछन् ।

**तस्बिर– एजेन्सी**



## भिक्टोरियाको वस्त्र त्याग

स्पाइस गर्ल सांगीतिक ब्यान्डकी सदस्य भिक्टोरिया बेकह्याम आफ्ना पति डेभिडका साथ अमेरिकामा बसोबास गर्न थालेको करिब डेढ वर्ष भयो । यो डेढ वर्षको अवधिमा उनले अमेरिका गएर महसुस गरेको प्रमुख समस्या अमेरिकाको चर्को घामका कारण देखा पर्ने सम्भावना रहेको 'स्किन क्यान्सर' को डर पनि हो । अन्य क्यान्सरको तुलनामा स्किन क्यान्सरको खतरा अमेरिकीमा बढी छ । यो क्यान्सरमा सचेतता नभए जस्तोसुकै जोखिम उठाउनुपर्ने हुनाले अहिले उनले आफ्ना तीनवटै छोरालाई सन् क्रिम लगाएर राख्छिन् । आफ्नो सचेतताले त आफ्नो परिवारको सुरक्षा हुन्छ, तर अरू यस्ता परिवार पनि छन् जो यो विषयमा अनभिज्ञ छन्, तसर्थ भिक्टोरियाले स्किन क्यान्सरका बारेमा जनचेतना जगाउन टिसर्ट डिजाइनर कम्पनी मार्क ज्याकोब्ससँग मिलेर टिसर्ट निकालिन् । उक्त टिसर्टको अघिल्लो भागमा भिक्टोरिया आफैं हत्केलाले स्तन मात्र छोपेर प्रस्तुत भएकी छिन् । भिक्टोरिया भन्छिन्- 'मेरो प्रयास घामबाट हुने स्किन क्यान्सरका बारेमा सचेतता बढाउने हो ।



## सानो पर्दा

**अहिले** अहिले नेपाल टेलिभिजनका दर्शकले हरेक दोस्रो शनिबार टेलिभिजनमा नेपाली चलचित्र हेर्न पाइरहेका छन् । दर्शकहरूको राम्रो प्रतिक्रिया प्राप्त हुन थालेपछि टेलिभिजनमा चलचित्र देखाउने ठेक्का पाएको वर्ल्डभिजन एडभरटाइजिङका उत्तम बराल उत्साहित भएका छन् । बराल भन्छन्- 'हामीले दर्शकले चलचित्र हेर्ने मात्र होइन कि उनीहरूको प्रत्यक्ष सहभागिता पनि होस् भन्ने उद्देश्यले 'वाच एण्ड विन' प्रतियोगिता पनि राखेका छौं ।' यसअघि केही वर्ष पहिले नीर शाहद्वारा सञ्चालित सांग्रिला च्यानलको 'डे टेलिभिजन' अन्तर्गत हरेक दिन नेपाल टेलिभिजनको दिउँसोको प्रसारणमा लगभग ५० वटा चलचित्रले लगातार सय दिन मनाउने अवसर पाएका थिए, तर करोडौं घाटा



भएपछि नेपाल टेलिभिजनबाट 'डे टेलिभिजन' बन्द भयो । त्यसअघि पनि नेपाल टेलिभिजनकै सक्रियतामा हरेक शुक्रबार राति केही पुराना नेपाली चलचित्र देखाउने क्रम सुरु भएको थियो, तर विज्ञापन र दर्शक दुवैको अभावका कारण त्यसले निरन्तरता पाउन सकेन । नेपाल टेलिभिजन मात्र होइन, केही वर्षअघि नै च्यानल नेपालले नेपाली चलचित्र निर्माताहरूसँग चलचित्र प्रसारण अधिकार लिएर नेपाली चलचित्र देखाउने प्रयास गरेको थियो । उक्त च्यानलले केही नेपाली चलचित्र देखाए पनि उति राम्रो प्रतिक्रिया पाउन सकेको थिएन । बराल भन्छन्- 'यसपटक भने हामीले गरेको कामको प्रशंसा भैरहेको छ । 'पहिले नेपाली चलचित्रको प्रसारण शुल्क बढी थियो । हामी आँट नै गर्न सक्दैनथ्यौं । त्यसमाथि दर्शकले रुचाउलान् कि नरुचाउलान् भन्ने शंका पनि उत्तिकै थियो । हाम्रो शंका अहिले हटेको छ ।' नेपाली चलचित्र देखाउनु राम्रो हो, तर पनि यो योजनाअन्तर्गत टेलिभिजनमा दर्शकले पुराना र असफल चलचित्रहरू मात्र हेर्न पाइरहेका छन् । नेपाल टेलिभिजनमा एउटा हिन्दी चलचित्र प्रसारण गरेबापत ७० हजारदेखि १ लाख रुपैयाँसम्म पर्छ, तर नेपाली चलचित्रले त्यति रकम पाउन सकेका छैनन् ।।

## लभ गुरु रेख



पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

म तपाईंको चलचित्र नबिराई हेर्छु। तपाईंको चुलबुलेपन, नृत्यकला र अभिनयले मलाई मोहनी लगाएको छ। म तपाईंजस्तै खुबी भएकी युवतीसँग प्रेम गर्न चाहन्छु, तर मैले तपाईंजस्ती युवती भेटेकै छैन। त्यसैले म तपाईंसँग नै प्रेम गर्न आतुर छु। के तपाईंलाई मेरो प्रेम स्वीकार्य छ ? कृपया सीधा जवाफ दिनुहोला।

–तपाईंलाई औधी मन पराउने

तपाईंको प्रश्न पढेपछि म धेरै बेर हाँसिरहें। मलाई पर्दामा देखेर मन पराउने धेरै भेटेकी छु। उनीहरू मेरा राम्रा प्रशंसक हुन्। उनीहरूसँग भेटेर कुराकानी गरेपछि म आफ्नो लक्ष्यमा सफल भएछु भन्ने लाग्छ। म चलचित्रकी नायिका मात्र होइन, मेरा सबै प्रशंसकको 'ड्रिमगर्ल' पनि बन्न चाहन्छु। चलचित्रको पर्दामा मलाई देखेर तपाईं मलाई आफ्नी प्रेमिका पनि मान्न सक्नुहुन्छ। मेरा चलचित्र नबिराई हेर्नुहुँदो रहेछ, ज्यादै खुसी लाग्यो। मजस्ती युवतीलाई प्रेमिका बनाउन चाहनुहुँदो रहेछ। मजस्ती होइन, म नै छु नि, तपाईंकी प्रेमिका। एउटा कलाकारलाई उसका प्रशंसकले प्रेम नगरे ऊ त मरिहाल्छ नि। तपाईंको मप्रतिको प्रेम पढेर म पनि तपाईं तथा तपाईंजस्ता लाखौं प्रशंसकलाई प्रेम नगरी बस्न कहाँ सक्छु र ? अनाम प्रेमपत्र पठाउने प्रेमी, तपाईंको एउटा कुराचाहिँ मान्नैपर्छ। यस्तो हिम्मत जो–कोहीले कहाँ गर्न सक्छन् र ?

तस्बिर : कवीन्द्रमान, मोडल संसार डटकम


## फिल्मी खबर

**केही** वर्षअघि नेपालको उत्तरी क्षेत्रको भ्रमणमा निस्किएका निर्देशक आकाश अधिकारीले डोल्पाको एउटा गाउँको एउटा घरमा बास बस्दा त्यहाँका स-साना बालबालिकाहरूसँग उनीहरूका बुबाको नाम सोधेछन्। बालबालिकाले एक साथ पाँच जनाको नाम बताएपछि अधिकारी चकित परे। हालै आफ्नो महत्त्वाकांक्षी चलचित्र 'सूर्योदय'को शुभारम्भ घोषणा कार्यक्रममा अधिकारीले उक्त घटना बताउँदै डोल्पाको उक्त गाउँलगायतका क्षेत्रमा प्रचलनमा रहेको बहुपति प्रथामा चलचित्र निर्माण गर्ने सोच पलाएको र घोषित चलचित्र त्यही विषयमा आधारित हुने बताए। विगत एघार वर्षदेखि उक्त विषयमा अनुसन्धान गरिरहेका आकाशले उक्त चलचित्र चार वर्षअघि नै घोषणा गरिसकेका थिए। विषय भए पनि लगानी नजुरेकाले चलचित्र आरम्भ नगरेको बताउँदै कार्यक्रममा उनले भने-'अहिले केही आप्रवासी साथीहरू तथा चलचित्र उद्योगका केही हस्तीलाई लिएर यो चलचित्र बनाउँदैछु। १४ करोड निर्माण लागत अनुमान गरिएको चलचित्र 'सूर्योदय' मा एक साथ केही नयाँ कुरा थपिएको अधिकारीको दाबी छ।

**नायक** भुवन केसीले निर्माण गरिरहेको चलचित्र 'तिमीबिना मरिहाल्छु'को निर्माणकार्य अन्तिम चरणमा पुगेको निर्माता तथा नायक केसीले बताएका छन्। शम्भुजित बासकोटाको संगीत, वसन्त श्रेष्ठको नृत्य, राजेन्द्र खड्गीको द्वन्द्व निर्देशन रहेको उक्त चलचित्रको निर्देशन दयाराम दाहालले गरेका छन्। सैन्य पेसामा लागेका एक मानिसको दोहोरो प्रेमकथालाई आधार बनाइएको उक्त चलचित्रमा भुवन केसीका अतिरिक्त झरना थापा, सुस्मिता केसी, अर्पणा सिंह, पुजाना आदिको मुख्य भूमिका छ।

**चलचित्र** निर्मात्री तथा नायिका जेनी कुवरद्वारा निर्माण गरिएको चलचित्र 'घायल' प्रदर्शनका लागि तयार भएको छ। केही समयभित्रै काठमाडौं उपत्यकाबाट प्रदर्शनमा ल्याइने उक्त चलचित्रमा प्रेमकथालाई मूल विषय बनाइएको छ। मदन घिमिरेले निर्देशन गरेको चलचित्र 'घायल' कमलजंग कुवरको प्रस्तुति हो भने यसका लेखक विकास आचार्य हुन्। मदन घिमिरे, गोवर्द्धनपूजा र दयाराम पाण्डेले गीत रचना गरेको यो चलचित्रमा महेश खड्काको संगीत, दिनेश पाख्रिन र गोविन्द राईको नृत्य-निर्देशन, योगेन्द्र श्रेष्ठको द्वन्द्व निर्देशन तथा युवराज राईको छायाङ्कन हेर्न पाइन्छ। यो चलचित्रमा राजेश हमाल, निखिल उप्रेती, विक्रान्त बस्नेत, अरुणिमा लम्साल, जेनी कुवर, रेजिना उप्रेती, लता तामाङ, दिनेश थापा, किशोरजंग राणा, प्रमोद दीप, जयकिशन बस्नेत, महादेव त्रिपाठी, रेसम फिरिरी, मुकुन्द थापा, शंघरत्न महर्जन, योगेन्द्र श्रेष्ठ, दावा शेर्पा आदिले अभिनय गरेका छन्।

**विगत** चार वषदेखि विविध कारणवश तयार हुन नसेकेको चलचित्र 'तिम्रो मायामा' अब बल्ल



तयार भएको छ। केही समयअघि राजधानीमा प्रिमियर सोसमेत गरिसकिएको उक्त चलचित्रलाई सार्वजनिक गर्ने तयारी भैरहेको छ। सुदीक्ष चलचित्र निर्माण कम्पनीको ब्यानरमा गणेश भण्डारी, लीलाधर न्यौपाने र मानप्रसाद सुवेदीद्वारा निर्मित उक्त चलचित्रका लेखक तथा निर्देशक राजेश विश्वकर्मा हुन्। सुरेश अधिकारीको संगीत, कमल राईको नृत्य, कुमार एन्ड कुमारको द्वन्द्व तथा शिवरत्न ढकालको छायांकन रहेको यो चलचित्र प्रेमकथामा आधारित छ। दिवस बस्नेत, स्मृति स्वर्णकार तथा प्रसाद सुवेदीजस्ता नयाँ कलाकारले अभिनय गरेको यो चलचित्रमा उत्तम प्रधान नायक छन् भने उषा पौडेल, टीका पहाडी, सपना श्रेष्ठ एवं अञ्जली लामाले प्रमुख भूमिका निर्वाह गरेका छन्।

# जम्का भेट

२०२८ सालमा नेपाली चलचित्र जगतमा हास्य कलाकारका रूपमा प्रवेश गरेपछि हास्य विधासँगै गायन, नृत्य, खलनायक आदिका रूपमा समेत आफ्नो परिचय बनाउन सफल छन् किरण केसी। २०१४ सालमा इमाडोल, ललितपुरमा तेह्र सन्तानमध्ये सबैभन्दा कान्छा सन्तानका रूपमा जन्मिएका केसी यस वर्ष "ए राता मकै" एल्बम र पाँच विदेशी मुलुक तथा दर्जनौ स्वदेशभित्रका कार्यक्रमले चर्चामा आएका छन्। यसअघि उनले "धरोधर्म माइली मैले रक्सी छोडीसकें, गोदावरीका नौवटा नौ धारा, जे भयो राम्रो भयो गरी २५ वटा गीत गाइसकेका छन्।



**अब बूढो भइयो जस्तो लाग्दैन ?**
अनुहारलाई लागे पनि मनलाई लाग्दैन।

**जन्मदिन कसरी मनाउनुहुन्छ ?**
देश नै संक्रमणकालमा भएकाले पशुपतिमा बाहुन बेलाएर पञ्चकन्या तथा बृद्धवृद्धालाई भोजन एवं लुगाफाँटा बाँडछु।

**तपाईं असार पन्ध्रमा जन्मिएको मानिस धान रोप्न आउँछ ?**
आउँदैन, बाउसे गर्न, आली लगाउन आउँछ। त्यो पनि बीस वर्ष भैसक्यो नगरेको बिर्सिसकियो होला।

**तपाईंको जन्मका केही कुरा भन्नुहोस् न ?**
दिनभरि हल्का पानी तथा चट्याङ थियो रे। दही-चिउरा खाई असार पन्ध्र मनाएपछि राति ९ बजे जन्मिएको थिएँ रे। मेरो जन्मदिनपछि नै मेरो बुबा पदोन्नति भएर कर्णेल हुनुभएको थियो।

**गीत गाउनु तपाईंको कस्तो रुचि हो ?**
रहर हो, आठ-नौवटा गीत गाउँदा राम्रो लाग्यो। त्यसैले क्रमहरू बढ्दै गए। अब त नमर्ने बेलासम्मै गाइन्छ।

**गीतमा धरोधर्म रक्सी छाडें भन्नुहुन्छ ? के रक्सी छाडेकै हो त ?**
आम्मै, रक्सी छाडेको छ वर्षपछि त यो गीत गाएको। अझ चुरोट छाडेको त दुई वर्ष चानचुन र सुपारी छाडेको दुई वर्ष भैसक्यो।

**आफ्नै थेगो र नामलाई गीतमा हाइलाइट गरेको देखिन्छ किन होला ?**
संगीतकार सुरेन्द्र रानालाई एउटा हिट हुने गीत बनाइदिन अनुरोध गरेको थिएँ, पछि गीत पाएपछि छन्द मिलेको गीत सुनेर धन्यवाद दिँदै उहाँलाई अंकमाल गरेको थिएँ।

# 'घरकी मूर्गी दाल बराबर' किन भनिएको होला ?

## केवल एक प्रश्न



प्रश्न इन्ट्रेष्टिङ लग्यो, यो उखान हो। (हाँसो) सधैं खाइरहने कुराको 'भ्यालु' छैन भन्न खोजिएको हो तर यो प्रश्न अलि तन्नेरीसँग सोध्नुहोला।

**हरिबहादुर राउत, लोक गायक**

यो त आ-आफ्नो सोचको कुरा हो। यस्तो कुरा मेरा साथीहरू पनि भन्छन्। नजिकको तीर्थ हेला भने झैं हो यो पनि। सधैं एउटै कुरा हुँदा मनोटोनस हुन्छ नि।

**धीरेन शाक्य, नायक**

के प्रश्न सोध्नुहुन्छ यार यस्तो ? ...पख्नुहोस है, अब सोधेपछि राम्रै उत्तर दिनुपर्‍यो नि। प्रायः यौनको सवालमा लोग्ने-स्वास्नीबीच चल्ने संवाद हो यो। ल सुन्नुस् अहिले दालको मूल्य बढी छ, बरु आफ्नै घरमा कुखुरा पालियो भने दालको काम गर्छ भनिएको होला।

**मनोज गजुरेल, हास्य कलाकार**

म टाढा छु दाइ, राजधानी बाहिर छु। (हाँसो) राम्रो सुनिनँ। (लजाउँदै) आफूसँग भएको अमूल्य चीज (हाँसो) को भ्यालु नभएर होला।

**कृषा चौलागाईं, चलचित्र निर्मात्री**

यो भनेको कस्तो भने बिल क्लिन्टनले हिलारी छोडेर मोनिकासँग साइड खेले। अभिषेकलाई पनि ऐश्वर्या छाडेर एकपटक रानी मुखर्जीसँग भेट्न पाए हुन्थ्यो भन्ने होला। नेपालमा करिष्मालाई छाडेर एकछिन अर्कीलाई भेट्न पाए हुन्थ्यो भन्ने लाग्ला विनोद मानन्धरलाई। यी सबै उदाहरण त्यही उखान चरितार्थ गर्नका निम्ति हुन्।

**नारद खतिवडा, हास्यकलाकार**



# लाइफस्टाइल युवापुस्ताको




**शिव शर्मा**

पोखरा– डिस्को तथा डान्स बारमा छिर्नु र रातभर मस्ती गर्नु मात्र अहिलेका तन्नेरी-तरुनीहरूको दैनिकी होइन। यद्यपि धेरैले यस्तै लाइफ स्टाइल अंगीकार गरेका छन्। एक अध्ययनअनुसार ५० प्रतिशत तन्नेरी डिस्को तथा बारमा झुम्न मन पराउँछन्। मोडल हेमा गुरुङलाई डान्स पार्टीमा झुम्न पाएपछि जीवन नै फेरिएको अनुभव हुन्छ। सबैको मनोरञ्जनको आ-आफ्नै पारा होला, डान्समा झुम्दै हेमाले साप्ताहिकसँग भनिन्- 'म यही संसारमा रम्न मन पराउँछु।'

यद्यपि यही स्टाइल सबैलाई मन पर्छ भन्ने छैन। जसलाई जे मनपर्छ त्यही शैलीमा रमाउने अधिकार हरेकलाई छ, तर अन्जु श्रेष्ठ भने डान्स पार्टीमा रमाउन मन पराउँदिनन्। उनी प्रायः इन्टरनेटकै संसारमा हराउँछिन्। इन्टरनेट च्याटिङमा गफिँदै नयाँ-नयाँ साथी बनाउनु उनको रुची हो। घण्टौंसम्म इन्टरनेटमा ह्याङ हुन मन पराउने अन्जु भन्छिन्- 'रमाइलो मात्र हुँदैन, इन्टरनेट सर्च गरेपछि धेरै जानकारी हासिल गर्न सकिन्छ।' अञ्जु मात्र होइन, उनीजस्ता धेरै युवा-युवती आफ्नो फुर्सदको समय इन्टरनेटको संसारमा व्यतीत गर्छन्, तर सबैको रमाउने शैली फरक-फरक हुने गरेको छ।

परिवर्तनशील समयले हरेकलाई आफ्नै पारामा रमाउने अवसर दिएको हरेकको आ-आफ्नै रुचिअनुसारका लाइफ स्टाइल छन्। गायक सोभित बस्याललाई खाने-पिउने र डान्समा झुम्ने परिवेश त्यति निको लाग्दैन। उनी नयाँ-नयाँ ठाउँमा पुगेर साथीहरूसँग रमाइलो गर्दै दिन कटाउन मन पराउँछन्। धेरै समय गीतको कम्पोजमा बित्छ, अरू समय भने कुनै नयाँ ठाउँ पुगेर साथीहरूसँग रमाइलो गर्छु, बस्यालले साप्ताहिकसँग भने।

केही फरक विचार राख्नेहरू अहिले तन्नेरी पुस्ताले अपनाउने जीवनशैलीलाई त्यति निको पनि मान्दैनन्। त्यसलाई पश्चिमेली (विकृत) शैली भनेर टीकाटिप्पणी गर्नेहरू पनि छन्। अरू सबै शैली ठीक भए पनि रातभर डान्समा मदिराको तालमा झुमेर नाच्ने प्रवृत्ति त्यति राम्रो मान्न सकिँदैन, सीताराम अधिकारी भन्दै थिए- 'यही डान्सपार्टीमा मारपिटका घटनाहरू पनि हुन्छन्।' तर यसो भन्दैमा तन्नेरी पुस्ता डान्सपार्टीको रमाइलो चटक्कै छोड्न सक्दैनन्। फेरि सधैं मारपिट हुन्छ भन्ने पनि त छैन। कहिलेकाहीं हुनु स्वाभाविक पनि हो, डान्सपारखी इश्वर गुरुङ भन्छन्। उनीजस्तै धेरैलाई आ-आफ्नै पारामा रमाउने लत बसिसकेको छ। सधैं अध्ययन र कामको बोझ लिएर मात्र पनि त भएन। त्यसबाहेकको समय रंगरसलाई पनि दिनैपर्छ। अहिले नयाँ-नयाँ जीवनशैलीले हरेकलाई गाँज्दै लगेको छ। तन्नेरीसँगै वयस्कहरू पनि यो मामिलामा कम देखिँदैनन्।

फरक जीवनशैलीसँगै घरमै बसेर विभिन्न टेलिभिजन च्यानल हेरेर मनोरञ्जन गर्नेहरू पनि छन्। यसमा युवाहरूको तुलनामा युवतीहरूको संख्या अधिक छ। हिमालीटोल पोखराकी शान्ता गुरुङलाई पनि यही जीवन शैली मन पर्छ। गुरुङ भन्छिन्- 'म फुर्सदको अधिकांश समय टेलिभिजन च्यानल हेरेर व्यतीत गर्छु।'

कसैलाई खानपिउन त कसैलाई रमाइलो गर्न मन लाग्छ, तर मोडल वीरेन भण्डारी भने नयाँ पहिरन र स्टाइलिस्ट बाइकमा जीवनसाथीलाई हुइँक्याएर हिंड्न मन पराउँछन्। उनको पहिरन अनि बाइक दुवैको स्टाइलको सबैले प्रशंसा गर्छन्। भण्डारीजस्तै कतिपय तन्नेरी बाइकमा हुइँकिँदै नयाँ-नयाँ ठाउँमा डेटिङ जान मन पराउँछन्, तर आजभोलि डेटिङको शैलीमा पनि परिवर्तन आएको छ। डेटिङका लागि प्रेमी-प्रेमिका नै हुनुपर्दैन। आफ्नो मन मिलेको साथीसँग पनि डेटिङ जान सकिन्छ, नयाँगाउँ पोखराका एक तन्नेरी भन्छन्- 'मन पर्ने साथीसँग पालैपालो डेटिङ जान्छु।' डेटिङ जानु अहिले फेसनजस्तै भएको छ। समयअनुसार आफूलाई मन पर्ने शैली अपनाउनु नराम्रो होइन, पृथ्वीनारायण क्याम्पसमा अध्यापनरत सुशील भट्टराई भन्छन्- 'तर सभ्य भने हुनुपर्छ।'



## साताको स्वर



### यसकुमार

**पुरानो गाउँ क्या राम्रो ठाउँ ...कस्तो प्रकारको गीत हो ?**

यो लोकशैलीको गीत हो । गीत रोमान्टिक भए पनि म्युजिक भिडियो ट्रयाजेडी बनेको यो गीत सेमी पप गीत हो ।

**गीतको भाव कस्तो छ ?**

एउटा संगीत शिक्षकले गाउँकै एक जना शिक्षिकालाई मन पराएको हुन्छ, शिक्षिकाले पनि उसलाई भित्रैदेखि मन पराएको भए पनि बाहिर मन नपराएको नाटक गर्छिन् । शिक्षकले प्रेम गर्ने बताए पनि उनले अस्विकार गर्छिन्, पछि अचानक शिक्षकले गाउँ छोड्छ, शिक्षिकाले आफ्नो प्रेम अभिव्यक्त गर्ने पाउँदिनन् ।

**गीतको प्रतिक्रिया कस्तो पाउनुभयो ?**

यसभन्दा अघि मलाई वियोगका गीत मात्र गाउने गायकका रूपमा चिनिन्थ्यो, तर यो गीतले मलाई रोमान्टिक गायकका रूपमा पनि चिनाएको छ । त्यसैले पनि धेरैले गीतको भिडियोमा पनि वियोगान्तको सट्टा संयोगान्त गराएको भए राम्रो हुन्थ्यो भनेर प्रतिक्रिया दिएका छन् ।

**गीतको लक्षित समूह को हो ?**

युवाहरू, खासगरी टिनएजर्स नै हुन्, तर मेलोडी राम्रो भएकाले गीतलाई सबैले मन पराउन सक्छन् ।

**भिडियो कस्तो बन्यो त ?**

मलाई आफैंले खेलेका म्युजिक भिडियोमध्ये यसमा सुहाएको छ भनेर प्रतिक्रिया आएको छ । गायक प्रकाश ओझाले गीतलाई सुहाउने गरी भिडियो निर्देशन गर्नुभएको छ ।

**रकसंगीत** समूह 'मुकुट'का सदस्यहरू हाल दुवै मृगौला खराब भएकी एउटी पीडित महिलालाई उपचारका निम्ति सहयोग जुटाउने अभियानमा लागेका छन् । गायक नवीन के. भट्टराई, उदेश श्रेष्ठ तथा संगीतकर्मी सलिल कनिकाको समेत सहभागितामा हाल डायोलोसिस गरिरहेकी २१ वर्षीया जया गुरुङलाई सहयोग जुटाउँदै छन् । दुवै मृगौला काम नलाग्ने भएपछि राजधानीको एक विद्यालयकी शिक्षिकासमेत रहेकी गुरुङलाई चिकित्सकहरूले किड्नी ट्रान्सप्लान्ट गर्नुपर्ने बताएका छन् । त्यसका लागि रु. १० लाख लाग्ने भएकाले निम्नवर्गकी गुरुङलाई मुकुट समूह सहयोग जुटाउन तत्पर भएको हो । त्यसका लागि ती कलाकारहरूसहितको समूहले यसै सातादेखि राजधानीका विभिन्न कलेजमा कार्यक्रम गर्दै रकम जम्मा गर्दैछ । यसका अतिरिक्त स्टान्डर्ड चार्टर्ड बैंकको खाता नम्बर १८-१८७७७९-०१ मा सहयोग रकम जम्मा गरिदिन इच्छुक दातालाई उनीहरूले विभिन्न संचार माध्यममार्फत उनीहरूले आग्रह गरेका छन् । सहयोग गर्न इच्छुकले मुकुट समूहको इमेल mukut@hotmail.com अथवा मोबाइल नम्बर ९८४१६३००६६ तथा ९८४१७३०४५० मा सम्पर्क गर्न सक्छन् ।

**गत** साता राजधानीमा चलचित्र 'फैसला'को गीतिक्यासेट एक कार्यक्रमबीच विमोचन गरियो । चलचित्रका निर्माता तथा एक नायक शिव गिरीका अनुसार केही साताअघि उपत्यकाबाहिरबाट प्रदर्शनमा आएको उक्त चलचित्रको गीतिएल्बम भने तयार भैसकेको थिएन । त्यसैले प्रदर्शनको केही समयपछि चलचित्रको एल्बम विमोचन गरिएको हो । महेश खड्काद्वारा संगीतबद्ध उक्त चलचित्रका निर्देशक मदन घिमिरे हुन् ।

**काठमाडौंको** वनस्थलीस्थित श्रीकृष्ण गुरुकुल संगीत पाठशालाले शनिबार विविध सांगीतिक कार्यक्रमका साथ आफ्नो तेस्रो वार्षिकोत्सव मनाएको छ । तीन वर्षमा एक सय जना संगीतकर्मी जन्माइसकेको उक्त पाठशालाको कार्यक्रममा शास्त्रीय गायक धनबहादुर गोपालीले एक घण्टा शास्त्रीय रागहरू सुनाएका थिए भने अन्य संगीत साधकहरूमा पाठशालाका संरक्षक एवं संगीत गुरु तिलकसिंह पेलाका साथै प्रशिक्षार्थीहरूले पनि शास्त्रिय गायन प्रस्तुत गरेका थिए । कार्यक्रममा गीतकार चेतन कार्की, संगीतकार बुलु मुकारुङ, राजु सिंह आदिले मन्तव्य व्यक्त गरेका थिए भने शास्त्रीय गायक गोपालीले पाठशालाकी प्रशिक्षार्थी रीता थापालाई यस वर्षको श्रीकृष्ण गुरुकुल प्रतिभा पुरस्कार प्रदान गरे ।

**मुस्ताङ** सेवा समाज नेपालद्वारा शनिबार राजधानीमा एक सांस्कृतिक कार्यक्रमको आयोजना गरियो । मुस्ताङ जिल्लाका वृद्धवृद्धा तथा अपाङ्गको सहयोग तथा वृद्धाश्रम निर्माणका लागि आयोजना गरिएको उक्त कार्यक्रममा गायिका कुन्ति मोक्तान, गायक धीरज राई, त्रिलोक राना, राजु गौचन तथा यज्ञ राईले विभिन्न गीत प्रस्तुत गरी दर्शकहरूलाई मनोरञ्जन प्रदान गरे । कार्यक्रममा हास्यकलाकार रवि डंगोल (वेइमान) तथा गोपाल ढकाल (छन्दे)ले हास्यप्रहसन प्रस्तुत गरेका थिए ।

**नुवाकोट** जिल्लाको तुप्चे गाविस घर भै हाल काठमाडौं उपत्यकामा बसोबास गरिरहेका तुप्चेवासीहरूको तुप्चे एकता समाजले गाउँको आर्थिक विकासका निम्ति सहयोग जुटाउने उद्देश्यले शनिबार बालाजु बाइसधारा उद्यानमा लोकदोहोरी तथा सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा लोकगायक बमबहादुर कार्की, कमल गाउँले, ऋषि अधिकारी, जिसी अधिकारी तथा लोकगायिका शिला आले, शर्मिला गुरुङ, मनु वाइबा आदिले विभिन्न भाकाका लोकदोहोरी प्रस्तुत गरेका थिए ।

**नवौं** इमेज एवार्डको राष्ट्रिय गीत विधामा एवार्ड विजेता गीत 'जागे नेपाली' सहित आठवटा गीत समावेश गरिएको गायक सुमित खड्काको राष्ट्रिय गीतसंग्रह 'कोही छैन यहाँ पराई' सार्वजनिक भएको छ । एल्बमका गीतहरूमा उनलाई गायक शिशिर योगी, फुर्वा शेर्पा, प्रबलदीप विश्वास, सीताराम पोखरेल तथा गायिका रानुदेवी अधिकारी र प्राश्ना शाक्यले साथ दिएका छन् ।

**'मुटु** छुने लुम्लेको हावाले' गीतबाट चर्चामा आएको कास्कीको लोकपप संगीत समूह 'परिवेश'का चर्चित गीतहरूलाई रिमिक्स गरिएको छ । समूहका गायक तिलकबम मल्लका अनुसार समयको मागलाई ध्यानमा राख्दै एल्बम 'परिवेश रिमिक्स' तयार पारिएको हो । 'मुटु छुने', 'ट्याक्सी सरर', 'हातमा रुमाल' लगायत आठवटा गीतको रिमिक्स संकलित उक्त एल्बमलाई एबीसी म्युजिकले यसै साता सार्वजनिक गरेको छ ।

**हालै** तीन जना गायक इजरायलमा कार्यक्रममा सहभागी भै स्वदेश फर्किएका छन् । नेपाली गायकहरू संलग्न गराई इजरायलमा तेस्रो पटक आयोजना गरिएको उक्त कार्यक्रममा यस पटक गायकहरू अविनाश घिसिङ, मिग्मा शेर्पा र विजय लामा प्रस्तुत भएका थिए । 'नेपाली साँझ इन इजरायल' शीर्षकको उक्त कार्यक्रम त्यहाँ कामगरी बसेका नेपालीहरू सामु प्रस्तुत गरिएको थियो ।

**खाना,** गीतसंगीत तथा मनोरञ्जनात्मक खेलहरूका साथमा ललितपुरको झम्सीखेल युवा क्लबद्वारा आफ्नो दसौं वार्षिकोत्सवका अवसरमा 'झम्सीखेल महोत्सव' सम्पन्न भएको छ । महोत्सवमा १९७४ एडी, रविन एन्ड द न्यु रिभुलेसन, कवबेभ आदि रक समूहहरूले स्थानीय युवाहरूलाई मनोरञ्जन गराएका थिए भने नवराज घोरासैनी, हरि थापा, रेशम थापा, शिला आले, देविका केसी, मञ्जु केसी आदि लोकदोहोरी गायक-गायिकाहरूले विभिन्न लोकगीत सुनाएर दर्शकहरूलाई नचाए ।

**एकताका** 'यस्तै रहेछ यहाँको चलन' गीतबाट गायिका देविका बन्दनाका साथै गायक अमर तण्डुकार पनि चर्चामा आएका थिए । तण्डुकार केही समय हराए पनि फेरि अर्को एल्बमका साथ झुल्किएका छन् । उनले हालै 'लुक्ला स्याङ्बोचे' शीर्षकमा एकल एल्बम बजारमा ल्याएका छन् ।

**मोबाइल** प्रयोगकर्ताले नेटवर्क नभएर तथा अन्य कारणले भोग्नुपरेको समस्यालाई गायक रामचन्द्र काफ्लेले गीतका रूपमा प्रस्तुत गरेका छन् । मोबाइल सेवा प्रदायकहरूलाई व्यंग्य गर्दै मोबाइलका समस्याको वृत्तान्त समेटिएको एल्बम 'नेटवर्क बिजी छ'लाई बजारमा आइसकेको छ ।

**लोकदोहोरी** कलाकारहरू विमलराज क्षेत्री, विष्णु माझी, लक्ष्मी न्यौपाने तथा कुलेन्द्र विश्वद्वारा गाइएका लोकदोहोरी गीतहरूको संग्रह 'बाँसैको लिङ्गो निहुरेको' को विमोचन हालै गीतकार तथा चलचित्रकर्मी चेतन कार्कीले गरेका छन् । एल्बमलाई उत्तर गंगा क्यासेट सेन्टरले बजारमा ल्याएको हो ।

**विदेशमा** रहेर पनि नेपाली संगीत र संस्कृतिको जर्गेनामा समर्पित द भाइब्ज समूहलाई अमेरिकास्थित सामाजिक संस्था मदरल्यान्ड नेपालले सम्मान गरेको छ । अमेरिकी समाजसेवी मार्टिन लुथर किङ दिवसको अवसर पारेर क्यालिफोर्नियाको बरकेलीस्थित माउन्ट एभरेस्ट रेस्टुराँमा उक्त सांगीतिक समूहलाई सम्मान गरिएको थियो । अमेरिकामा बसोबास गरिरहेका नेपालीहरूमाझ चर्चित उक्त पप-रक संगीत समूहले एक सांगीतिक कार्यक्रममार्फत संकलित रकम गत वर्ष बाढीपीडित नेपालीहरूलाई सहयोग गरेको थियो । अमेरिकामा आयोजना गरिएको नेपालीहरूको एक सम्मेलनमा समूह एक मात्र प्रत्यक्ष प्रस्तुतिका लागि छनौटमा परेको थियो । तीन वर्षअघि अमेरिकामा अध्ययनरत तीन जना युवाको सक्रियतामा स्थापित 'द भाइब्ज'मा दिरेकलाल श्रेष्ठको व्यवस्थापनमा गायक एवं संगीतकार प्रयिन सिंह र लिड गिटारिस्ट रूपक लामा छन् । अमेरिकामा विशेष गरी शास्त्रीय नेपाली संगीतलाई लिएर विभिन्न सांस्कृतिक कार्यक्रम गर्दै आएको समूहले आगामी ०६५ मा नेपालबाटै पहिलो एल्बम विमोचन गर्ने योजना बनाएको समूहका गायक तथा संगीतकार प्रयीन सिंहले नेपालसाइड अनलाइनमा बताएका छन् ।

## अफबिट



डिजे एलेक्सको रिमिक्स म्युजिक भिडियो 'राम जाने' मा कम्मर मर्काउँदै मोडलहरु । तस्बिर : फुर्सद डटकम

## लाइभ शो

**नयाँ** बानेश्वरस्थित होटल एभरेस्टको क्लब ग्यालेक्सीमा हरेक बिहीबार राति महिलाहरूका लागि भनेर डान्सपार्टीको आयोजना हुन थालेको छ । 'गोरजियस्' शीर्षकमा आयोजना हुन थालेको उक्त डान्स पार्टीमा आगन्तुक महिलालाई चकलेट उपहार दिएर निःशुल्क प्रवेश गराइन्छ भने उनीहरूले पुरुष सेलिब्रेटीहरूसँग एउटै फ्लोरमा डान्स गर्न पाउने व्यवस्था छ । राति नौ बजे आरम्भ हुने उक्त डान्स पार्टीमा डिजे अंकितले संगीत घन्काउँछन् ।

## नजिकबाट — मीरा राणा

| | | |
|---|---|---|
| जन्ममिति | : | विजयादशमीका दिन, २००८ साल |
| आमाबाबुको नाम | : | स्व. शम्भुप्रसाद मिश्र, निर्मला मिश्र |
| श्रीमान्ले बोलाउने नाम | : | मिरू |
| सांगीतिक गुरु | : | गोपाल योञ्जन, शम्भुप्रसाद मिश्र (बुबा), चन्द्रराज शर्मा |
| गायन क्षेत्रमा प्रवेश | : | २०२२ सालमा |
| अध्ययन | : | संगीतमा स्नातक |
| पहिलो बाजा | : | तानपुरा |
| पहिलो प्रेम | : | श्रीमान् |
| मनपर्ने गायिका | : | तारादेवी, अरुणा लामा |
| नयाँ गायक-गायिका | : | अन्जु पन्त, रामकृष्ण ढकाल, यम बराल, सपनाश्री, माण्डवी त्रिपाठी |
| संगीत तपाईंका लागि | : | श्रीखण्ड हो, जुन सदावहार अनि बास्नादार हुन्छ |
| मनपर्ने संगीतकार | : | सुशील विश्वकर्मा, याकछिरिङ डोल्मा, शम्भुजित बास्कोटा |
| पकाउन जानेको परिकार | : | भात-तरकारी |
| घुम्न मनलागेको स्थान | : | बाग्लुङ, वेनी |
| मनपर्ने समय | : | नवरथा लागिसकेपछिको बिहानी |
| मनपर्ने गीत | : | हिमालको काखमा छ सानो मेरो गाउँ, सम्हालेर राख |
| मनपर्ने आफ्नो बानी | : | अर्काको चिन्ता लिन्छु |
| सबैभन्दा बढी माया | : | श्रोता, श्रीमान् |
| नजिकको साथी | : | संगीत श्रेष्ठ, गायिका तारा थापा |
| रमाइलो क्षण | : | स्कुलबाट आएपछि अम्बाको रूखमा चढेर एक्लै गीत गाएका दिनहरू |
| नरमाइलो क्षण | : | पोखराको फेवातालमा डुबेको |
| मनपर्ने परिकार | : | कर्कलो खाएर कहिल्यै अघाउँदिनँ |
| स्वस्थ रहन के गर्नुहुन्छ ? | : | बिहान उठी नुहाई-धुवाई सवा घण्टा व्यायाम गर्छु । |



## ब्यान्डबक्स — अर्थ



दुई वर्षअघि स्थापना भएको अर्थ ब्यान्ड रक गायनका क्षेत्रमा परिचित छ । चार जना सदस्यको यो ब्यान्डले एनआर म्युजिकबाट 'अनर्थ' शीर्षकको गीतिसंग्रह पनि श्रोतामाझ ल्याइसकेको छ । जुन गीतिसंग्रहको 'लाएको माया...' गीतको म्युजिक भिडियोलाई दर्शक-श्रोताले अत्यधिक मन पराएका थिए । सौजन संग्रौला भोकलिस्ट तथा रिदम, दीपविक्रम सिंह लिड गिटारिस्ट, अभिनन्दन थापा बेस गिटारिस्ट र क्यारी महर्जन ड्रमर रहेको यो ब्यान्डको व्यवस्थापन पक्ष बादल प्रसाई र रोशन घलेले हेर्दै आएका छन् । एरोस्मिथ, गन्स एन्ड रोजेज, प्यान्टेरा, आइरन मेडन र मेटालिकाजस्ता विश्वप्रसिद्ध गायकबाट प्रभावित भएर सांगीतिक क्षेत्रमा प्रवेश गरेको बताउने ब्यान्डले अहिलेसम्म राजधानीलगायत उपत्यकाबाहिर पनि आफ्नो सांगीतिक प्रस्तुति दिइसकेको छ ।

ब्यान्डका म्यानेजर बादल प्रसाईका अनुसार झापामा चारवटा कन्सर्टका साथै शंखमूल, मीनभवन महोत्सवमा ब्यान्डले सहभागिता जनाएको थियो । ब्यान्डले पहिलो एल्बमको शब्द रचना र संगीत आफैंले गरेको छ । ब्यान्डका भोकलिस्ट सौजन भन्छन्- 'युवापुस्ताले मन पराउने रकसंगीतको क्षेत्रमा अर्थ ब्यान्डले छुट्टै पहिचान कायम राख्नेछ ।'



प्रणयदिवसका दिन ६० वर्षको बूढाले ५५ वर्षकी बूढीलाई पार्कमा घुमाउन लग्यो । दुई घन्टासम्म पार्कमा बसेपछि बूढो उठ्यो अनि ५ रुपैयाँ पर्ने एउटा आइसक्रिम किन्यो र बूढीलाई दिँदै भन्यो- 'लेऊ बूढी, अरू एउटा आइसक्रिम खाऊ ।'

'मैले त यहाँ आएदेखि केही पनि खाएको छैन, किन अरू एउटा आइसक्रिम भनेको ?' -छक्क पर्दै बूढीले सोधी ।

'तिमीले बिर्सियौ कि क्या हो ! ३५ वर्षअघि हाम्रो लभ पर्दा यही पार्कमा मैले तिमीलाई एउटा आइसक्रिम ख्वाएको थिएँ,'- बूढोले जवाफ दियो ।

०००

आधा रातमा ओछ्यानमा दुःखी आवाजमा दुब्लो श्रीमान्ले मोटी श्रीमतीसँग भन्यो- 'बूढी, कसैलाई तड्पाई-तड्पाई मारेको राम्रो हो कि एकैचोटि मारेको राम्रो ?'

'एकैचोटी मारेको राम्रो नि,' निद्रामै स्वास्नीले उत्तर दिई ।

'त्यसो भए अर्को खुट्टा पनि बोकाऊ न त,' -श्रीमान्ले अनुरोध गर्‍यो ।

०००

काठमाडौंमा डेरा खोज्दा-खोज्दा हैरान भएको मान्छे नयाँ ठाउँमा पुग्यो ।

डेरा खाली छ हजुर ?

## ठट्यौली प्रकाशसँग

डेरा त खाली छ तर छोराछोरी छन् भने हुँदैन ।

छोराछोरी त छन् ...।

त्यसो भए डेरा खाली छैन ।

भोलिपल्ट त्यही ठाउँमा ड्रेरा खोज्ने व्यक्तिको १० वर्षको छोरा राजु डेरा खोज्दै पुग्यो र भन्यो-

मेरा छोराछोरी छैनन्, आमाबाबु छन्, डेरा दिनुहोस् हजुर ।

०००

एउटा मानिस कुद्दै थानामा आयो ।

'हजुर, मलाई गिरफ्तार गर्नुहोस्, मैले स्वास्नीलाई ठूलो डण्डाले हिर्काएँ ।'

'स्वास्नी मरी ?'- थानेदारले सोध्यो ।

'होइन, त्यही डण्डा लिएर यतै आउँदैछे ।'

०००

कविले मञ्चमा साह्रै नराम्रो कविता सुनाए । हद भएपछि एउटा मुस्टण्डे रिसाउँदै मञ्चमा उक्लियो, कवि डराए, मुस्टण्डे लौरो बोकेर यताउता हेर्दै थियो ।

कवि : हजुर मेरो कविताका कारण तपाईं रिसाउनुभयो, म कविता नभनूँ ?'

'होइन, होइन तपाईं कविता भनिरहनुहोस्, म त त्यसलाई खोज्दैछु जसले तपाईंलाई यहाँ निम्तो दियो ।'

०००

एउटा फुच्चे सधैं नाउ चढेर खोला पारि स्कुल जान्थ्यो । एक दिन नाउ चलाउनेले सोध्यो-

'पौडी खेल्न आउँछ ?'

'आउँदैन ।'

'यत्रो वरिपरि पानी भएर पनि तिमीलाई पौडी खेल्न आउँदैन ?'

'चारैतिर हावा छ, तपाईंलाई उड्न आउँछ ?'-

फुच्चाले प्रश्न गर्‍यो ।

०००

## कविता

### पर्खाल

बोलूँ-बोलूँ लाग्छ किन ?
तिमीलाई देखेपछि
मध्यरात तिम्रो नाममा
एउटा पत्र लेखेपछि
साथ दिन्थें, हात दिन्थें
के-के दिन्थें तिमीलाई
फूल टिप्न धेरै गाह्रो
तार बारले बारेपछि ।



–मीनबहादुर विष्ट

### मोहनी रूप

मोहनी रूप-रङ्ग छ तिम्रो नसालु आँखैमा
नहेरिदिनु, नबोलिदिनु निम्तालु भाकैमा
बिहानको लाली ओठमै देखें, बैंसालु मनले
इन्द्रेणी माला गलामै सजें, लजालु भावले
साँचेर राख्नु यौवनको फूल खसेर नजाओस्
पीडाले कतै छटपटिदिँदा लत्रेर नजाओस्
गोधूलि साँझमा बाटुलो मुहार जूनझैं खुल्दछ,
झुल्किँदा कतै बादल फाटी मन यो हाँस्दछ
परेलीभित्र खुसीका आँसु मोतीझैं बस्दछन्
मायाको जादू चलाइदिए संसारै भुल्दछन् ।

–भोजराज घिमिरे

### उसैलाई जाली देखे

माया गर्छु भन्नेको हृदय मैले खाली देखें
जस्तो विश्वास गरेको थें, उसैलाई जाली देखें
व्यथा दुख्दा मलम बनी उपचार गर्नेसँग
मलमसँगै मुटु चिर्ने डरलाग्दो फाली देखें
दुःख पर्दा सम्झाउँदै फकाउने मायालुको
आँसु मेरो झर्दा आज गड्डडाउँदो ताली देखें
पहिले प्रेमले सिञ्चित गरी ढकमक्क फुलाएर
प्रेमको मुहान बन्द गर्ने अनौठो यो माली देखें ।

–सविना न्यौपाने

### भेल तर्दै गयौ तिमी

आलो घाउ चुक छर्दै गयौ तिमी
रुवायौ र आँसु भेल तर्दै गयौ तिमी
उस्तै छ हेर स्वप्न आँखाभरि अझै
नमेटिन्छ याद आँखु कुल्चँदै गयौ तिमी
बिहानी र साँझ दुख्छ उस्तै छ यो दिन
छुटे पाइला उतै र सर्दै गयौ तिमी
सधैं जून घाम साथ राख्नेछु भन्दथ्यौ
डुबें आँसुमा म साँझ पर्दै गयौ तिमी ।

–रेनुका भट्ट

### म आएँ

म आएँ नशा पिरतीको लागेर आएँ
बेहोसी थिएँ, जागेर आएँ
स्वप्न बनी आइनौ भेट्नलाई
त्यसैले नै निद्रा त्यागेर आएँ
आयो याद खपिनसक्नु भयो
डाँडा हजारौं म नाघेर आएँ
रोक्न खोज्दै थियो दुनियाँ मलाई
रोकेर के भो र भागेर आएँ ।

–सुरेश सुवेदी

### नभनूँ भनेर

त्यसरी रिसाएर हिंड्दा, हिंड्ने बेलामा
तिम्रा हातका चुरीहरू, छिन्द्रिङ-छिन्द्रिङ बजेका भए
मलाई पनि, फकाउन मन लाग्थ्यो होला
रिसाउनु अघि नै, छलेर हेरेथें आँखा
छातीमा टमक्क मिल्ने, गुन्यू-चोली थिएन
निधारमा, बाटुलो-टिकी पनि देखिनँ
पाउका पाउजुहरू, छिन-छिन गर्दै
छिनछिनाएका भए, एकचोटिलाई बिराएँ
'माफी देऊ है' भन्थे, माफी माग्दा पनि
आनन्द आउँथ्यो होला, औंलाको औंठी मात्र
देखेको भए पनि, हातै समातेर भन्थे
(रिसाउँदा नि आफ्नै, खुसी हुँदा नि आफ्नै ...)
नदेखेपछि यी कुरा, तिमीसँग बोल्नै मन लागेन
तिमीलाई केही, भन्नै मन लागेन ।

–सुको साइबर


### अपरिचित पाहुना

...म झल्याँस्स भएँ, अत्यन्तै अपरिचित
विल्कुल नयाँ, आश्चर्यजनक नौलो उपस्थिति
खुशीले मात्तिए पनि, डरले आत्तिए पनि
चारै दिशा हेर्न थालें, तर मैले आगन्तुकलाई
चिन्नै सकिनँ, आफैं परिचय गर्न तम्सिएँ
'...म घनश्याम पथिक, तपाईंलाई चिन्न सकिनँ नि ?'
उत्तरमा त्यो हाँस्यो, हाँसिरह्यो, मेरो हातमा उभिएर
त्यो रातो गुलाब, अझै पनि हाँसिरहेको छ
बिना परिचय...।

–घनश्याम पथिक

## लघुकथा

### लामखुट्टे र एड्स



दुईवटा लामखुट्टे झ्यालबाट भित्र छिर्‍यो । श्रीमतीसँग कराउँदै हर्के गर्जियो– 'ए, तँलाई थाहा छैन लामखुट्टेले टोक्यो भने के हुन्छ ?' श्रीमती बोलिन्– 'अँ थाहा छ, औंलो, हात्तीपाइलेजस्तो रोग लाग्छ ।' ऊ झ्याल-ढोका बन्द गर्छे । हर्केचाहि सुत्नका लागि विस्तरा टकटक्याउँछ । त्यसपछि लुगा खोलेर विस्तरामा पल्टिन्छ । थाकेर होला, हर्के निदाउन लागेको थियो, श्रीमतीको एक झापडसँगै ब्यूँझन्छ । आँखा मिच्दै उठेर हर्के पनि श्रीमतीलाई कुट्न तम्सिन्छ श्रीमतीले हात पक्रन्छे अनि सोध्छे– 'के भयो तपाईंलाई ? मैले त लामखुट्टे पो मारेको त ।'

हर्के : लामखुट्टे मारेको हो कि कहिलेको रिसले लामखुट्टे मार्ने निहुँले हिर्काएकी होस् । अँ साँच्ची, त्यो तैंले मारेको लामखुट्टे भाले कि पोथी हो ?

श्रीमती : पोथी भए त मलाई टोक्न आइहाल्थ्यो नि, भाले होला ।

हर्के : लौ बर्बाद भएछ ! म भोलि बिहानै वीर अस्पताल ब्लड चेक गर्न जान्छु ।

श्रीमती : किन जानुपर्‍यो ? टोक्नासाथै रोग सरिहाल्छ भन्ने छैन नि । कुनै औंलो वा अन्य सरुवा रोगीको रगत चुसेर आएको रहेछ भने त रोग सर्छ ।

हर्के : तँलाई थाहै छैन, लामखुट्टेहरू असुरक्षित यौनसम्पर्क गर्छन्, कन्डम प्रयोग गर्दैनन्, त्यसैले यसलाई एड्स लागेको हुनसक्छ । मलाई पनि एड्स लाग्न सक्छ, त्यसैले ब्लड चेक गर्नुपर्‍यो !

–ऐश्वर्य श्रेष्ठ

# गणेश हिमालको काखमा महोत्सवको रन्को



नवदीप अजनवी

धादिङबेसी– 'हाम्रो धादिङ, राम्रो धादिङ संस्कृति र विचारले, जात्रा उत्सव महोत्सवले, प्रकृति र सञ्चारले ।' नवराज लम्सालले लेखेका यिनै पंक्तिजस्तै प्रथम धादिङ महोत्सवले जिल्लाको हाम्रो धादिङ, राम्रो धादिङको पहिचान छोडेर सम्पन्न भएको छ । गत साता चिरिच्याँट्ट परेर बेहुलीझैं सिंगाारिएको धादिङबेसीले मन फुकाएर हजारौं पहुनाको स्वागत गर्‍यो । अतिथि सत्कारमा धादिङका बजारहरू ध्वजापताकाले रंगीचंगी थिए भने सडक सफासुग्घर ।


प्रसिद्ध गणेश हिमालको काखमा रहेको धादिङ अनेकौं आकर्षक नदीनाला, प्राकृतिक मनोरम दृश्य एवं धार्मिक स्थलहरूले भरिभराउ छ । 'जिल्लाको शान, मान र गौरव, प्रथम धादिङ महोत्सव भन्ने नाराका साथ आयोजित महोत्सवले जिल्लाभित्र लुकेका धेरै सम्भावनाको पोको छताछुल्ल पारेको छ । यी सम्भावनाहरूलाई वास्तविकतामा परिणत गरेर आयआर्जनमा बदल्ने चुनौती सिंगो जिल्लाबासीको काँधमा आएको महोत्सव आयोजक समितिका संयोजक एवं धादिङ उद्योग वाणिज्य संघका अध्यक्ष ध्रुव थापा बताउँछन् । महोत्सवमा १ लाख २० हजारभन्दा बढी दर्शकले सहभागिता जनाएको र २ करोड बराबरको आर्थिक कारोबार भएको आयोजकको दावी छ ।

महोत्सव अवधिमा चेपाङहरूको परिकार, बाहुनबाजा र नलाङका माहुरी पालक किसान 'मौरी दाइ' ५२ वर्षीय केशव अर्याल आकर्षणका केन्द्र बनेका थिए । जिल्लाको पिछडिएका जाति चेपाङहरूले मौलिक परिकार पस्किएर अतिथिहरूलाई फरक स्वाद दिए । बाहुन छेत्रीलगायत अन्य जातिले पनि आफ्ना परिकार स्वाद मानीमानी खाएको देख्दा स्टलमा बसेकी सरिता चेपाङ खुसीले फुरुङ्ग बनिन् । उनले भनिन्– 'चेपाङ भन्नासाथ धेरैले नाक खुम्च्याउँथे तर अहिले हाम्रा परिकारलाई माया गरेर खाइदिए । यसले सम्पूर्ण चेपाङलाई हर्षित बनाएको छ ।'

जिल्लाको शान बन्न सक्ने बहुमूल्य पत्थरहरू रुवी, सीसा, जस्ताका नमुनाहरू पनि महोत्सवमा राखिएको थियो । पाखदवेद, पदमचाल, जटामसी, यार्चागुम्बा, शिलाजित आदि जडीवुटीको प्रदर्शनीले जिल्लाको जडिबुटीको खानीलाई बेलैमा पहिचान गर्न घचघच्याइरहेको थियो । धादिङमा १ सय २६ प्रजातिका बहुमूल्य जडिबुटी पाइन्छन् । महोत्वसको मौकामा जडिबुटीदेखि जलविहार (र्‍याफटिङ), पदयात्रादेखि प्याराग्लाइडिङसम्मको खोजी गरिएको थियो । यता आकर्षक गंगा-जमुना झर्ना, विभिन्न हिमताल, खाल्टेको चमेरे गुफा, कल्लेरीको गुफा, धुसाको गुफा र यहाँका आकर्षक एवं ऐतिहासिक मठमन्दिरहरूले आन्तरिक र बाह्य पर्यटकहरूलाई चुलै निम्तो दिइरहेको थियो महोत्सवको अवसरमा ।

महोत्सवमा बालउद्यानमा पिङ खेल्ने, मौतका कुवा, जादु हेर्ने बालबालिकादेखी युवायुवतीहरूको पन्छाइनसक्नु घुइँचो लागेको थियो । यता भजन, बालन, सोरठी, तामाङसेलो, चुड्का र हनुमान नाचजस्ता सांस्कृतिक प्रदर्शनीले जिल्लाको सांस्कृतिक महत्त्वलाई उजागर गरेको थियो ।

# थरुहट आदिवासी समारोह



भरत जर्घामगर

सप्तरी- आदिवासी जनजाति समुदायका वेशभूषा, विभिन्न झाँकी प्रदर्शन र सांस्कृतिक कार्यक्रमसहित सप्तरीको हर्दिया-१ भेडियामा आयोजित 'थरुहट आदिवासी मिलन समारोह-२०६४' आइतबार सम्पन्न भएको छ ।

आदिवासी जनजातिहरूको वेशभूषा, भाषा, संस्कृति संरक्षण एवं हक अधिकारका लागि सचेत गराउने, राज्यको हरेक निकायमा आदिवासीहरूलाई समानुपातिक प्रतिनिधित्व तथा अन्तरिम व्यवस्थापिकाद्वारा पारित आइएलओ-१६९लाई ऐन बनाई लागू गर्न राज्यलाई जिम्मेवारी बोध गराउने उद्देश्यसहित आयोजित समारोहमा सिरहा, सप्तरी र उदयपुर जिल्लाका हजारौं आदिवासी जनजातिको उपस्थिति थियो ।

२६ गते सप्तरीका विभिन्न ग्रामीण क्षेत्रबाट 'थरुहट आदिवासीको पौरख, नेपाल राष्ट्रको गौरव' भन्ने मूल नाराका साथै पैदल यात्राबाट सुरु भएको समारोह थारु, मगर, तामाङ समुदायको झाँकीसहितको शोभायात्रा अपरान्ह समारोह स्थल हर्दियामा पुगेको थियो । थारु समुदायको सन्देश गीतबाट समारोह सुरु गरिँदा समारोहस्थलमा उपस्थित हजारौंले ताली बजाएर अभिवादन फर्काएका थिए । थारु, मगर, तामाङलगायत ६२ सांस्कृति टोलीले झाँकी र सांस्कृतिक झलक प्रदर्शन गरेको समारोहमा ६५ जनाले रक्तदान गरेका थिए ।

# मुस्ताङको संस्कृति पोखरामा

पोखरा- थकाली तथा मुस्ताङे वेशभूषामा बालबालिका स्टेजमा प्रकट भए । त्यही बीचमा भिक्षुको पहिरनमा गायिका आनी छोइङ डोल्मा पनि आइन् । पोखरा सभागृहमा खचाखच दर्शकहरूले जोडतोडले ताली बजाएर स्वागत गरेपछि आनीले स्वागत गीत प्रस्तुत गरिन । मुस्ताङको स्थानिय संस्कृतिलाई सबैतिर परिचत गराउने उद्देश्यसहित महाकरुणा आवासीय विद्यालय मुस्ताङले कार्यक्रमको चाँजोपाँजो मिलाएको थियो । सधै यहाँ भैरहने सांगीतिक कार्यक्रमभन्दा बिल्कुलै भिन्न देखिन्थ्यो यो कार्यक्रम । मनोरञ्जनसँगै मुस्ताङको संस्कृतिलाई नजिकबाट जान्न चाहनेहरूका लागि कार्यक्रम उपयोगी रह्यो । कार्यक्रम हेर्दा मुस्ताङ नै पुगेको आभास हुन्थ्यो ।




कार्यक्रमका क्रममा कलाकारहरू सबै मुस्ताङ जिल्लाका भाषा-संस्कृति तथा रहनसहनको उत्कृष्ट प्रस्तुति दिन चुकेका थिएनन् । कार्यक्रममा मुस्ताङ भेकका बासिन्दा तथा विदेशी पाहुनाहरूको उपस्थिति बाक्लो देखिन्थ्यो । कार्यक्रमको मुख्य आकर्षण भने गायिका आनी नै बनेकी थिइन् ।

स्टेज पनि मुस्ताङकै संस्कृतिअनुरूप सजाइएको थियो । कार्यक्रममा मुस्ताङको पहिरनमा महाकरुणा आवासीय विद्यालयका विद्यार्थीहरूले मुस्ताङ जिल्लामा प्रचलित लोकप्रिय गीतहरूमा आकर्षक नृत्यहरू प्रस्तुत गरेका थिए । मुस्ताङ जिल्लाकै चर्चित ब्यान्ड समबलाले पनि कार्यक्रममा रौनक थपेको थियो । कार्यक्रम अवधिभर ब्यान्डले मुस्ताङकै भाषाका गीतसँगै टिपिकल नेपाली गीतबाट दर्शकहरूलाई मनोरञ्जन प्रदान गरेका थिए । उनीहरूको ब्यान्डको भिन्न वाद्यसामग्री तथा प्रस्तुति नूतन रह्यो ।

## सन्देश



प्रिय, भ्यालेन्टाइन डेको अवसरमा तिमीसमक्ष प्रेमप्रस्ताव राख्दैछु। प्लिज स्वीकार गर ल।

**जीरन**

अञ्जु, प्रणय दिवसका अवसरमा तिम्रो दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना भएको हेर्न चाहन्छु। तिमीलाई सदैव सुख, शान्ति र समृद्धिको बाटोमा लम्कने प्रेरणा मिलोस्। तिमीले चालेका पाइला विनाअवरोध सधैं सफल हुन्।

**मणि**

प्रीति, मलाई भुल्न नखोज, सधैं तिम्रो यादले मुटु धडकिदिन्छ। व्यथा लुकाउन सकिरहेको छैन। मेरो भावना बुझ्ने प्रयास गर, सुन्दरीको सुन्दर मनले सुन्दर संसार सजाउन सिक। मैले प्रेमप्रस्तावस्वरूप कोसेली पठाएको थिएँ। तिमीलाई पनि थाहा होला, हिलोमै फुलेको हुन्छ इन्द्रकमल फूल, काँडाबीच रमेको हुन्छ गुलाब, संघर्षमा बितेको हुन्छ जीवन।

**केसी**

पत्रद्वारा निर्मित प्रगाढ एवं अविच्छिन्न साथी दिप्ता, कम्तीमा ६० प्रतिशत मार्क प्राप्त गरी बीएड उत्तीर्ण गरी गाउँको मात्र होइन, सारा नेपालकै नारी आदर्शको दीप बनेर जगमगाइरहू, प्रेम दिवसको उपलक्ष्यमा सुख-शान्ति, संवृद्धि एवं सुस्वास्थ्यको मंगलमय शुभकामना।

**पाउल पान्थ**

पत्रमित्रहरू पवित्रा, उदास, पुष्पा, सरिता, गायत्रु, शोभा, कलाचन्द्रा, इन्दु, सम्झना, पार्वती, यशोदा, सीताराम, उषा, सविना, बबिता, संगीता, सविना, सुरेश, चन्द्र, प्रतिमा, डीबी, तीर्थ, सुपराज, खड्ग, भिखापल, दीपेश, विनोद, परमेश्वरलगायत शुभेच्छुकहरूलाई प्रेमदिवसका अवसरमा सुस्वास्थ, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना।

**पावलजल**

आत्मीय मित्र एकलयात्रीले जोडी पाउनुभएकोमा हार्दिक बधाई तथा सुखद दाम्पत्य जीवनको शुभकामना।

**मीनबहादुर परियार**

प्रिया, भ्यालेन्टाइन डेको धेरै-धेरै शुभकामना। जून र तारालाई साक्षी राखी सुरु गरेको हाम्रो मायाले दोस्रो भ्यालेन्टाइन डे मनाउन सफल भएकोमा धेरै खुसी एवं गौरवान्वित भएको छु, तिमी पनि सुखी छौ, हैन र? अनि यस्ता दिनहरू सयौं तिम्रै साथमा मनाउने अपेक्षा छ, साथ नटुटाऊ ल। टाढाको मायालाई अझ प्रगाढ बनाउने प्रयास गर्दै जानु, आफ्नो शिक्षालाई निरन्तरता दिने प्रयास गर्नु, साथै आफ्नो स्वास्थ्यको विशेष ख्याल राख्नु।

**निशान**

शान्तिजी, भौगोलिक रूपले टाढा भए पनि तपाईंको याद त नजिकै छ, प्रेमदिवसको हार्दिक शुभकामना।

**बौलाहाजी**

मञ्जु, भ्यालेन्टाइन डेका अवसरमा धेरै-धेरै सम्झना। भ्यालेन्टाइन डेले सुख-शान्ति ल्याओस्, तिमीले चाहेको काम सफल होस्। हृदयदेखि नै शुभकामना।

**आले**

प्रत्येक दिन भेडीफारमबाट गाडी चढ्ने, साडी-ब्लाउजमा चिटिक्क सजिने, कहिलेकाहीं जिन्सपाइन्ट र क्रिम कलरमाथि भुवा भएको ज्याकेट लगाउने सिल्की कपाललाई प्रेमदिवसको शुभकामना।

**सँगै गाडीमा चढ्ने**

साथीहरू सञ्जय, सन्तोष, विकास, बले, निरञ्जन, सुशील, नवीन, कमल, मेरा शुभेच्छुकहरू तथा मलाई चिन्ने सम्पूर्ण आफन्तका साथै विशेष गरी मञ्जु र उनका साथीहरूलाई प्रेमदिवसको हार्दिक शुभकामना।

**सुर्जन**

गोपाल, प्रकाश, ब्रडर प्रकाश, विश्वास, आरती, पार्वती, सपना तथा गल्याङ बहुमुखी क्याम्पसमा अध्ययनरत साथीहरूका साथै रीतालाई त्यही पुरानो नम्बरमा सम्पर्क गर्न अनुरोध छ अनि प्रेमदिवसको हार्दिक शुभकामना पनि।

**दल थापा**

हे आईडी, किन सम्पर्क नगरेको? तिमी त आजभोलि परिवर्तन र स्वार्थी भएछौ। तिमीले मलाई पराई नसम्झिए पनि म तिमीलाई आफ्नो नजिकको साथी सम्झी सधैं माया गरिरहनेछु। प्रेमदिवसको अवसरमा मंगलमय शुभकामना।

**दल**

एस., असीम स्नेह एवं मुटुभरिको माया। दुई आत्माको निश्चल प्रेम समाजका लागि उदाहरण बन्न सकोस्। मुटुको धड्कन बनी बस्ने तिमीसँग हरयात्रामा साथ रहन सकौं। आत्मीय प्रेमलाई समाजको कुनै पनि शक्तिले हराउन सक्दैन। यही विश्वास राख तिमी, म हरेक यात्रामा साथ दिनेछु। भ्यालेन्टाइन डेको शुभकामना।

**स्नेही**

प्रिय सुजा, तिमी मेरो मनकी रानी हौ। तिमीविना यो लामो यात्रा कसरी पार गर्न सक्छु? त्यसैले मेरो मनको कुरा बुझिदेऊ।

**गणेश**

सरिता, भ्यालेन्टाइन डेको उपलक्ष्यमा लाखौंलाख शुभकामना,



साथै हरेक पाइलामा सफलता मिलोस्। मेरो मन मुटुदेखि नै धेरै-धेरै माया एवं सम्झना।

**राजेन्द्र**

अञ्जु, जीवनका श्रृंखलाहरूमा हरियाली वसन्तको कोमलतालाई नियाल्न पाउँदा खुसी लागेको छ। पवित्र अनि सुन्दर गुलाफको फूल टिप्ने प्रयास गरेको छु। अनमोल साथको मीठो अपेक्षासहित भ्यालेन्टाइनको अवसरमा कञ्चन मायाको सौगातस्वरूप अथाह शुभकामना।

**सञ्जीव**

प्रिय, यदि तिमीले आफूलाई अँध्यारो कोठामा पायौ, जहाँ भित्ताहरू हल्लिरहेका र रगतहरू बगिरहेका छन्। तिमी नडराऊ, तिमी सुरक्षित छौ, किनभने तिमी मेरो मुटुमा छयौ। न्यानो माया अनि प्रगाढ चाहना समर्पण छ तिमीलाई।

**यु**

अम्बिका, म एकदम खुसी छु, तिमी जस्तो व्यावहारिक, असल अनि मन बुझ्ने प्रेमिका पाएकोमा। यो हृदयभरिको पवित्र माया जुनी-जुनीभर केवल तिमीलाई। तिम्रो र मेरो माया-प्रेम अनि विश्वासको सम्बन्ध अझ सुदृढ बन्दै युगान्तरसम्म कायम रहोस्। जीवनको अन्तिम घडीसम्म तिमीलाई माया गर्न पाऊँ। म तिम्रो साथ कदापि छोड्नेछैन। किनकि यो जीवन तिमीबिना अन्धकार छ। तिमी मेरो मार्गदर्शक हौ– आई लभ यू।

**प्रतीक**

प्रेम दिवसको सु-अवसरमा साथीहरू अनु, एमरिना, अम्बिका, विष्णु, विमला, विनीता, चम्पा, देवकी, दीपा, दिया, गोपाल, गीता, हेमा, इन्दिरा, जानुका, कविता, कृति, कोपिला, मञ्जु, मन्दिरा, नेहा, प्रमिला, प्रमिश, रितु, रूपा, रञ्जना, सरस्वती, सन्ध्या, सामना, संगीता, सुनिता, शारदा, सिर्जना, सुना, सुशीला, शोभा, शिव, सौरभ, उषा लगायत सम्पूर्ण साथीहरूलाई हार्दिक शुभकामना।

**रूपक**

## साप्ताहिक साथी



उच्च माध्यमिक विद्यालयमा अध्ययनरत १९ वर्षीय सञ्जीव भट्टराई शान्त स्वभावका छन्। अविवाहित सञ्जीव पत्रमित्रतामा रुचि राख्छन्। ५ फिट ४ इन्च अग्ला सञ्जीवको इमेल ठेगाना छैन। धूमपान तथा मध्यपानबाट टाढा रहने तथा पत्रमित्रतालाई निरन्तरता दिने सञ्जीवलाई हरिवन-सर्लाहीमा पत्रचार गर्न सकिन्छ।



सहयोगी भावना भएका चञ्चले सुजन पौडेल २० वर्षीय विद्यार्थी हुन्। उनी बीएड दोस्रो वर्षमा अध्ययनरत छन्। ५ फिट ३ इन्च अग्ला सुजनले विवाह गरेका छैनन्। गहुँगोरो वर्णका सुजन पत्रमित्रता तथा खेलकुदमा रुचि राख्छन्। सहयोगी, इमान्दार तथा संघर्षशील व्यक्तिहरूसँग पत्रमित्रताको आग्रह गर्ने सुजन पौडेललाई भोर्लेटार-४, गुम्बागाउँ, लमजुङमा पत्रचार गर्न सकिन्छ।

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..........................................

उमेर : .................... उचाइ : ....................

पेसा : .................... शिक्षा : ....................

स्वभाव :.................... वैवाहिक स्थिति : ....................

अभिरुचि : ....................वर्ण : ....................

इमेल : ..........................................

ठेगाना :..........................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................

..........................................

**नोट :** तस्बिर र नगद रु. ५०।- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

# झापाको रौनक पार्कमा

राजधानीको सुविधासम्पन्न डेटिङ पार्क र रोमान्सस्थल सम्झँदै थुक घुट्क्याउने झापाका तन्नेरीहरू अचेल राजधानी सम्झिँदैनन्, बरु गाउँकै कामचलाउ पार्क जान्छन् र घन्टौं डेटिङमा मस्त हुन्छन्। शनिबारको बिदा मनाउन तपाईं कहाँ जानुहुन्छ? त्यो त थाहा भएन तर दमकका दिवस लिम्बू (१९) हुइँकिहाल्छन् दोमुखा। दमकबाट झन्डै १५ किलोमिटर लामो यात्रापछि गर्दा दोमुखा पुग्न सकिन्छ। प्रेमदिवस मात्र होइन शनिबार मनाउन हूलका हूल प्रेमजोडी दोमुखा जान्छन्। पर्यटकीय दृष्टिकोणले झापाको प्रमुख स्थान दोमुखाको लभडाँडो प्रेमजोडीको सुरक्षित गन्तव्यस्थल हो। दोमुखा पुग्नुअगावै एउटा बाँसको तगारो (गेट) तेर्स्याइएको छ। त्यो तगारो पार गरेपछि आफूलाई बायाँ मोडेपछि करिब ५० मिटरजति उकालो चढेपछि ठ्याक्कै पुगिन्छ लभडाँडो। यो डाँडोलाई प्रेम जोडीले नै लभडाँडो भनी नामकरण गरेका हुन्। थोरै जमिनमा फैलिए पनि यहाँको रमणीयताले जोकसैको मन लोभ्याउँछ।

यसअघि यो डाँडो डाँडोका रूपमा मात्र सीमित थियो तर प्रेमजोडीहरूको अनुरोध र आग्रहमा लिम्बूवान भोलेन्टियर्सले यसलाई पार्कका रूपमा विकास गरेको हो। पार्कमा कुनै रकम लिइँदैन तर भोलेन्टियर्सका एक कार्यकर्ताले चाहिँ पार्कको विकासका लागि सहयोगस्वरूप सहयोग असुल्ने बताए। यहाँ होटल-व्यवसायसमेत फस्टाएको छ। सतासीधाम गाविसमा पर्छ यो। यहाँ करिब दुई दर्जनभन्दा बढी झुप्रे होटल सञ्चालनमा छन्। शान्त र एकान्त वातावरणका कारण पनि हुन सक्छ यहाँ आउने प्रेम जोडी घन्टौं गफिन्छन्। कस्तो लागिरहेछ?



संवाददाताको प्रश्नमा काँकरभिट्टाबाट हल बाँधिएर त्यहाँ पुगेका सञ्जयले सुनाए- स्वर्गमा पुगेको जस्तो लागिरहेछ। उनीसँग आएकी सिम्रिकाले संक्षेपमा थपिन्- न कसैले देख्ने, न कसैले भेट्ने।

प्रेयसीसँग डेटिङमा जानु नै छ भने फूलैफूलको घर अर्थात् बगैंचा नै रोक्नुपर्छ भन्ने अल्बर्ट कामुको भनाइको मतलब छैन, बिर्तामोडका रमेश बयलकोटी (२५) लाई। उनलाई फूलैफूलको बगैंचा होइन शान्त र एकान्त वातावरण भएको विराटपोखर पुग्न पाए पुग्छ। विराटपोखर दोमुखाको लभडाँडोजस्तो नहोला तर पनि प्रेमजोडीहरूको भीडचाहिँ कहिल्यै टुट्दैन।

बिर्तामोडमा ३ किलोमिटर दक्षिणमा पर्ने विराटपोखर झापाको ऐतिहासिक स्थल मानिन्छ। करिब ३ हजार वर्षअघि राजा विराटले यहाँ पोखरी खनेको किंवदन्ती छ। पोखरी करिब ५ बिघा जग्गामा फैलिएको छ। पोखरी नजिकै एउटा मन्दिर छ। मन्दिर र पोखरी हेर्ने निहुँमा दैनिक दर्जनौं जोडी यहाँ आउँछन् र डेटिङमा रमाउँछन्।

विराट सामुदायिक अध्ययन केन्द्रका अध्यक्ष मोहन शिवाकोटीले यो क्षेत्रलाई विकास गर्न संस्था लागिपरेको बताए। शिवाकोटीले पोखरी गहिर्‍याउने र पार्क निर्माण कार्य छिटै थाल्ने जानकरी दिए। यो दक्षिण झापाका अधिकांश प्रेमजोडीको गन्तव्यस्थल भएको सञ्चारकर्मी प्रेम आचार्य बताउँछन्। आचार्यका अनुसार शनिबार भीड लाग्छ। आचार्य भन्छन्- दिनभरि लठारिन्छन् र साँझ फर्कन्छन्। यहाँ पुग्न यातायातको चिन्ता लिनु पर्दैन तर छेउछाउ होटल नहुँदाचाहिँ प्रेमजोडी हैरान हुन्छन्। चिया खाजाका निम्ति झन्डै एक किलोमिटर अगाडि सैनिक मोड नै पुग्नुपर्ने बाध्यता छ।

चन्द्रगढी आसपासका प्रेमजोडीहरूको रोजाइ हुन्छ शान्ति वन। मेची बहुमुखी क्याम्पसअगाडिको यो पार्कमा पनि जोडी बाँधिएर आउनेहरूको ओइरो लाग्छ। सदरमुकामबाट झन्डै तीन किलोमिटर टाढा रहेको शान्ति वन वास्तवमै शान्त एवं रमणीय छ।

होटल व्यवसाय यातायात सबै पूर्वाधार भएकाले पनि यहाँ घुम्न धेरैले मन पराउँछन्। चन्द्रगढीमै महेन्द्र पार्क पनि छ तर यो पार्क वर्षौंदेखि बन्द छ।

झापामै सुरक्षित पार्क हुँदाहुँदै पनि केही जोडी सुरक्षित र तोकिएको ठाउँमा पार्क नभएको भन्दै भारतको पानीटचांकी, सिलगढी आदि स्थान घुम्न जाने गरेका छन्। ठाउँ छैन अनि के गर्ने? उज्ज्वल शर्माले दुखेसो गरे– डेटिङ गर्न कोठा लिएर बस्नुपर्ने बाध्यता छ।

मेची राजमार्गमा पर्ने बर्ने, टोक्ला आदि चियाबगानमा पनि घुम्न जानेहरू नभेटिएका होइनन् तर त्यहाँ प्रेमजोडीहरू आफूलाई सुरक्षित महसुस गरिरहेका हुँदैनन्। डराईडराई गफ गर्नुको के मज्जा? टोकला चियाबगानमा भेटिएकी विन्ध्याले भनिन्- 'हामीजस्ताका लागि सुरक्षित पार्क निर्माण गरिदिने कुरामा नगरपालिकाले कदम चाल्नुपर्‍यो।'

**–पर्वत पोर्तेल**

# देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?

देशबाट हिंसा अन्त्य गर्न सरकारले हरेक असन्तुष्ट पक्षका जायज मागलाई सम्बोधन गर्नुपर्छ। राष्ट्रमा भएका अराजक तत्त्वहरूलाई कारबाही गर्नुपर्छ एवं मानवअधिकारको सुनिश्चितता गर्नुपर्छ।

**अनिल पोखेल, इटहरी सुनसरी**

यो मुलुकका युवा सांसदहरूलाई देश हस्तान्तरण गरिदिने हो भने अरू केही गर्नुपर्दैन। हिंसा आफै अन्त्य भैहाल्छ।

**प्रेम कान्छामगर, पाल्पा**

सबैमा अहिंसाको ज्ञान हुनुपर्छ।

**सम्पूर्ण प्रजापति, मध्यपुर, ठिमी**

सबै हतियारहरू बाग्मतीमा लगेर बगाइदिने र हातहतियार बनाउने कम्पनीहरूमा दुई-चारवटा बम पड्काइदिने हो भने हिंसाको अन्त्य होला कि सम्पादकज्यू।

**देबेन्द्र कायस्थ** (१७)

सम्पादकज्यू, हिंसा गर्ने जोसुकैलाई पनि कानुनको दायराभित्र ल्याई बाबुको बिहे देखाउने। त्यतिले पनि नभए यमलोक देखाउने अनि त कसो अन्त्य नहोला ?

**के. आर. निर्दोष** (१८), **टीकापुर**

सबैलाई रोजगारको व्यवस्था गर्नुपर्‍यो नि, अनि सबै आ-आफ्नै काममा व्यस्त भएपछि हिंसा गर्न कसलाई फुर्सद हुन्छ ?

sachin-h20@yahoo.com

देशबाट हिंसा अन्त्य गर्न फेरि बुद्ध जन्माउनुपर्छ।

**समर गणेश वियोगी, स्याङ्जा**

देशबाट हिंसा अन्त्य गर्न त हामी सबै नेपाली एक हौं भन्ने सोंच राखेर अघि बढ्नुपर्छ, साथसाथै हिंसा अन्त्य गर्न सदैव सकारात्मक सोचका साथ अरूलाई असर नपर्ने खालका काम मात्र गर्नुपर्छ।

**lolveforme2009, harion1 Sharlahi**

नेपालका सम्पूर्ण नेताहरूले राजीनामा दिनुपर्छ।

**टीकाराम अर्याल, काठमाडौं**

यो देशमा राम्रो कुरा कसैले सुन्दैन, मलाई थाहा छ तर पनि म भन्दिनँ।

**प्रतिमा, शनिश्चरे, मोरङ**

हतियार बोक्ने र हिंसामा उत्रनेलाई कैद होइन मृत्युदण्ड दिनुपर्छ तब आफै ठीक हुन्छ।

**अज्ञानी समिर, काठमाडौं**

प्रचण्डको हठत्याग, ज्ञानेन्द्रको संस्थाचट, घूसखोरी-भ्रष्टाचारी सफाचट, जनताको भावनाको आदर गर्नुपर्छ।

**शम्भुराज घिमिरे, शनिश्चरे, मोरङ**

यसका लागि त धेरै काम गर्नुपर्छ तैपनि सुरुमा दण्डहीनताको अन्त्य गर्नुपर्छ।

**विनोद खतिवडा, इनरुवा**

माओवादी र दलहरू कुर्सीको लोभमा नफसी गणतन्त्र घोषणा गर्दै तराई समस्याको समाधानतर्फ लाग्नुपर्छ।

**जितेन्द्र श्रेष्ठ** (२५)

देशमा हिंसा गर्ने पार्टीहरूलाई सरकारले तत्काल वार्तामा बोलाई समस्या समाधान गर्नुपर्छ।

**सन्दीप उप्रेती** (१९), **सर्लाही**


वार्ता।

**हडिन्द्र कार्की, धनकुटा**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
२. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
३. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
४. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
५. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
६. युवतीहरू किन स्लिम बन्न खोज्छन् ?
७. युवकहरू किन युवती भनेपछि मरिहत्ते गर्छन् ?
८. युवाहरूलाई लागूऔषधको दुर्व्यसनबाट मुक्त गर्न के गर्नुपर्ला ?
९. विवाहित पुरुषलाई कसरी चिन्न सकिन्छ ?
१०. तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?



## यौन जिज्ञासा र समाधान

डा. राजेन्द्र भद्रा



**प्रश्न : म २६ वर्षीय युवक हुँ। केही वर्ष पहिलेदेखि हस्तमैथुन गर्दै आएकोमा विवाह भएदेखि हस्तमैथुन गर्नचाहिँ कन्ट्रोल गरें। परिवारदेखि टाढा रहनुपर्दा हप्तादिन बिराएर हस्तमैथुन गर्छु। मेरो लिंग साह्रै नै बांगो छ बायाँतर्फ। केही त बांगो हुन्छ भन्ने सुनेको थिएँ तर त्योभन्दा बढी छ। यौनसम्पर्क गर्दा पनि केही असजिलो महसुस हुँदोरहेछ। लिंगलाई सीधा गर्न के गर्नुपर्छ ? के यसको औषधी छ। अब आउने दिनमा यस्तो बांगोपनले समस्या ल्याउँछ कि ?**

**– ओ पि डि**

**उत्तर: बांगो लिंग**

लिङ्ग प्राय: सधैंजसो छोपिने अंग भए पनि यसको बनावटका सम्बन्धमा निकै चासो हुन्छ। पुरुषको व्यक्तित्व, पौरुषत्व वा भनौं आफ्नो पहिचान तथा आत्मसम्मानसँग जोडिएकाले अन्य अंगभन्दा यसको सांकेतिक महत्त्व बढी देखिन्छ। कुनै पनि व्यक्ति उसको यौन तथा प्रजनन अंगको नाप तथा आकारप्रति सजग हुनु अस्वाभाविक होइन। विशेषगरी आफ्ना साथीहरूको बीचमा तुलना गर्दा फरक भए एकदमै चिन्ताको विषय बन्छ।

लिङ्ग मुख्यतया तीनवटा स्पन्ज जस्तो संरचनाले बनेको हुन्छ। लिङ्गको माथिल्लो भागमा दुइवटा Corpus Cavernosa भनिने भाग हुन्छन् भने तलतिर Corpus Spngiosum। लिङ्ग उत्तेजित हुँदा यिनै संरचनाहरूमा रगत भरिन्छ र लिङ्ग मोटो एवं कडा हुन्छ। उत्तेजित नभएका बेलामा त लिङ्ग एक लचिलो अङ्गका रूपमा रहन्छ र बाङ्गोपनको खासै आभास हुँदैन तर उत्तेजित हुँदा मात्र यो बाङ्गोपन देखिन्छ।

तपाईंले लिङ्ग कुन अर्थमा बाङ्गो मान्नुभएको हो तथा कसरी आफ्नो लिङ्ग सामान्यभन्दा बाङ्गो भएको थाहा पाउनुभयो भन्ने कुरा खुल्नु आवश्यक छ जुन तपाईंको पत्रमा छैन। के तपाईंकी श्रीमतीले पनि भन्नुभएको हो ? सम्पूर्ण शरीर देखिने ऐनामा केही दूरीबाट हेर्दाको भन्दा माथिबाट सीधै हेर्दा लिङ्गको बाङ्गोपन बढी देखिन्छ।

सबै पुरुषको लिङ्गको आकार एकै किसिमको हुँदैन। तपाईंले सुन्नुभएको कुरा ठीकै हो कि सामान्य रूपमा लिङ्ग केही बाङ्गो हुन्छ। उत्तेजित अवस्थामा एकदम सीधा नभई लिङ्ग आफैमा केही मात्रामा टेढो हुन्छ। यो सामान्य नै हो। कतिपयले लिङ्ग शरीरसँग टाँसिएको कोणको कुरालाई लिएर बाङ्गोपनको कुरा गर्छन्। कतिपयले लिङ्ग उत्तेजित हुँदा शरीरबाट सीधा बाहिर निस्किएको वा भुइँसँग समानान्तर हुनुपर्छ भन्ने सोच्छन् तर कुरा त्यसो होइन। लिङ्ग उत्तेजित हुँदा केही छड्के हुन सक्छ। लिङ्गको Corpus Cavernosa भनिने भाग जघनास्थीसम्म जोडिएको हुन्छ। यसैले उत्तेजित लिङ्गको कोणलाई निर्धारित गर्छ। यहाँ तपाईंले लिङ्गको बीच भागको बङ्गोपनलाई नै संकेत गर्नुभएको होला।

**यौन सम्पर्क गर्दाको असजिलो**

अति नै बङ्गो नभई यौन सम्पर्क राख्न नै गाह्रो नहुनुपर्ने हो। यौन सम्पर्क गर्दा असजिलो लागेको तपाईंलाई मात्र हो कि तपाईंकी श्रीमतीलाई पनि ? केही परिस्थीत हुन्छन् जसमा लिङ्ग अति नै बङ्गो हुन्छ। यसमध्ये केही त जन्मजात नै हुन्छन्। मूत्रनलीको विकासमा गडबडी भएर टेढोपन भएको स्थितिमा लिङ्ग तलतिर बाङ्गो हुन्छ। लिङ्ग निश्चित (स्थायी) रूपमा बाङ्गो भएको अवस्थालाई chordee भनिन्छ। मूत्रद्वारको गम्भीर संक्रमण पनि लिङ्गको बाङ्गोपनको कारण हुन्छ। Peyronie's disease मा सामान्य लिङ्ग अकस्मात निकै नै बाङ्गो हुन गै यौन सम्पर्क गर्न नसक्ने हुन जान्छ र दुख्छ पनि। पक्का रूपमा कारण थाह नभएको यो रोग अक्सर चालीस वर्षभन्दा माथिका मानिसलाई लाग्छ। यस्ता गम्भीर समस्याहरूका लागि मात्र चिकित्सकको सहयोग आवश्यक पर्छ। तपाईंले यस्तो गम्भीर प्रकृतिको लिङ्गको बाङ्गोपनको समस्या भोग्नुपरेको कुराको झलक पत्रमा पटक्कै पाइँदैन।

**कसरी सोझ्याउने ?**

शल्यचिकित्सा नै लिङ्ग सोझ्याउने उपाय हो। सामान्यतया गम्भीर प्रकृतिको लिङ्गका बाङ्गोपनलाई शल्यक्रियाद्वारा नै सोझो बनाइन्छ। तपाईंले विचार गर्नुपर्ने कुरा के छ भने शल्य-क्रियाका हानि पनि हुनसक्छन्। त्यसैले तपाईंलाई आफ्नो लिङ्गको बाङ्गोपनका सम्बन्धमा शंका छ भने शल्यचिकित्सकको परामर्श लिन सक्नुहुन्छ तर आवश्यक नै नभई हल्का किसिमको बाङ्गोपनलाई सोझ्याउन खोज्दा फाइदाको सट्टा बढी हानि हुने सम्भावना पनि हुन्छ।

**हस्तमैथुनको कुरा**

विवाहपछि नियमित यौन सम्पर्क गर्न पाएपछि स्वाभाविक रूपमा नै हस्तमैथुन गर्ने क्रम कम हुनसक्छ तर महत्त्वपूर्ण कुरा के हो भने तपाईंले यहाँ नियन्त्रण गरें भन्ने कुरा लेख्नुभएको छ। विवाह भयो भन्दैमा हस्तमैथुन गर्नै नहुने वा त्यसलाई पूर्णरूपमा नियन्त्रण गर्नुपर्छ भन्ने होइन। हस्तमैथुन मात्र गरेर श्रीमतीसँग यौन सम्पर्क नै गर्न छोड्नुभयो भने चाहिँ समस्या पर्छ नत्र भने यो चिन्ताको विषय होइन।

तपाईंले पत्रमा हस्तमैथुन गर्ने कुरा उल्लेख गर्नुभएको छ। हस्तमैथुनका विभिन्न तरिका हुन्छन् तर तपाईंले कसरी हस्तमैथुन गर्नुहुन्छ स्पष्ट रूपमा पत्रमा उल्लेख छैन। यदि तपाईंले हातले लिङ्गको बीचको भाग समातेर हातलाई अघि-पछि चलाई हस्तमैथुन गर्नुभएको छ र यसो गर्दा तपाईंलाई खासै असजिलो हुँदैन भने श्रीमतीसँगको यौन सम्पर्क पनि खासै फरक नपर्नुपर्ने हो।

## रहेनन चंखे



चंखेका नामले चिनिने चर्चित हास्यकलाकार गोपालराज मैनालीको गत शनिबार ६४ वर्षको उमेरमा निधन भएको छ। ४२ दिनअघिदेखि अस्पताल भर्ना भएका कलाकार मैनालीको पार्थिव शरीरलाई मृत्यु हुनेबित्तिकै राति पशुपति आर्यघाट लगी दाहसंस्कार गरिएको थियो।

हास्य कलाकार मैनालीले दर्जनौं नाटक, दर्जनभन्दा बढी सानो पर्दा र पाँच दर्जनजति ठूलो पर्दाको चलचित्रमा आफ्नो कुशल अभिनय गरेका थिए। वि.सं. २०१४ सालदेखि सुरु भएको उनको कलायात्रा २०२० सालमा आइपुग्दा 'हिजो आज भोलि' मार्फत चलचित्रमा प्रवेश गरेको थियो। पहिलो पुस्ताका हास्यकलाकार मैनालीले प्रकाश थापाद्वारा निर्देशित चलचित्र 'सिन्दूर' र 'जीवनरेखा' मार्फत चर्चा र ख्याति कमाएका थिए। चलचित्र सिन्दूरमा उनले चंखेका रूपमा निर्वाह गरेको भूमिकालाई उत्कृष्ट मानिन्छ।

गोपालराजका श्रीमती, एक छोरा र दुई छोरी छन्। कान्छी छोरी सज्जा नायिकाका रूपमा चिनिन्छिन्। यतिबेला छोराबाहेक उनको परिवारका अन्य सदस्यहरू विदेशमा छन्। चंखेकी नक्कली अर्थात् बसुन्धरा भुसालले साप्ताहिकसँग भनिन्- 'गोपालराज सम्पूर्ण कलाक्षेत्रका सम्मानित सदस्य हुनुहुन्थ्यो, सुटुक्क राति-राति आर्यघाट पुऱ्याउन हुँदैनथ्यो।'

## मिस टिन रन्को

पोखरा- किताबी ज्ञानमा मात्र सीमित युवतीहरूलाई उनीहरूको प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले मिस टिन पोखरा-२००८ को चहलपहल सुरु भएको छ। प्रतियोगितामा भाग लिन टिन सुन्दरीहरू दौडा-दौड गरिरहेका छन्। द राइट आर्म इन्टरनेशनल प्रा.लि. र जित हाम्रो प्रा.लि.ले प्रतियोगिता गर्न लागेको प्रतियोगितामा १३ देखि १९ वर्ष उमेर समूहका टिनएजरहरूको सहभागिता छ।

प्रतियोगिता स्थानीय कलेज र पल्स टुमा अध्ययनरत सुन्दरीहरूको सहभागिता छ। अहिले प्रतियोगिताका सहभागीहरूलाई विभिन्न विषयमा सम्बन्धित विषयका अनुभवी प्रशिक्षकहरूबाट प्रशिक्षण दिइँदैछ।

अहिले ब्युटिकन्टेस्टमा सहभागी हुने युवायुवतीहरूको संख्या बढी रहेको छ, कार्यक्रम संयोजक हरि पराजुलीले साप्ताहिकसँग भने। सन् २००३ मा लिडी लेडी पोखरामा सहभागिता जनाएर अनुभव बटुलिसकेकी लेकसाइडकी अनु ढकाल मिस टिनमा प्रतिस्पर्धा गर्दै छिन्।

व्यक्तित्व विकासमा टेवा पुग्ने उद्देश्यले प्रतियोगितामा भाग लिन आएकी अनु भन्दै थिइन्- 'विगतको अनुभवले पनि मलाई प्रतियोगितामा प्रतिस्पर्धा गर्ने उत्कण्ठा जाग्यो। अनु मात्र हैनन्, उनी जस्तै १५ जना प्रतिस्पर्धीहरू फागुनको दोस्रो साता हुने प्रतियोगिताको तयारीका लागि ज्याम्पमा हिंड्न सिकिरहेका छन्। कालिका क्याम्पसकी स्नातक तहकी विद्यार्थी सविता



गुरुङले भनिन्- ब्युटी कन्टेस्ट प्रतिभा देखाउने प्लेटफर्म हो। मिस टिन पोखरा-२००८ उपाधिसँगै फस्ट रनरअप, सेकेन्ड रनरअप, बेस्ट ड्रेस, बेस्ट हेयर फोटोजेनिक, चार्मिङ, डिसिपिलिन आदि विभिन्न १६ विधामा उत्कृष्ट प्रतियोगि छनौट गरिनेछ।

**शिव शर्मा**

## तल दिइएको चित्रमा कतिवटा फरक छन् ? पत्ता लगाऊ



फरकहरू : मूर्ति, मोजा, जुत्ता, पाइन्ट, ब्याग, साडी, कपाल, रुख, हात, मन्दिरको ढोका ।

## अकालमै मर्ने भए मोटेहरू

मोटोपनका कारण नष्ट हुने मस्तिष्कका कोषहरूका कारण मधुमेह रोग लाग्ने कुरा फ्रान्सका वैज्ञानिकहरूले सार्वजनिक गरेका छन्। मोटोपन घटाउन शल्यक्रिया गरिए मधुमेहबाट छुट्कारा पाउन सकिने वा नसकिने भन्नेबारेमा चिकित्सकहरूले प्रयोग गर्नुपर्ने निचोड अध्ययनले निकालेको छ। हाल विश्वमा मधुमेह रोगबाट १७ करोड मानिस प्रभावित छन्। सन् २०३० पछि मधुमेहबाट हरेक वर्ष ३० लाख मानिसको मृत्यु हुने विश्व स्वास्थ्य संगठनले जनाएको छ।

## जन्मदिनको शुभकामना



शुभम भण्डारी
२०६० फागुन ६



सचिना तिलिजा
२०६१ फागुन ६



समर्पण चौधरी
२०६३ फागुन ९



कृतिका पराजुली
२०६१ फागुन ५

**कुपन**

### जन्मदिनको शुभकामना

नाम :........................................................

जन्म मिति :........................................................

स्कुल :..........................................

ठेगाना : ..........................................

**तस्बिर अनिवार्य**

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

## रुन्चेहरूको तस्बिर नखिच्ने क्यामेरा



जापानको सोनी कम्पनीले साइबर सुट-टी नामक नयाँ क्यामेरा आविष्कार गरेको छ। उक्त क्यामेराले पारिवारिक तस्बिर खिचाउँदा हँसिलो अनुहार नबनाउने व्यक्तिको तस्बिर आफैं डिलिट गर्नेछ। उक्त क्यामेराको लेन्सले अनुहार हँसिलो बनाउनेहरूको पहिचान गरी तस्बिर खिच्नेछ।

दाँत देखाएर वा दाँत नदेखाई हसिलो तस्बिर खिच्नुपरे फोटोग्राफरले क्यामेरामा सेट गरेपछि तदनुरूपकै तस्बिर उक्त क्यामेराले खिच्नेछ। खुसीका क्षणको तस्बिर खिच्ने उद्देश्यले यो विशेष किसिमको क्यामेरा निर्माण गरिएको कम्पनीले जनाएको छ। यसको बजार मूल्य ३ सय ४५ अमेरिकी डलर छ।

## कोसीटप्पुमा नयाँ चरा

कोसी टप्पु वन्यजन्तु आरक्षमा नेपाली वैज्ञानिकहरूले नेपालका लागि नयाँ प्रजातिको चरा फेला पारेका छन्। उक्त नयाँ प्रजातिको अंग्रेजी नाम Rufos-vented Prinia राखिएको छ। यसलाई नेपालीमा गाइँने घाँसेफिस्टो नाम दिइएको छ।

चरा विशेषज्ञ तथा नेपाल रेयर बर्ड्स कमिटीका प्रमुख सूचित बस्नेत तथा बद्री चौधरीले सन् २००५ अप्रिल १ तारिखका दिन कोसीटप्पु वन्यजन्तु आरक्षमा पहिलो पटक उक्त प्रजातिको दुईवटा चरा फेला पारेका थिए।

नेपालमा पाइएको उक्त नयाँ उप-प्रजातिलाई वैज्ञानिक भाषामा Prinia burnesii nipalensis नाम दिइएको छ। उक्त उप-प्रजातिको अध्ययनका लागि लगभग दुई वर्ष लागेको थियो।

यो चरा Cisticolidae परिवारमा पर्छ। उक्त प्रजातिका अरू थप दुई उप-प्रजाति छन्। उक्त उप-प्रजातिका वयस्क चराको प्वाँख टल्कने खरानी तथा फिक्का खैरो रंगका हुन्छन्। टाउको र गर्दन खरानी रंगको हुन्छ भने ढाड, पखेटा र पुच्छर खैरो हुन्छ। टाउकोमा ढाडभन्दा बाक्ला र मसिना धर्काहरू हुन्छन्। ढाडका



धर्काहरू टाउकाको भन्दा बढी मोटा हुन्छन्। अल्प-वयस्कहरू वयस्कजस्तै देखिने तर टाउको र ढाडमा कम धर्का भएका हुन्छन्। कोसी टप्पुमा पाइएको उक्त उप-प्रजातिका सबै चराहरू त्यहाँका साना टापुमा भएका अग्ला घाँसेमैदानहरूमा पाइएका थिए। कोसीको बाँध वरपर रहेका बस्ती नजिकै का घाँसेमैदानहरूमा यी चराहरूको उपस्थिति छैन।

यो उप-प्रजाति नेपालका लागि आवासीय चरा हो र यसले नेपालमै बच्चा कोरल्छ। बासस्थान लोप र विनाशका कारणले गर्दा नै यो घाँसेफिस्टो दुर्लभ भएको हो। यो चरालाई नेपालको अति संकटापन्न प्रजातिका रूपमा सूचीकृत गरिएको छ।

## क्यान्सरबाट बच्न वाइन




एक वा दुई ग्लाससम्म नियमित रूपमा रेड वाइन सेवन गर्नाले मानिसहरूमा क्यान्सर रोग प्रतिरोध क्षमतामा वृद्धि हुने कुरा हालै अमेरिकाको अलावामा विश्वविद्यालयका वैज्ञानिकहरूले गरेको अनुसन्धानले देखाएको छ। रेड वाइनमा पाइने रेस्भेराट्रोल (Resveratrol) नामक तत्त्व मुसामा प्रयोग गर्दा क्यान्सर रोग प्रतिरोध क्षमता ८७ प्रतिशतले बढेको पाइएको थियो।

यसका अतिरिक्त रेड वाइनमा हृदयरोग प्रतिरोध गर्ने अन्य कैयन् तत्त्वहरूसमेत रहेको अनुसन्धानमा संलग्न वैज्ञानिकहरूले बताएका छन्। यसअघि गरिएको एक अर्को अनुसन्धानले रेड वाइन सेवनले पुरुषहरूमा मात्र क्यान्सर प्रतिरोध क्षमतामा वृद्धि नभई महिलाहरूमा पनि क्यान्सर प्रतिरोध क्षमता बढ्ने कुरा प्रमाणित गरेको थियो।

वैज्ञानिकहरूले क्यान्सर प्रतिरोध क्षमता भएको रेस्भेराट्रोल पाइने फलफूलहरू अंगुर, रसबेरिज, ब्लु बेरिज र बदाममा पनि क्यान्सर प्रतिरोधक क्षमता हुने बताएका छन्।

## साप्ताहिक शब्दजाल प्रतियोगिता - ९



**प्रतियोगीको नाम :**

**ठेगाना :**

**ठाडो**

**१** तीतो सत्यकी नायिका (३, ३)
**२** साइबर संसारका फोटोग्राफर (४, ३)
**३** इन्डियन आइडल (३, ३)
**४** राजेश हमालको जोडी (३, ३)
**५** फुटबल खेलाडी (३, २)
**६** पिटर क्रोचको देश (४)
**७** एक राशि (३)
**८** थापा थर भएकी नायिका (२)

**तेर्सो**

**१** कलियुगका कृष्ण (३, ४)
**२** दिलीपसँग नृत्यमा रमाउने (४, ३)
**३** रोमान्टिक गजलकार (३, ३)
**४** रेखा थापाको जोडी (३, २)
**५** इन्डियन आइडल उपविजेता (३, २)
**६** धराननजिकैको सहर (४)
**७** एक फूल (३)
**८** सुनुवार थरकी गायिका (२)


**नियमहरू :**

१. यो प्रतियोगिता सबैका लागि खुला छ।
२. यो शब्दजाल साप्ताहिकको पछिल्लो अंकमा आधारित छ।
३. प्रतियोगीले आफ्नो नाम र ठेगाना स्पष्ट उल्लेख गरी पठाउनुपर्नेछ।
४. पुरस्कृत हुनेलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ।

## साप्ताहिक शब्दजाल प्रतियोगिता नं. १ को विजेता


**दीपक कोइराला, वालिङ– २, स्याङ्जा**

**तल दिइएको चित्रमा कति सामानहरू लुकेका छन् ?**



लुकेका सामानहरू : आँखा, ओठ, चरा, केरा, फूल, स्याउ ।

**घरपुग्न अल्मलिएकी महिलालाई सहयोग गर्न सकिएला ?**



# प्रेमका रूप अनेक



प्रेम एउटा यस्तो अनुभूति हो जसको अनुभव अनौठो र मीठो हुन्छ। जब हामी कसैसँग प्रेम गर्छौं त्यतिबेला मनले केवल आफूले चाहेको व्यक्तिका बारेमा मात्र सोच्छ र उसकै सम्झनामा हराइरहन खोज्छ। मनमा कोही बसेपछि रमाइलो तथा आनन्दका अनुभूतिहरू आउन थाल्छन्, जसको विचरणमा दुई प्रेमी संसारलाई बिर्सेर एक-अर्कामा हराउन पुग्छन्। प्रेमले संसारका सबै तनावबाट मुक्त गरेर केवल माया तथा खुसीमा मात्र प्रदान गर्छ तर यदि यही प्रेम विवाहेत्तर कुनै पुरुषको अविवाहित महिलासँग र कुनै महिलाको अविवाहित पुरुषसँग भएको खण्डमा प्रेमले माया होइन तनाव मात्र प्रदान गर्छ। त्यति मात्र नभएर त्यसले वैवाहिक जीवनलाई नै तहसनहस पारिदिन्छ। केही समयअघिसम्म पुरुषहरूमा विवाहेत्तर सम्बन्ध पाइन्थ्यो भने आजभोलि विवाहित महिलाहरूमा पनि यस्तो सम्बन्धको विकास भएको पाइन्छ।

**प्रेममा लड्खडाएका पाइला :** यदि पोस्ट म्यारिटल रिलेसन्सप्रति ध्यान दिने हो भने माथि उल्लेख गरिएको समस्या बढी पाइन्छ। विवाह भएको केही दिनपछि नै महिलाको कुनै परपुरुषसँग सम्बन्ध विकसित हुन्छ भने उनको वैवाहिक स्थिति कस्तो होला ? कुनै पनि व्यक्तिका लागि विवाहपछिको समय जीवनको सबैभन्दा सुनौलो क्षण हुन्छ जसलाई मीठो सम्झनाका रूपमा सँगालेर राख्ने चाहना सबैमा हुन्छ। यस्तो समयमा श्रीमान्-श्रीमतीबीच गहिरो माया-प्रेम हुनुपर्नेमा अरू अविवाहित पुरुष वा महिलाप्रति आकर्षित हुनु भनेको आश्चर्यजनक कुरा नै हो। आफ्ना श्रीमान् स्मार्ट, सम्पन्न र आफूलाई धेरै भन्दा धेरै माया गर्ने हुँदाहुँदै पनि कुनै महिलाको परपुरुषप्रति आकर्षण बढ्नुको कारण के हुन सक्छ ? यस्ता महिलाहरूको मानसिकतालाई ध्यान दिंदा के पाउन सकिन्छ भने उनीहरूलाई आफूसँग भएको कुनै पनि कुराबाट सन्तुष्टि प्राप्त हुँदैन र आफूसँग नभएको महत्त्वहीन कुराप्रति आकर्षण हुन्छ। यही मानसिकताका कारण सुखद वैवाहिक जीवनमा तनावपूर्ण स्थिति उत्पन्न हुन थाल्छ। बढी मात्रामा विलासिताप्रति झुकाव राख्ने महिलाहरूको मानसिकता अरूको भन्दा फरक किसिमको हुन्छ। यस्ता महिलाले आफ्नो विलासितामोहलाई नियन्त्रण गर्न सक्दैनन्।

**सबैबाट घृणा :** यस्ता प्रकृतिका महिलाले के कुरामा ध्यान दिनु आवश्यक छ भने जुन अविवाहित वा परपुरुषको प्रेममा आफू र आफ्नो वैवाहिक जीवनलाई डुबाइएको छ, वास्तवमा त्यो पुरुषले आफूसँग समय बिताइरहेको छ। यस्तो प्रेमको उसको जीवनमा कुनै महत्त्व हुँदैन र उसले कुनै नोक्सानी पनि बेहोर्नुपर्दैन। महिला नै सबैतिरबाट अपहेलित हुँदै ठूलो नोक्सानीमा पर्छिन्।

पुरुषले आफ्नो स्वार्थ पूरा भएपछि अन्यत्र विवाह गर्छ र महिलालाई वास्ता गर्न छाड्छ। उसको जीवन त खुसी नै खुसीले भरिन्छ तर महिलाको जीवन भने नर्क बन्छ, किनकि प्रेमीले माया गर्न छाड्छ, श्रीमान्ले घृणा गर्न थाल्छन्। केही समयको विलासिताले महिलाको जीवनभरको वैवाहिक सम्बन्धमा ग्रहण लाग्छ। श्रीमानसँग महिलाको सम्बन्ध विच्छेद हुने स्थितिसम्म आउन सक्छ र अड्डा-अदालतको ढोका बारम्बार ढक्ढकाइरहनुपर्ने अवस्था आउन सक्छ। महिलाको विलासितामोहको चर्चा घर-परिवारमा मात्र सीमित नभई गाउँ-टोलसम्म हुन थाल्छ। जसका कारण श्रीमान्को घरको ढोका सधैंका लागि बन्द हुन्छ र माइतीको ढोकामा स्वागतका लागि उभिने पनि कोही हुँदैनन्। महिलाले न घरको न घाटको हुनुपर्छ। उनी सबैका लागि घृणाको पात्र बन्न पुग्छिन्।

**दाम्पत्य जीवनमा रमाउनुपर्छ :** श्रीमान्को मानसिकता बुझेर आफूलाई त्यही अनुरूप ढाल्नुपर्छ। एउटा श्रीमान्ले आफ्नी श्रीमतीले आफूलाई जीवनको हरेक सुख-दुःखमा साथ दिरहुन् भन्ने चाहन्छन्। श्रीमती सधैं आफूसँग रहून्, आफ्नो घर-परिवार सिंगारोस् र आफ्नो पाइलामा पाइला मिलाएर हिंडोस् भन्ने चाहेका हुन्छन्। श्रीमतीको केवल आफूसँग मात्र आत्मीय सम्बन्ध होस् भन्ने चाहना उनीहरूको हुन्छ। यस्तो चाहनाका अगाडि श्रीमतीले श्रीमान्प्रति बेवास्ता गरी परपुरुषसँग सम्बन्ध बढाएको कुनै पनि श्रीमान्ले सहन सक्दैनन्। त्यस्तै श्रीमतीले गलत कदम बढाएको त उनलाई असह्य नै हुन्छ, फलस्वरूप दाम्पत्य जीवनमा तीतोपन घोलिन थाल्छ।

प्रायः पुरुष शंकालु हुन्छन्। आफ्नी श्रीमती कसैसँग खुलेर व्यवहार गरेको उनीहरूलाई मन पर्दैन र श्रीमान्-श्रीमतीबीच झगडा उत्पन्न हुनथाल्छ। हुन त महिलाहरू पनि शंकालु नहुने होइनन्, तर उनीहरू स्थितिसँग सम्झौता गर्छन् र स्थितिलाई सामान्य बनाउँछन् तर पुरुषहरू स्थितिलाई नियन्त्रणमा लिन सक्दैनन् जसका कारण विवाद बढ्दै जान्छ।

कुनै पनि महिलाले आफ्ना श्रीमान्लाई वास्ता नगरेर अरू पुरुषप्रति चासो बढाउनु गलत हो। महिलाको सानो गल्तीले वैवाहिक जीवनमा तुषारो लाग्न सक्छ। कुनै पनि व्यक्तिलाई कोही मन पर्नु सुन्दर लाग्नु स्वाभाविक हो तर अरूको सुन्दरतालाई आफूमा हावी हुन दिनु राम्रो होइन। श्रीमान्-श्रीमतीले एक-अर्काका सामु परपुरुष वा महिलाको प्रशंसा गर्नु हुँदैन। गृहस्थ जीवन बिग्रने कारणको यो पहिलो सिंढी हो। कुनै व्यक्ति तपाईंलाई राम्रो लाग्छ भने त्यसलाई राम्रोमै सीमित राखी श्रीमान्लाई सकारात्मक नजरले हेर्नुपर्छ, श्रीमान्जस्तो सुन्दर र राम्रो अरू कोही लाग्नेछैनन्।

**आफ्नो संसार सिंगार्नुहोस् :** विवाहअघिको नराम्रो बानी हटाएर राम्रो बानीका साथ आफ्ना श्रीमान्को घरमा भित्रिनुपर्छ। आफ्नो गृहस्थी एवं श्रीमान्का बारेमा सोच्नुपर्छ। अलिकति मात्र कुरा बिग्रिएको खण्डमा आफ्नो वैवाहिक जीवन तहसनहस हुन्छ र समाजमा पनि कुनै इज्जत हुँदैन। विवाहपछि महिलाको इज्जत श्रीमान्को इज्जतसँग गाँसिन पुग्छ। त्यसैले सानो गल्तीले गर्दा श्रीमान्सँग छुट्टिनुपर्ने स्थिति आउँछ।

विवाहपछि एउटी महिलाका लागि आफ्ना श्रीमान् नै प्रियतम, साथी, श्रीमान् र सबै कुरा हो भन्ने कुरा राम्रोसँग बुझ्नुपर्छ। आफ्नो आफ्नै हो र पराइ पराइ नै। त्यसैले आफूसँग भएको कुरालाई महत्त्वपूर्ण मान्नुपर्छ। यदि यही सोचाइ सबै श्रीमान्-श्रीमतीमा हुने हो भने सम्बन्धमा नयाँ ऊर्जा थपिन्छ।

**– अरुणा भट्टराई**



# प्लेटोनिक लभको नयाँ चलन

प्लेटोनिक लभको अर्थ हो– इन्टिमेट एन्ड एफेक्सिनेट बट नट सेक्सुअल। चलचित्रमा यस्ता धेरै त्रिकोणीय प्रेम फेला पार्न सकिन्छ जसलाई प्लेटोनिक लभको उदाहरणका रूपमा लिन सकिन्छ।

**के हो प्लेटोनिक लभ ?**

प्लेटोनिक लभ त्यस्तो प्रेम हो जसमा प्रेमका सबै तत्त्व समावेश हुन्छन् तर त्यहाँ यौन सम्बन्धको कुनै स्थान हुँदैन। मनको मनसँग मात्र सम्बन्ध हुन्छ जसमा शरीरको कुनै स्थान हुँदैन। समाजमा सम्बन्ध-विच्छेद हुन्छ र त्यस्तो सम्बन्ध उत्पत्ति हुन्छ, त्यो सम्बन्ध स्वीकार गर्न वा त्यसको स्वरूप चिन्न गाह्रो हुन्छ। विभिन्न शंका तथा कुराहरू भए पनि त्यस्तो सम्बन्धको माग बढ्दै गएको छ भने यस्तो सम्बन्ध स्थायी पनि हुँदै गएको छ।

**मनोवैज्ञानिकहरूको विचारमा**

प्रख्यात मनोवैज्ञानिक फ्रायडका अनुसार प्रेम मूलतः एक यौन घटना हो। उनले प्रेमजस्तो एउटा भावनालाई यौनात्मक संवेगका रूपमा परिभाषित गरेका छन् तर पछि अमेरिकी मनोवैज्ञानिक तथा सामाजिक समालोचक एरिक फ्रामले प्रेमलाई केवल यौन घटनाका रूपमा परिभाषित गर्न अस्वीकार गरे र १९५६ मा प्रकाशित आफ्नो पुस्तक 'द आर्ट अफ लभिङ' मा 'प्रेम यौन सन्तुष्टिको परिणाम हुनै सक्दैन' भनेर लेखे।

**यस्तो प्रेमको लक्षण**

जब कसैसँग कुरा गर्दा आनन्द आउँछ, सबै कुरा उसलाई भन्न मन लाग्छ। हरेक ठूला तथा महत्त्वपूर्ण कुरा, जीवनका हरेक निर्णय ऊसँग सल्लाह गर्दा मनमा सन्तोष हुन्छ। पर्याप्त तृप्तिको अनुभव हुन्छ भने त्यो सम्बन्धले प्लेटोनिक प्रेमको आकार लिँदैछ भन्ने बुझ्नुपर्छ। यस्तो सम्बन्धमा शारीरिक सम्बन्धको कुनै गुन्जायस हुँदैन भन्ने कुरालाई ध्यान दिनुपर्छ। यो सम्बन्धलाई बुझ्ने शक्ति सबैमा हुँदैन। यो सम्बन्ध निभाइरहेका व्यक्तिलाई मात्र यो सम्बन्धका बारेमा ज्ञान हुन्छ।

**सम्बन्ध कुन उमेरमा ?**

वास्तवमा यो सम्बन्ध दोस्रो विवाहको एउटा राम्रो विकल्प हो। विवाहपछि कुनै महिला वा पुरुषप्रति आकर्षण हुनु सामान्य हो। कहिलेकाहीँ यो आकर्षण सामाजिक मर्यादाका अघि सानो देखिन्छ, तर कहिलेकाहीँ यसले एक्स्ट्रा मेरिटल अफेयर्सको रूप लिन्छ। परिवर्तीत समयले सम्बन्धलाई नयाँ तरिकाले परिभाषित गरेको छ किनभने आवश्यकता पनि परिवर्तन हुन्छ। प्लेटोनिक लभ पनि आवश्यकताको एउटा भाग हो। यो आफैंमाथि निर्भर गर्छ– सम्बन्ध वा प्रेमको यो स्वरूपलाई स्वीकार गर्ने कि परम्परागत समाजको अंग बन्ने ?

**प्लेटोनिक लभको आधारशिला**

समाजमा प्लेटोनिक लभको प्रारम्भ चलचित्रको स्क्रिप्टमा भएको थियो। यसलाई कुनै नाम दिइएको थिएन र कहिलेकाहीँ यसलाई सम्बोधन गर्नुपरे केवल साथीको नामले सम्बोधन गरिन्थ्यो। राजन र सञ्जना एउटै अफिसका कर्मचारी थिए। दुवै विवाहित थिए, दुवैको भावनात्मक आत्मीयपन अरू सहकर्मीहरूलाई मन पर्दैनथ्यो। यो कुरा सञ्जनालाई पनि थाहा थियो। उनका सहकर्मीले राजन र उनको सम्बन्धलाई लिएर आफ्ना श्रीमान्लाई भड्काउन खोजेको कुरा पनि सञ्जनालाई राम्रोसँग थाहा थियो। सुरुमा सञ्जनाका श्रीमान् रिसाए तैपनि बिस्तारै उनलाई सत्य कुरा थाहा भयो र सञ्जनालाई अहिले सजिलो हुँदै गएको छ।

सञ्जनाका श्रीमान् व्यापारी हुन्। उनी आफ्नो काममा दिन-रात व्यस्त हुन्छन्। उनी कुनै गलत बाटोमा हिंड्नुभन्दा यो बाटोमा निकै समझदारीका साथ लागेकी हुन्। राजन सेन्सिवल थिए र उनले सञ्जनासँग गर्ने व्यवहार आदरणीय हुन्थ्यो। सञ्जना र उनका श्रीमान्बीच बढी मात्रामा यौन सम्बन्ध हुँदैनथ्यो तर जब हुन्थ्यो त्यसमा उनीहरू चरम सन्तुष्टि प्राप्त गर्थे। यही कारणले गर्दा सञ्जनाले यौन सन्तुष्टिका लागि यताउता भट्कनुपर्दैनथ्यो।

**प्लेटोनिक सम्बन्ध बनाउनुअघि**

यो सम्बन्ध जो-कसैसँग पनि बनाउन सकिन्छ तर आफ्नो साथी भावनात्मक रूपले पर्याप्त समझदार हुनु आवश्यक छ।

- आफ्नो उमेर मिल्ने व्यक्तिसँग यस्तो सम्बन्ध उपयुक्त हुन्छ किनभने भावनात्मक सन्तुष्टि चाहिएको हो भने समान विचार भएको व्यक्तिबाट मात्र प्राप्त हुन्छ।
- यो सम्बन्धको आधार भनेको संवाद नै हो। त्यसैले संवाद वा कुराकानीको अन्त्यसँगै यो सम्बन्धको पनि अन्त्य हुन्छ।
- एकपटकमा दुई-तीन व्यक्तिसँग यस्तो सम्बन्ध बनाउनुपर्छ, जसले गर्दा कुनै व्यक्तिलाई आफ्नो यो आवश्यकता बोझ नलागोस्।
- कहिलेकाहीँ प्लेटोनिक लभ नै पछि गएर प्रेममै परिवर्तन हुन्छ। यदि यस प्रकारको प्रेमका लागि तयार हुने हो भने मात्र कुरा अघि बढाउनुपर्छ, यदि होइन भने यो सम्बन्धको अन्त्य तत्काल गरिहाल्नुपर्छ।



# फुटबलकी परीको प्रेम अन्त्य



आफ्नी प्रेमिकालाई कसले पो माया गर्दैन ? अझ विवाह बन्धनमा बाँधिएर सँगै बाँच्ने कसम खाएका प्रेमी-प्रेमिका छन् भने उनीहरूले गर्ने मायापिरतीको कुरै बेग्लै हुन्छ । प्रेमी-प्रेमिकाको प्रसंग निकाल्दा हालका वर्षमा इङ्लिस फुटबलका चर्चित खेलाडीहरूको नाम अघिल्लो पंक्तिमा आउँछ । अन्यत्रका खेलाडीहरूले पनि प्रेम गर्छन् र उनीहरूका पनि प्रेमिका छन् तर तुलनात्मक रूपमा सञ्चारमाध्यमले इङ्लिस फुटबलका खेलाडीहरूलाई विशेष प्राथमिकता दिन्छन् । किनकि उनीहरूको प्रेमको चर्तिकला अन्यत्रको तुलनामा समाचार बनाउन लायक पनि हुन्छ । पछिल्लो पटक जर्मनीमा आयोजित विश्वकप फुटबल प्रतियोगिताको समयमा अधिकांश खेलाडीले आफ्नी प्रेमिकालाई लान व्यवस्थापन पक्षलाई दबाब दिएका थिए । किनकि उनीहरू प्रेमिकाबिना एक पल पनि बिताउन नसक्ने स्वभावका थिए ।

कुनै पनि प्रतियोगितामा जाँदा आफ्नी प्रेमिकालाई कुनै पनि ढंगले लाने स्वभावका कारण इङ्लिस फुटबल टिमका खेलाडीहरूलाई लभ बर्डका रूपमा पनि हेरिन्छ । उनीहरू आफ्नी प्रेमिकालाई दिलोज्यान दिएर प्रेम गर्ने स्वभावका हुन्छन् । यस्तो किसिमको लभ ट्रेन्डलाई इङ्लिस फुटबल टिमका कप्तान डेभिड बेकह्यामले परिष्कृत गरेका हुन् भन्दा कसैले आपत्ति नजनाए हुन्छ । लामो समयसम्म इङ्लिस फुटबल टिमको कप्तान रहेका बेकह्यामले आफूलाई ग्ल्यामरको क्षेत्रमा सधैं अब्बल राखे । उनीमार्फत् धेरै किसिमका फेसन शैलीले विकसित हुने मौका पायो । यसबाहेक उनले आफूजस्तै ग्ल्यामरस युवतीसँग प्रगाढ प्रेममा बाँधिने एक किसिमको शैलीको विकास नै गरे । उनले नयाँ फेसन ल्याए, त्यसलाई त्यागे, फेरि नयाँ अँगाले तर उनले आफ्ना लागि लाखौं युवतीले प्रेमका अनगिन्ती प्रस्ताव राखे पनि आफ्नो प्रेमलाई हल्लिने मौका दिएका छैनन् । जसका कारण बेकह्याम जोडीको माया-प्रेम अन्य खेलाडीहरूका लागि पनि आदर्श मानिन्छ । उनले आफ्नी प्रेमिकाका लागि स्पेनको रियल म्याड्रिडजस्तो प्रतिष्ठित क्लब त्यागेर अमेरिकामा बसोबास गर्न ग्यालेक्सि क्लब रोजे । उनले इङ्लिस फुटबल टिमको कप्तानको जिम्मेबारीबाट समेत आफूलाई अलग गरे ।

इङ्ल्यान्ड फुटबल टिममा डेभिडजस्तो आदर्श प्रेमीको पदचिह्नमा अन्य खेलाडीले हिंड्ने प्रयास गर्दा ठेस लागेका प्रशस्तै उदाहरण छन् । इङ्लिस फुटबल टिमका जिरमोन डिफोइले आफूलाई बेकह्याम जस्तै प्रमाणित गर्ने सपना साँचेर कार्लोट मेर्ससँग प्रगाढ माया गाँसेका थिए । बेकह्यामले बेलायत छाडेपछि खेलाडीको प्रेमको चर्चा गर्नुपर्दा वायने रुनीपछि जिरमोनको नाम आउँथ्यो । उनले आफ्नी प्रेमिकालाई खुसी पार्न आफ्नो क्षमताभन्दा बढी गरे भने मेर्सले पनि आफ्नो प्रेमीलाई खुसी पार्न हरदम प्रयास गरिन् । उनीहरूको माया-पिरतीलाई बेलायतका सञ्चार-माध्यमहरूले परी र राजकुमारको प्रेमसँग तुलना गरेका थिए ।

जिरमोनले कार्लोटलाई आफ्नी प्रेमिकाका रूपमा प्रस्ताव गर्न करिब ३५ हजार पाउन्ड (४३ लाख ७५ हजार रुपैयाँ) खर्च गरेका थिए । एक होटलमा गरिएको उक्त खर्चमा जिरमोन कार्लोटसँग पहिलो पटक डेटिङमा गएका थिए । कार्लोटले जिरमोनको प्रेमप्रस्ताव स्वीकार गरेपछि आफ्नो प्रेमले निरन्तरता पाउने मानेर जिरमोनले कार्लोटसँग छुट्टी मनाउने सोच बनाए । उनको यो प्रस्तावलाई कार्लोटले सहर्ष स्वीकार पनि गरिन् । त्यसपछि जिरमोनले ६ हजार पाउन्ड (७ लाख ५० हजार रुपैयाँ) खर्च गरेर आफ्नी प्रेमिकासँग छुट्टी मनाएका थिए ।

२५ वर्षीय जिरमोनलाई माया गरेर कार्लोटले जिम भनेर बोलाउँथिन् भने आफ्नी २२ वर्षीया प्रेमिका कार्लोटलाई जिम लट्स भन्थे । आफ्नी प्रेमीले सबै कुराबाट खुसी दिएपछि लट्सले जिरमोनलाई सन्तुष्टि दिन ४ हजार पाउन्ड (५ लाख रुपैयाँ) खर्च गरेर आफ्नो स्तनलाई आकर्षक बनाएकी थिइन् । प्रेमले गति लिन थालेपछि उनीहरूले इन्गेजमेन्ट गरे, उक्त अवसरमा उनीहरूले प्रेमको आभास दिने ५ फिट आकारको आइसक्रिमको मूर्तिसमेत बनाए । इन्गेजमेन्टमा जिमले लट्सलाई करिब ७९ लाख रुपैयाँ पर्ने औंठी लगाइदिएका थिए भने १ सय जोर जुत्ता ५० लाख रुपैयाँमा किनेका थिए । आफूलाई लभ बर्डका रूपमा परिणत गर्ने क्रममा उनीहरू दैनिक साढे ६ लाख रुपैयाँ खर्च गर्थे ।

स्वयंवरपश्चात् जिमले लट्सलाई खुसी दिन ३० लाख पाउन्ड (३७ करोड ५० लाख रुपैयाँ) पर्ने घर किने जसको भान्साघरको सजावटका लागि मात्र २ करोड ५० लाख रुपैयाँ खर्च गरे । खाना पकाउन नआउने भए पनि लट्सले आफ्नो भान्सालाई आकर्षक बनाउन ६ वटा ओभन, २ वटा डिस वासर, १ सय ३२ वटा वाइन बोतल अटाउने २ वटा वाइन कुलर होल्डिङ, ४ फिट चौडाइको फ्रिज र २ वटा ४२ इन्चका टेलिभिजन सेट राखेकी थिइन् ।

आफ्नो प्रेमलाई घरभित्र मात्र सीमित नराखी उनीहरू कहिलेकाहीं लङ ड्राइभमा पनि जान्थे । लङ ड्राइभमा जानका लागि जिमले एस्टोन मार्टिनको डिबी मोडलको रेन्ज रोभर किनेका थिए । यसका लागि जिमले करिब १ करोड ४० लाख रुपैयाँ खर्च गरेका थिए । प्रेमका लागि आफ्नो सर्वस्व खर्च गरेका जिम र आफ्नो तन र मन अर्पिएकी लट्सबीच अचानक मतभेद देखापर्‍यो । लट्सका अनुसार जिमको जीवनमा मोडल ड्यानियल लियोड आएपछि उनीहरूको प्रेमको अध्याय समाप्त भएको हो तर पनि लट्स जिमले आफूलाई जस्तो माया अरू कुनै युवतीलाई नगर्ने बताउँछिन् । जिमको मायाका कारण पैसाको अर्थ नबुझेकी लट्स आफ्नो प्रेमले कोल्टे फेरेपछि आर्थिक संकटमा समेत पर्न थालेकी छिन् । उनले आफ्ना प्रेमीलाई आकर्षित गर्न बढाएको स्तनको मूल्य अझै चुकाउन सकेकी छैनन् । उनी अहिले त्यो आलिशान घर त्यागेर अन्यत्र बस्न थालेकी छिन् । लट्ससँग जिमका प्रशस्तै संस्मरण छन् । उनी एक दिन जिम फर्किएर आफ्नो अँगालोमा आउने आशामा छिन् । अहिले उनीसँग हुन्डाइको कार छ तर सम्झना रेन्ज रोभरको छ ।

# इजिप्टमा खुसीयालीको बहार





इजिप्टले अफ्रिकी नेसन्स कपको उपाधि रक्षा गर्दै नयाँ कीर्तिमान कायम गरेको छ । पछिल्लो एक वर्षमा हरेक क्षेत्रमा निराशाको खबरले वाक्क इजिप्टका नागरिकका लागि यो सफलताले पीडाका धेरै क्षणलाई बिर्साउन सहयोग गर्ने विश्वास लिइएको छ । आइतबार राति कायरोमा मुस्ताफा मोहम्मद स्क्वायरअगाडि ठूलो पर्दामा टेलिभिजन हेरिरहेका हजारौं दर्शकले अन्तिम सिट्ठी बज्नेबित्तिकै रातो, सेतो र कालो रंग अंकित राष्ट्रिय झन्डा उचाल्दै खुसीयाली मनाएका थिए । 'हामीले पनि खुसी मनाउन पायौं ।' वर्षभरि पीडा बोकेर बाँचेका इजिप्टवासीले विजय जुलुसमै भनेको कुरा हो यो ।

फुटबलमा यो सफलता पाउनुअघि सरकारले गरेको चर्को मूल्यवृद्धि, जहाज र रेल दुर्घटनापछिल्लो तीन वर्षमा यिनै तीन कारणले इजिप्ट समाचारको विषय बनिरहेको थियो । सन् २००६ मा काइरोमा नै उपाधि जितेको इजिप्टको यो खेल हेर्न विशेष व्यवस्थासमेत गरिएको थियो । १ लाख ६० हजार व्यक्तिलाई टेलिभिजनमा खेल हेर्न बिहानदेखि नै यातायातमा रोक लगाइएको थियो भने हजारौं प्रहरी काइरोमा तैनाथ गरिएको थियो । इजिप्टको यो खेल टेलिभिजनमा हेर्न र विजय उत्सव मनाउन पेलेस्टाइन र गाजाक्षेत्रबाट समेत हजारौं व्यक्ति उपस्थित थिए । ती सबैलाई खुसी तुल्याउने क्रममा अबुट्रीकाले मोहम्मद जिदानको पासमा ७७ औं मिनेटमा निर्णायक गोल गरे । गोलरक्षक इड्रिस कार्लोस कामेनीले दुई सुन्दर बचाउ गरेपछि इजिप्टले १-० को विजय हात पारेको थियो । कामेनीले गरेको बचाउमा प्रतियोगिताका शीर्ष गोलकर्ता सामुयल इटोको एक डरलाग्दो प्रहार पनि समावेश थियो ।

**साउदी युवराज दंग**

इजिप्टको यो सफलतामा साउदी युवराज अलवाद बिन तलाललाई समेत अत्यधिक खुसी तुल्यायो । उनले इजिप्टको राष्ट्रिय टिमलाई १८ लाख ४ सय अमेरिकी डलर पुरस्कार दिएका छन् । सेमिफाइनलमा आइभोरीकोस्टलाई ४-१ ले पराजित गरेपछि इजिप्टले फाइनलमा क्यामरुनलाई पनि हराउने अनुमान गर्दै आफूले सो खेल उत्सुकतापूर्वक हेरेको कुरा साउदी युवराजले बताएका छन् । यो प्रतियोगिताको पहिलो चरणमा पनि इजिप्टले क्यामरुनलाई ४-२ ले पराजित गरेको थियो । ६ पटक फाइनल प्रवेश गरेको क्यामरुनका लागि त इजिप्ट सबैभन्दा घातक टिम सावित भएको छ । यी ६ पटकमा क्यामरुन दुई पटक फाइनलमा पराजित भएको छ । यी दुवै पटक फाइनलमा पराजित गर्ने महारथी भने इजिप्ट नै बनेको छ ।

**फर्किएला इतिहास ?**

६ पटकको विजयी इतिहास मात्र इजिप्टको कीर्तिमान होइन । तीन पटक उपाधि रक्षा गर्दै इजिप्टले अर्को इतिहास पनि कायम गरेको छ । यसअघि सन् १९५९ र २००२ मा इजिप्टले नै उपाधिको रक्षा गरेको थियो । सन् १९८६ मा घरेलु भूमिमा भएको प्रतियागितामा उपाधि जितेको इजिप्ट अफ्रिकी नेसन्स कपमा नयाँ शक्तिका रूपमा उदाएको थियो । त्यसपछि नै चार पटक क्षेत्रीय च्याम्पियन बनेको इजिप्टले सन् १९९० देखि विश्व फुबटलमा समेत आफ्नो छाप छाडेको थियो । पछिल्लो समयमा विश्व फुटबलमा अफ्रिकाका क्यामरुन, नाइजेरिया, घाना तथा आइभोरीकोस्टले महत्त्वपूर्ण प्रभाव छाडेका छन्, इजिप्टको चर्चा कमै हुन थालेको छ । फुटबलको विश्वबजारमा पछिल्ला वर्षमा यी देशका खेलाडीकै मूल्य बढ्न थालेको छ ।

लागातर दुई पटक क्षेत्रीय च्याम्पियन बनेपछि इजिप्ट विश्व फुटबलमा नयाँ शक्तिका रूपमा उदाउन सक्ने सम्भावना बढेको छ । उपाधि रक्षा गर्ने क्रममा शारीरिक रूपले बलिया मानिएका प्रतिद्वन्द्वीलाई स्किलकै भरमा पराजित गर्ने इजिप्ट विश्व फुटबलमा आकर्षक टिमका रूपमा स्थापित हुन सक्ने देखिएको छ ।

**– मनोज घिमिरे**



# धादिङमा प्याराग्लाइडिङ

धादिङबेंसी– प्याराग्लाइडिङको नाम लिनासाथ धेरैले पोखरा, साराङकोट र त्यहाँबाट देखिने माछापुच्छ्रे हिमाल सम्झन्छन्, तर प्याराग्लाइडिङको सम्भावना नेपालमा धेरै छ । यही सम्भावनालाई यथार्थमा परिणत गरियो प्रथम धादिङ महोत्सवको अवसरमा पनि ।

पहिलो पटक धादिङबेसीको आकाशमा बिना इन्जिन हवाईजहाज जस्तै रंगीबिरंगी वस्तु सरर उड्दा धेरैको ध्यान केन्द्रित भयो । 'कसरी उडेका होलान् ? यी मानिसहरूको त मुटु पनि छैन कि क्या हो ?' स्थानीय दर्शकहरू भन्दै थिए । दुई दिनसम्म सुनौलो बजार र नीलकण्ठको आकाशमा रमिता गर्ने साधनहरू हवाईजहाज नभै प्याराग्लाइडिङ थिए । पोखराको ब्लु स्काई प्याराग्लाइडिङले महोत्सवको अवसर पारेर सुनौलो बजारको रिजालथोक डाँडा र सिद्धलेकको डाँडाबाट प्याराग्लाइडिङको परिक्षण उडान गरेको थियो ।

४५ मिनेट आकाशमा उडेर थोप्पल खोलाको बगरमा उत्रिएको ब्लु स्काई प्याराग्लाईडिङका व्यवस्थापक नारायण पराजुलीले प्याराग्लाइडिङका लागि धादिङका पहाडहरू उपयुक्त रहेको बताए । 'यी पहाड र प्राकृतिक दृश्यहरू मनोरम रहेछन् । अब यहाँ पनि पर्यटक भित्र्याउन सकिन्छ ।'

टुडिखेलमा प्याराग्लाइडिङ हेर्न सयौं दर्शक ओइरिएका थिए । आकाशमा डुलेर ओर्लिएका पाइलट संघर्ष विष्टलाई जिज्ञाशु दर्शकहरूले घेरेर प्याराग्लाइडिङका बारेमा विभिन्न जानकारीसमेत लिन भ्याए । 'यो साहसिक खेल हो । यसमा अब धादिङको पनि नाम जोडियो,' विष्टले भने– 'परीक्षण उडान सफल भएको छ । जिल्लावासीले चासो दिएमा राम्रो हुन्छ ।' तीन जना विदेशीले समेत यहाँको आकाशमा उडेर साहसिक मनोरञ्जन लिएका थिए ।

**–नवदीप अजनवी**

युवा विश्वकप क्रिकेट

# नेपालको लक्ष्य अन्तिम आठ



१९ वर्षमुनिको युवा विश्वकप क्रिकेट प्रतियोगितामा नेपालले लगातार पाचौंपल्ट प्रतिस्पर्धा गर्दैछ। पर्सि फेब्रुअरी १७ देखि मार्च २ तारिखसम्म पेनाङमा सञ्चालन हुने युवा विश्वकपको अन्तिम आठमा पुग्ने उच्च मनोबलसहित नेपाली टिम मलेसिया पुगेको छ।

सिनियर टिमको प्रदर्शनको तुलनामा अन्तर्राष्ट्रिय क्रिकेटमा नेपालको उमेर समूहको टिमले प्रभावशाली प्रदर्शन गर्दै आएको छ। यसपालिको १९ वर्षमुनिको युवाटिमले कम्तीमा अन्तिम आठसम्मको यात्रा गर्ने नेपाल क्रिकेट संघ (क्यान)का उपाध्यक्ष उपेन्द्र भट्टराई बताउँछन्। उपाध्यक्ष उपेन्द्र भन्छन्- 'यो टिममा निकै खारिएका अनुभवी युवा खेलाडीहरू छन्। विगतका युवा विश्वकपको तुलनामा यसपालिको तयारी पनि राम्रो छ।' डेढ महिनाअघिदेखि नै खेलाडीहरूलाई बन्द प्रशिक्षणमा राखिएको थियो।

युवा विश्वकपकै तयारीका क्रममा नेपालले हालै बंगलादेशमा त्यहाँको १९ वर्षमुनिको राष्ट्रिय टिमसँग तीनवटा अभ्यास म्याच पनि खेल्यो। युवा विश्वकप खेल्ने तयारीमा रहेको बंगलादेशी टिमविरुद्ध नेपाली खेलाडीहरूको प्रदर्शन सन्तोषजनक रहेको सहायक प्रशिक्षक जगत टमाटाले बताए। टमाटा भन्छन्- 'हार बेहोरे पनि प्रत्येक म्याचमा बंगलादेशी टिमलाई संघर्ष गर्न बाध्य पारेको थियो।' पहिलो म्याच १ सय ११ रन तथा तेस्रो म्याच ३ विकेटले आफ्नो पक्षमा पार्दै बंगलादेशी युवा टिमले ३ म्याचको श्रृंखला जितेको थियो। दोस्रो म्याच वर्षाले सम्भव भएन। नेपालको परम्परागत कमजोरी ब्याटिङ सुध्रिएको संकेत गर्दै पहिलो खेलमा पूरै ५० ओभर टिक्दै ८ विकेटको क्षतिमा १ सय ९१ रनको योगफल बनाए पनि युवा टिम अन्तिम म्याचमा ३८ ओभर १ बलमै मात्र १ सय ९ रनमा समेटिएको थियो। अभ्यासमा निकै राम्रो प्रदर्शन गरिरहेकाले युवा टिम अन्तिम आठसम्म पुग्नेमा टमाटा ढुक्क छन्।

दुई वर्षअघि श्रीलंकामा सम्पन्न युवा विश्वकपमा नेपालले नवौं स्थान हासिल गरेको थियो। दक्षिण अफ्रिका र न्युजिल्यान्डजस्ता बलिया टिमलाई पराजित गर्दै नेपाल प्लेट च्याम्पियन बनेको थियो। उक्त टिमका आधा दर्जन खेलाडी यसपालिको टिममा रहेकाले अन्तिम आठमा पुग्नेमा कप्तान पारस खड्का ढुक्क छन्। कप्तान खड्कासहित ज्ञानेन्द्र मल्ल, अमृत भट्टराई, अभय राणा, राज श्रेष्ठ र महेश छेत्रीले नेपाललाई प्लेट च्याम्पियन बनाउन महत्त्वपूर्ण योगदान गरेका थिए। नयाँ खेलाडीहरू पनि प्रतिभावान् रहेको उल्लेख गर्दै कप्तान पारस भन्छन्-'गेम हो, भन्न सकिँदैन। विश्वकपका सबै टिम बलिया हुन्छन्। खेलाडीहरूले आ-आफ्नो क्षमताअनुसार प्रदर्शन गरे हामी कम्तीमा अन्तिम आठमा पुग्नेछौं।' केन्यालाई पराजित गर्दै नेपाली युवा टिमले सन् १९९९ मा पहिलो सहभागितामै विश्वकपमा अन्तिम आठको यात्रा तय गरेको थियो।

गत वर्ष मलेसियामा सम्पन्न एसीसी यू-१९ च्याम्पियनसिप चौथोपल्ट आफ्नो पोल्टामा पार्दै नेपाल लगातार पाचौंपल्ट युवा विश्वकपमा छनौट भएको हो। यसपालि नवौं वरियता पाएको नेपालले समूह चरणमा अस्ट्रेलिया, श्रीलंका तथा नामिबियासँग प्रतिस्पर्धा गर्नेछ। पहिलो खेलमा नेपालले फेब्रुअरी ८ मा श्रीलंकाको सामना गर्नेछ। फेब्रुअरी १९ मा अस्ट्रेलियासँग तथा फेब्रुअरी २१ मा अफ्रिकाबाट छनौट भएको नामिबियासँग खेल्नेछ। छनौट चरण पार गरेका ५, आयोजक मलेसिया र टेस्ट खेल्ने १० राष्ट्र गरी विश्वकपमा कुल १६ देश सहभागी छन्। समूहमा शीर्ष दुई स्थानमा रहने टिम अन्तिम आठमा प्रवेश गर्नेछन्। पुच्छरका दुई टिमले प्लेट च्याम्पियनशीप खेल्नेछन्। विश्व क्रिकेटमै बलिया मानिएका पाकिस्तान, दक्षिण अफ्रिका, न्युजिल्यान्ड, बंगलादेश र केन्यालाई विगतका चारवटा युवा विश्वकपमा नेपालले पराजित गरिसकेको छ। त्यसैले बलिया टिम पनि नेपाललाई सहज प्रतिद्वन्द्वी मान्दैनन्।

१५ सदस्यीय टिमका विकेटकिपरद्वय महेश र सुवास प्रधान ब्याटिङमा पनि बलिया छन्। महेश, सुवास, अनिल, ज्ञानेन्द्र, अन्तिम, आकाश ब्याटिङमा जम्न सक्छन्। राज, अमृत, चन्द्र, राहुल र अभयले बलिङ जादु देखाउन सक्छन्। अलराउनडरहरू पारस, सागर र रोम पेनाङमा चम्किए अन्तिम आठमा प्रवेश गर्नबाट नेपाललाई रोक्न सक्नेछैन। नेपालको सबैभन्दा बलियो पक्ष धारिलो बलिङ र कसिलो फिल्डिङ नै हो। सहायक प्रशिक्षक जगत भन्छन्- 'ब्याटिङ पनि सुध्रिएको छ।'

**नेपाली अम्पायर**

युवा विश्वकप क्रिकेटमा नेपाली युवा टिम मात्रै होइन, नेपाली अम्पायर पनि सहभागी छन्। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसीसी)को एसोसिएटेड एन्ड एफिलिएटेड प्यानलका एक मात्र नेपाली अम्पायर बुद्धिबहादुर प्रधान दोस्रोपल्ट युवा विश्वकप खेलाउने तयारीमा छन्। टेस्ट नखेल्ने मुलुकका ६ जनासहित युवा विश्वकप कुल १८ जना अम्पायरले खेलाउनेछन्। विराटनगरका ३४ वर्षीय प्रधानले दुई वर्षअघिको युवा विश्वकपमा पनि लिग चरणका ६ वटा म्याचमा अम्पायरिङ गरिसकेका छन्। उनले १२ वटा एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट म्याच पनि खेलाइसकेका छन्। जावगल श्रीनाथ, माइक प्रोक्टर तथा क्रिस ब्रोर्ड विश्वकपमा म्याच रेफ्री हुनेछन्।

**नेपाली युवा टिम** : पारस खड्का, महेश छेत्री, ज्ञानेन्द्र मल्ल, राज श्रेष्ठ, अमृत भट्टराई, अभय राणा, अन्तिम थापा, चन्द्र साउद, अनिल मण्डल, आकाश गुप्ता, सागर खड्का, रोम श्रेष्ठ, राहुल कुमार विक, पुष्प थापा, सुवास प्रधान।

**राजु घिसिङ**

### युवा विश्वकपमा नेपाल

| वर्ष | स्थान | पराजित गरेको बलियो टिम |
|---|---|---|
| सन् १९९९ | सुपर लिग | केन्या |
| सन् २००२ | प्लेट उपविजेता | पाकिस्तान/बंगलादेश |
| सन् २००४ | लिग चरण | दक्षिण अफ्रिका |
| सन् २००६ | प्लेट च्याम्पियन | दक्षिण अफ्रिका/न्युजिल्यान्ड |

## ५ प्रश्न





विद्यालयस्तरमा लोकप्रिय ज्ञान निकेतन बास्केटबल प्रतियोगिताको उपाधि यसपटक विल्सन एकेडेमीले हात पारेको छ। सातौं संस्करणको यो प्रतियोगिताको ब्वाइजतर्फको फाइनलमा विल्सनले भ्याली पब्लिकलाई ४४-३१ को स्कोरले पराजित गर्‍यो। यसैगरी गर्ल्स तर्फ टेरेसा स्कुलले सूर्योदय स्कुललाई २७-१९ को स्कोरले पराजित गर्‍यो। विल्सन स्कुलका नवराज ढकालको सर्वाधिक १९ स्कोरको सहयोगमा विल्सनले उपाधि मात्र चुमेन, फाइनलाई एकपक्षीय बनायो, जसका कारण ढकाल प्रतियोगिताको बेस्ट प्लेयर घोषित भए। गर्ल्स तर्फ टेरेसाले पहिलो क्वाटरमा चुनौती दिन नसके पनि पछिल्ला क्वाटरमा राम्रो प्रदर्शन गर्दै उपाधि आफ्नो पक्षमा पारेको थियो। प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडी घोषित ढकाल कक्षा ९ का छात्र हुन्।

**कति अग्ला छौ ?**

५ फिट साढे ८ इन्च। बास्केटबल खेल्न हाइट चाहिन्छ नै।

**हाइट देखेर गर्ल्सहरू के भन्छन् ?**

म्याच खेल्दा चियर अप गर्छन्। म क्लासका गर्ल्सहरूसँग मात्र बोल्छु अरूसँग बोल्न लाज लाग्छ।

**बास्केटबल खेल्न थालेको चाहिं कति भयो ?**

९ वर्ष भयो। २ कक्षादेखि खेल्न थालेको।

**खालि बास्केटबल मात्र खेल्छौ कि अरू पनि ?**

पहिला क्रिकेट र टेबल टेनिस पनि खेल्थे, तर अहिले जस्ट फर फनका लागि मात्र।

**टिनएजर लाइफ कस्तो छ नि ?**

सबैसँग बोल्न लाज लाग्छ। बोल्न आए बोल्ने मात्र हुँ। इङ्लिस म्युजिकमा सेन्टिमेन्टल र नेपालीमा पप गीत सुन्छु। ह्यारी पोर्टरको बुक पढ्छु भने कम्प्युटरमा पनि बास्केटबल खेल्छु।

# नेपाल भित्रियो कोर्फ बल



करिब एक सय वर्षअघि विकास भएको कोर्फ बल खेल नेपाल भित्रिएको छ। महिला र पुरुष दुवै सहभागी भएर टिम निर्माण हुने यो खेल अहिले नेपालमा विद्यालयस्तरमा खेलाइन थालेको छ। बेल्जियम र हल्यान्डमा विशेष लोकप्रिय यो खेल अन्य युरोपियन देशमा पनि लोकप्रिय छ। हाल यो खेल विश्वका करिब ५० मुलुकमा खेलिन्छ। नेपालमा कोर्फ बल नेपाल संस्थाको स्थापना गरेर यो खेललाई अहिले व्यावसायिक रूप दिने प्रयासको थालनी भएको छ।

केही साताअघि काठमाडौंका केही विद्यालयमा यो खेलको प्रशिक्षण गराएर यसको प्रतियोगितासमेत गरिएको थियो। प्रदर्शनका रूपमा आयोजित खेलले विद्यालयस्तरमा उत्सुकता जगाएपछि अहिले यो खेललाई काठमाडौंका विभिन्न विद्यालयमा प्रशिक्षण दिन थालिएको छ। यो खेललाई नेपालमा अस्तित्वमा ल्याउन भारतबाट समेत प्रशिक्षक आएका छन्।

बास्केटबलको जस्तो कोर्टमा खेलिने यो खेलमा स्कोर गर्न बास्केटबलको जस्तो खम्बामा भएको बास्केटमा बल छिराउनुपर्छ, तर यसमा बास्केटबलको जस्तो बोर्डमा बल ठोक्काएर स्कोरिङ गर्ने सुविधा भने हुँदैन। बास्केटबलजस्तो देखिए पनि यसको नियमले यो खेललाई भिन्न पहिचान दिएको छ। बास्केटबलमा बललाई जति पटक ड्रिभलिङ गरेर पनि लान सकिन्छ, तर यसमा बललाई ड्रिभलिङ गर्न पाइँदैन। खेलाडीले बल लिएर दौडन पाउँछ तर दुई पाइला सारेलगत्तै बल आफ्नो साथीलाई दिनुपर्छ।

कोर्फ बलमा एउटा टिममा ८ जना खेलाडी रहने व्यवस्था हुन्छ। जसमा ४ पुरुष र ४ महिला खेलाडी हुन्छन्। विश्वमा देखा परेका महिला तथा पुरुष एकै टिममा सहभागी हुने धेरै थोरै खेलमध्ये यो पनि पर्छ। एकै खेलमा दुईलिङ्गी बीच प्रतिस्पर्धा हुने हुँदा यो खेल तीव्र रूपमा लोकप्रिय हुँदै गएको हो।

यो खेलको इन्डोर कोर्ट १ सय ३२ फिट गुणा ६६ फिट तथा आउट डोर कोर्ट १ सय ९७ फिट गुणा ९८ फिटको हुन्छ। प्रत्येक खेलको मध्यान्तर ३० मिनेटको अन्तरमा हुन्छ। प्रतियोगिताको बीचमा खेलाडीहरूको अनुरोधमा खेललाई केही बेर रोक्न सकिने व्यवस्था पनि हुन्छ। यो खेलमा कुनै पनि टिमले दुई गोल गरेपछि पोस्ट परिवर्तन गरिन्छ।

## मैदानबाहिर



### बेकह्यामको विश्वास

कुनै पनि मानिसले कसैप्रति कतिसम्म विश्वास गर्छ भन्ने कुराको अनुमान गर्न गाह्रै पर्छ, तर बेलायती फुटबल टिमका पूर्वकप्तान डेभिड बेकह्यामले आफ्ना निकटतमहरूलाई कतिसम्म विश्वास गर्छन् भन्ने कुरा सुन्नेहरूसमेत छक्क परेका छन्। बेलायतको राष्ट्रिय टिमबाट संन्यास लिएर अमेरिकाको एलए ग्यालेक्सी क्लबबाट व्यावसायिक फुटबल खेलिरहेका बेकह्याम अहिले अमेरिकामै बसोबास गर्छन्। हालै फुटबल राइटर एसोसिएसनले उनले फुटबलको क्षेत्रमा गरेको योगदानको कदर गर्दै अद्वितीय प्रतिभा भएको खेलाडीका रूपमा सम्मानित गरेको थियो। उक्त सम्मान समारोहमा बेकह्यामले भने- मैले आफ्नो जीवनमा थोरै व्यक्ति मात्र विश्वासिलो पाएँ, जसमा म्यानचेस्टर युनाइटेडका खेलाडी गेरी नेभिलि, फुटबल एजेन्ट डेभ गार्डनर तथा पर्सनल म्यानेजर टेरी ब्रायन छन्। मलाई उनीहरूप्रति यति विश्वास छ कि म मेरी श्रीमतीलाई उनीहरूका अगाडि निर्वस्त्र छोड्नसमेत तयार छु। पुरस्कार वितरण समारोहमा बेकह्यामबाट अकस्मात् आएको यो भनाइले समारोहमा बसेका भिक्टोरियाका बाबुको मुख रातो भएको थियो तर दर्शकले के सोचे भने कतै भिक्टोरियाले डेभिड बेकह्यामलाई अन्य युवतीका अगाडि निर्वस्त्र त छोड्दिनन्।



# पोखरा झुम्यो संगीतमा

पोखरा– स्टाइलिस्ट पहिरनमा गायिका कोमल वली मञ्चमा प्रकट हुँदा दर्शकले ताली बजाए। उनी गीत गाउनकै लागि नभएर उद्घोषणका लागि कार्यक्रममा प्रकट भएकी थिइन्। ठट्यौली पारामा प्रस्तुत भएकी वलीको उद्घोषण शैलीले दर्शकलाई उतिकै हँसाइरहेको थियो। राष्ट्रिय स्तरका चर्चित गायक–गायिकाहरूसँगै उनी पोखरा आइपुगेकी हुन्। गीत गाउनु त छँदै थियो, उद्घोषण गर्ने जिम्मेवारी पनि उनकै भागमा पर्‍यो। बाढीले खानेपानीको मुहान र पाइप भत्काएपछि पीपलडाली सराङकोट समाजले मर्मत खर्च जुटाउन आयोजना गरेको कार्यक्रममा चर्चित गायक दीप श्रेष्ठ, यम बराल, हेमन्त शर्मा, प्राश्ना शाक्य, जुना प्रसाईंको अभूतपूर्व जमघट देखिन्यो।

कार्यक्रमको सुरुमा सभागृहमा खचाखच दर्शकबीच गीत गाउन आइपुगे गायक हेमन्त शर्मा। दर्शकलाई थप मनोरञ्जन दिन हवनकली सोमा गायक हेमन्त शर्मालाई सुष्मा पौडेलले ठट्यौली प्रश्न सोधेर मनोरञ्जन प्रदान गरेकी थिइन्।

उता लामो समयपछि पोखराको स्टेजमा गीत गाउन आएका चर्चित गायक यम बराल पनि पोखरेली दर्शकको रोजाइ बने। कार्यक्रममा सम्मान ग्रहण गरेपछि सदावहार गायक दीप श्रेष्ठले आफ्ना कालजयी गीतहरू गाएर दर्शकलाई युवा अवस्थाको झझल्को दिए। संगीत तथा गायनमा अतुलनीय योगदान दिएको भन्दै गायक श्रेष्ठलाई पोखरामा भव्य सम्मान गरिएको थियो। उनीसँग तस्विर खिचाउन तन्नेरीदेखि पाका दर्शकको होड देखिन्यो।

कार्यक्रममा प्राश्ना शाक्य र जुना प्रसाईं पनि दर्शक नचाउन माहिर देखिए। कार्यक्रमको अन्त्यमा गायिका कोमल वली मच्चिइन्। उनले पोइल जान पाम जस्ता गीतहरूले उत्पातै मच्चाइन्। एक वयस्कले त कोमल वलीकै बारेमा कविता लेखेर स्टेजमै पुगेर उनैलाई सुनाए। उनको रमाइलो कविताले गायिका वली र दर्शकहरूलाई हँसाएको थियो।

**–शिव शर्मा**



# प्रकृतिका लागि अन्तिम चान्स

मुम्बई– स्टार प्लसमा सञ्चालन भैरहेको प्रतिस्पर्धात्मक कार्यक्रम अमूल स्टार भ्वाइस अफ इन्डिया (छोटे उस्ताज) की प्रतिस्पर्धी प्रकृति गिरी लगातार सफलताको शिखर चढेर उत्कृष्ट पाँचमा पुगी कम मतका आधार मा बाहिरिएकी छिन्। गत शुक्रबार राती भएको प्रसारणबाट उनी आउट भएकी हुन्। जजहरूको मूल्याङ्कन र कम भोटका कारण उनी बाहिरनुपरेको हो। जसरी नेपालीहरूले एक भएर प्रशान्तलाई जिताएका थिए र विश्वसामु नेपालीको एकतालाई देखाएका थिए, त्यसरी नै प्रकृतिले पनि छोटे उस्तादको ताज जित्नेछिन् भन्ने कुरामा धेरैलाई विश्वास र भरोसा थियो। लगातार दुई सातासम्म सबैभन्दा धेरै मत ल्याएर जितेकी प्रकृतिलाई किन कम मत खस्यो, सोचनीय विषय बनेको छ। प्रकृतिलाई जिताउन अझै एउटा प्रक्रिया भने बाँकी नै छ जसबाट प्रकृतिलाई पुनः जिताउन सकिन्छ। हालसम्म आउट भएका आठ जना प्रतियोगी गायक–गायिकाहरूमध्येबाट सबैभन्दा बढी मत ल्याउने एकजना प्रतिस्पर्धीलाई पुनः प्रतिस्पर्धामा सामेल गराएर उत्कृष्ट ६ मा ल्याइनेछ। त्यसका लागि गत शनिबार पुनः सबै आठ जनालाई गीत गाउन लगाइएको छ। यदि ती आठ जनाबाट प्रकृतिलाई नै धेरै मत प्राप्त भए उनी पुनः छोटे उस्ताजको प्रतिस्पर्धामा सहभागी हुन सक्नेछिन्।

**–वीरेन्द्र पौडेल**

# फेरि जमे प्रशान्त, तीते र जीरे

हङकङ, आइतबारका दिन हङकङ सहरको मौसम १० डिग्री सेल्सियसभन्दा तल झरेर निकै चिसिएको भए पनि चुनवान टाउन हल भने मज्जाले तात्तिएको थियो। 'चाइनिज न्यू इयर' को लामो बिदा र भ्यालेन्टाइन डेको पूर्वसन्ध्या पारेर लालीगुराँस एसोसिएसन हङकङद्वारा आयोजित कार्यक्रममा दर्शकहरूको खचाखच उपस्थिति देखेर छैटौं पटक हङकङ आएका कलाकार दीपकराज गिरी दंग देखिन्थे।

मिश्रित कलाकारहरूको सहभागिता रहेको उक्त कार्यक्रममा गायन, नृत्य र हास्य विधामा पर्याप्त चर्चा पाएका कलाकारहरू इन्डियन आइडल प्रशान्त तामाङ, सविन राई, 'तीतो सत्य' का चर्चित जोडी दीपकराज गिरी, दीपाश्री, 'जीरे खुर्सानी' का जितु नेपाल 'मुन्द्रे' साथै सोनी टेलिभिजनद्वारा आयोजित रियालिटी सो 'झलक दिखालाजा' का मनिसा र कोरियोग्राफर दीपक सिंहको आकर्षक वेस्टर्न नृत्यमा दर्शकहरू झुमिरहे, कार्यक्रमको पूरा तीन घन्टाको अवधिमा दर्शकहरू कहिले सँगै गाएको, कहिले नाचेको त कहिले पेट मिचीमिची हाँसेको दृश्य निकै रमाइलो थियो।

कार्यक्रम प्रस्तुत गर्न कोरियाबाट सीधै हङकङ आइपुगेका प्रशान्त तामाङको आकर्षण यसपटक पनि पहिलेको जस्तै देखियो। कार्यक्रममा स्थानीय 'इस्ट लाइफ ब्यान्डले' ब्याकप ब्यान्डका रूपमा कलाकारहरूलाई सघाएको थियो भने सविना श्रेष्ठ र युत्ता लिम्बूले नृत्य प्रस्तुत गरेका थिए।

**निर्मल श्रेष्ठ**



**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ८०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।